# लेखापरीक्षण प्रतिवेदन

# पालुङटार नगरपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पालुङ्टार नगरपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/440

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
पालुङटार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गोरखा।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षाको रु.२६,२६,७८,५९२।-, गरिबसँग विशेश्वर कार्यक्रमको रु.४,१५,०००।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५७,६५,०००।-, उर्जा जलस्रोत खा.पा. को रु.१,५०,०००।-, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.२,००,०००।-, र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.९,००,०००।- गरी जम्मा रु.२७,०१,०८,५९२।- लाई समावेश गरेको छैन।

२. यस नगरपालिकाको रु. २ अर्ब ८ करोड २४ लाख १ हजारको लेखापरीक्षण गरिएकोमा रु.५ करोड ९७ लाख ६६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ६२ लाख १३ हजारको प्रतिक्रिया उपर कारबाही भई कायम भएको बाँकी बेरुजु रु. ५ करोड ३५ लाख ५३ हजारमध्ये असुल गर्नुपर्ने रु.७७ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. २ करोड ९७ लाख १५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५९ लाख ५२ हजार र पेस्की बाँकी रु. १ लाख रहेको छ। गत वर्षसम्म रु. १० करोड ४७ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ८२ लाख ५६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ३१९ | ५९७६५६१२ | ० | ९२ | ६२१२९१३ | ० | ७२ | २२७ | ५३५५२६९९ | ७७८४३५३ | १५९५२४४३ | २९७१५९०२ | ० | ० | ४५६६८३४५ | १००००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | १०४७०४००० | ० | ० | १०४७०४००० | ० | ५३५५२६९९ | १५८२५६६९९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको छोटकरी बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १२१.२ | सामाजिक सुरक्षातर्फ | १६६६८०.० |
| २ | २०८०/८१ | १०७ | सहजकर्ता भत्ता | १०४८२५.० |
| ३ | २०८०/८१ | १०१ | शिक्षक पारिश्रमिक कर | ७०६७९.० |
| ४ | २०८०/८१ | ८० | वडाको अनुगमन भत्ता | १०२००.० |
| ५ | २०८०/८१ | ७९ | बैठक भत्ता वढी भुक्तानी | ६७१५०.० |
| ६ | २०८०/८१ | ७७ | प्रशिक्षण भत्ता | १७००.० |
| ७ | २०८०/८१ | ७६ | पालिकास्तरिय अनुगमन भत्ता | ५४६१२.० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ११३ | पारिश्रमिक आय कर | ११६४११.४८ |
| ९ | २०८०/८१ | ३३ | नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन | १२६१०४.० |
| १० | २०८०/८१ | ३४ | ढुंगाको शुल्क,कर र दस्तुर असुल | ५१५५२३७.० |
| ११ | २०८०/८१ | ९४ | जिन्सी दाखिला नभएको | २०००००.० |
| १२ | २०८०/८१ | ७५ | चाडपर्व खर्चमा बढी भुक्तानी | २८९८५.० |
| १३ | २०८०/८१ | १११ | अतिरिक्त समय भत्ता | ११०३३०.० |

# (८०४३६४०२३०० - पालुङ्टार नगरपालिका, गोरखा )

## परिचय

१

**(क)** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल १५८.६२ वर्ग किलोमिटर तथा ३७४०९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्वेश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।२८ देखि २०८१।९।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ जम्मा रु.२,०८,२४,०१,४०४।४६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,९७,३३०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |
| १ | विद्यालयलाई बढी निकासा असुली | १९७३३० |

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिककारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्थानिम्नानुसार रहेको छः

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| विबरण | रकम | विबरण | रकम |
| **गत वर्षको जिम्मेवारी बाकी** | | **नगरपालिका चालु** | १४७९७७१२४ |
| **संचितकोष** | १७९२४४७१२ | **नगरपालिका पूंजिगत** | २७७०७०७७४ |
| **धरौटी** | १६१९०७०३ | **जम्मा** | ४२५०४७८९८ |
| **विविध खर्च खाता** | ९६१७५९९ | **संघीय सरकारबाट प्राप्त अनुदान** | |
| **बिबिध कोष खाता** | १७९९६७०० | सशर्त अनुदान चालु | ३०८१७७४३० |
| **जम्मा** | २२३०४९७१४ | सशर्त अनुदान पूंजीगत | २०४४९०११ |
| **राजस्व –आन्तरिक आय_** | | समपुरक अनुदान | ६४७५०६९ |
| आन्तरिक राजस्व | ३११३३१७३ | विशेष अनुदान | १५५५२४६३ |
| राजस्व वाडफाड मालपोत समेत | १४८३३२८९ | जम्मा | ३५०६५३९७३ |
| जम्मा | ४५९६६४६२ | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | |
| बाँडफाँडबाट प्राप्त राजश्व -संघ_ | ९८९०७५७२ | विशेष अनुदान | १९५०००० |
| बाँडफाँडबाट प्राप्त राजश्व-प्रदेश_ | ९७९५४७७ | जम्मा | १९५०००० |
| जम्मा | १०८७०३०४९ | अन्तरसरकारी अख्तियारी संघ | |
| **संघीय सरकारबाट प्राप्त अनुदान** | | सामाजिक सुरक्षा | २५७४३८४१३ |
| वित्तीय समानिकरण अनुदान | १५७०७७००० | गरिवसंग बिश्वेश्वर कार्यक्रम | ३९३७५२ |
| सशर्त अनुदान चालु | ३०८९५११७८ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४७००००० |
| सशर्त अनुदान पूंजीगत | १९६७५२६३ | उर्जा जलस्रोत खा.पा | १४५१०० |
| समपुरक अनुदान | ६४७५०६९ | पर्यटन पूर्वाधार बिकास कार्यक्रम | ८७११२४ |
| विशेष अनुदान | १५५५२४३६ | जम्मा | २६३५४८३८९ |
| जम्मा | ५०७७३०९४६ | **धरौटी** | ३६७७३९९ |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | जम्मा | ३६७७३९९ |
| वित्तीय समानिकरण अनुदान | १९०१०२५० | विविध खर्च खाता | |
| समपुरक अनुदान | ४००६७१९ | न.पा शिक्षा पुजीगत | ४९३१६५० |
| विशेषअनुदान | १९५०००० | न.पा आयुर्वेदपुजीगत | ५०००० |
| जम्मा | २४९६६९६९ | कृषि/पशुपंक्षीपुजीगत | ३९२३०० |
| विविध खर्च खाता | ६५९२३८१ | जम्मा | ५३७३९५० |
| सडकबोर्ड | ६२००७७१ | न.पा शिक्षाचालु | २०३६४८७८ |
| धरौटी | ७१८०९१७ | न.पा आयुर्वेदचालु | ९४८११० |
| जम्मा | १९९७४०६९ | स्वास्थ्य चालु | १८६१९५४५ |
| अन्तरसरकारी अख्तियारी संघ | | कृषि/पशुपंक्षी चालु | ११५०७६८९ |
| सामाजि कसुरक्षा | २६२६७८५९२ | जम्मा | ५१४४०२२२ |
| गरिवसंग बिश्वेश्वर कार्यक्रम | ४१५००० | मौज्दात बाकी | |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५७६५००० | संचित कोष | ५०१९९९५१ |

| | | | |
|---|---|---|---|
| उर्जा जलस्रोत खा.पा | १५०००० | धरौटी | १९६९४२२१ |
| राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० | बिबिध कोष खाता | २३००२६६० |
| पर्यटन पूर्वाधार बिकास कार्यक्रम | ९००००० | बिबिध खर्च खाता | ९१७०६२३ |
| जम्मा | २७०१०८५९२ | जम्मा | १०२०६७४५६ |
| फरक | ३२५९४८६ | | |
| कुल जम्मा | १२०३७५९२८७ | कुल जम्मा | १२०३७५९२८७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले संचित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले साविकको उक्त कारोवार समेत देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।
- कार्यालयले आ.व. २०८०।८१ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानीय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाई विश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन । यस स्थानीय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले पेश गरेको वित्तीय विवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरित सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम समेत संघीय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गर्नु पर्दछ ।
- एकीकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शीर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले समिति गठन गरेको जनाएको छ । समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४ **आय व्यय फरक**

कार्यालयको कुल आम्दानी (मौज्दात अ.ल्या. समेत) र कुल खर्च (बैंक मौज्दात बांकी समेत) बराबर हुनुपर्दछ । कार्यालयले यो आर्थिक वर्षमा कुल आयतर्फ रू. १,२०,०४,९९,८०१।०९ र व्ययतर्फ रू. १,२०,३७,५९,२८७। आम्दानी र खर्च भएको एकीकृत आय-व्यय विवरण पेश गरेको छ । आय-व्यय विवरणमा आयभन्दा व्यय/बैंक मौज्दात बढी रू. ३२,५९,४८५।९१ भइ फरक परेको सम्बन्धमा बैंक हिसाव मिलान बिबरण तयार गर्नुपर्दछ ।

५ **जिम्मेवारी फरक पारी अ. ल्या. गरेको**

कार्यालयले योवर्ष देहायका खातामा कायम गरेको शुरु मौज्दात रकम बैंक स्टेटमेण्टमा रहेको मौज्दात रकमसंग निम्नानुसार रू.९३,३५,३८५।- फरक परेको देखिएकोले सो सम्वन्धमा यथार्थता यकिन गरी बैंक हिसाव मिलान बिबरण तयार गर्नपर्दछ ।

| सि नं | बिबरण | बैंक स्टेटमेण्टमा रहेको मौज्दात | योवर्ष जिम्मेवारी सारेको मौज्दात | फरक रकम |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | १८८०८४३९७।९३ | १७९२४४७११।९५ | ८८३९६८५।९८ |
| २ | विविध खर्च | १०११३२९८।९० | ९६१७५९८।९९ | ४९५६९९।९१ |
| | जम्मा | | | ९३३५३८५ |

६ **बर्षको अन्त्यमा मौज्दात फरक**

कार्यालयले योवर्ष देहायका खातामा कायम गरेको अन्तिम मौज्दात रकम बैंक स्टेटमेण्ट अनुसार देहाय बमोजिम फरक परेको सम्वन्धमा बैंक हिसाव मिलान बिबरण तयार गरी यथार्थता यकिन गर्नुपर्ने रु.

| सि नं | बिबरण | बैंक स्टेटमेण्टमा रहेको मौज्दात | योवर्ष जिम्मेवारी सारेको मौज्दात | फरक रकम |
|---|---|---|---|---|
| १ | राजस्व वाडफाड खाता | ६०९६६८ | ० | ६०९६६८ |
| २ | विविध खर्च | ९१५३१७३।६९ | ९१७०६२३।३१ | १७४४९।६२ |
| | जम्मा | ९७६२८४१।६९ | ९१७०६२३।३१ | ६२७११७।६२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२७,११८ |

७ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय

अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.९६ करोड ७७ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९६३००००००.०० | ८०५३८१२६.७९ | ९.६५ |
| २ | पूर्वाधार विकास | २४६६६६०००.०० | २०४३६८५०५.०० | २४.४९ |
| ३ | सामाजिक विकास | ४६०५१२०००.०० | ४०४५८६०४६.०० | ४८.४८ |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १३१५१०००.०० | १०६४३३२९.०० | १.२८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५१०९०३९७.९३ | १३४३३०००९.०४ | १६.१० |
| | जम्मा | ९६७७१९३९७.९३ | ८३४४६६०१५.८३ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.४८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी १.२८ प्रतिशत रहेको छ ।

## ९ खर्च विश्लेषण

यस पालिकाले अघिल्लो आ.व.२०७९।०८० बाट प्राप्त अ.ल्या मौज्दात रु.२२,३०,४९,७१३।९४ यस बर्ष कुल आन्तरिक आय रू.४,५९,६६,४६२।०८ र राजस्व बाँडफाँडबाट रु.१०,८७,०३,०४९।४० तथा अनुदानबाट रु.५३,२६,९७,९१५।- समेत रु.९१,०४,१७,१४०।४० आम्दानी भएकोमा चालु तर्फ रु.५०,७५,९४,७७५।८३ र पुँजीगत तर्फ रु.३२,६८,७१,२४०।- समेत रु.८३,४४,६६,०१५।८३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.५१ प्रतिशत रहेको छ । पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ ।

## १० त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमामसिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना खर्च |
| पुँजीगत खर्च | ३२६८७१२४० | ५०२४१८८१ | ५०३२०१२८ | ८७०३२७३४ | १३९२७६४९७ | ६६६९४६१४ |
| खर्च प्रतिशत | १००.०० | १५.३७ | १५.३९ | २६.६३ | ४२.६१ | २०.४० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.३२,६८,७१,२४०।- खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.५,०२,४१,८८१।- (१५.३७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५,०३,२०,१२८।- (१५.३९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.८,७०,३२,८३४।- (२६.६३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१३,९२,७६,४९७।- (४२.६१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र

रु.६,६६,९४,६१४।- (२०.४० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्चगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,
- दिगो विकास योजना २०१५-३० लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

**खरिद व्यवस्थापनतर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीको पालना भएको पाईएन।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,
- पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन,
- पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वयन नभएको ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

**विविधतर्फ**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- निजामती सेवा ऐन, २०४९ अनुसार कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,
- मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,
- कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,
- विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,
- राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन । केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,
- पालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१३ **योजना तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ४२ | २०००००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ३०१ | ६६३२०००० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ७५ | ५५०००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ३४ | ५२०००००० |
| ५ | ५० लाख भन्दा माथिका योजना | १० | ४८०००००० |
| | जम्मा | ४६२ | २२३३२०००० |

१४ **कल्याण कोष**

१४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने

व्यवस्था छ । यस पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा गतबिगतको बाँकी मौज्दात रु. १,५६,००,०००।- र यो वर्ष कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गरी रू.१५,००,०००।– जम्मा गरेको छ । यो वर्ष खर्च नगरी बर्षको अन्त्यमा रु १,७१,००,०००।- बाँकी मौज्दात रहेको जनाएको छ । स्थानीय तह विविध कोष खाता अन्तर्गत उक्त खाता रहेको र उक्त कोष विविध कोषमा जम्मा २,३०,०२,६६०।- रहेको छ ।

१४.२ त्यसैगरी कार्यालयमा रहेका कोषहरुको अवस्था निम्नानुसार रहेको छ । यस्ता कोषहरुबाट हुने कारोवारको सम्वन्धमा पालिकाले उचित कार्यबिधीहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गर्न ध्यान दिनु पर्दछ ।

| सि नं | कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | योवर्ष थप | योवर्षको खर्च | बाकी मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | स्थानिय तह विविध कोष खाता | संघिय सरकार | १७९९६७०० | ५००५९६० | ० | २३००२६६० |

## १५ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष अन्य सार्वजनिक निर्माण शिर्षक उल्लेख गरी रु.१ करोड १५ लाख तथा वडाहरुले मर्मत संभार/विविध खर्च शिर्षक उल्लेख गरि रु.५२ लाख ५० हजार अवण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट चालुतर्फ रु.६१,५०,०००।– लाख र पुँजीगततर्फ सभाको निर्णयबाट रु.२२,५०,०००।– खर्च भएको छ । बजेट अबण्डामा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

## १६ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न ३५ जना व्यक्ति एवं संघ संस्थालाई पालिकामा नगर प्रमुख र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.९,८२,२२२।- आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ। सहायताग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गरी यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

| मिति | भौ. नं. | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | प्रयोजन | सहायता रकम |
|---|---|---|---|---|
| ०६/१४/२०८० | ३ | विभिन्न व्यक्तिहरुलाई विरामी खर्च वापतको रकम भुक्तानी दिदाको लेखा। - | स्वास्थ्य उपचारकोलागी | ४५,०००.०० |
| ०६/१५/२०८० | ५ | गरिव सँग विरामी कार्यक्रमबापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ६०,०००.०० |
| ०६/१९/२०८० | ११ | सुनिता परियारलाई गरिवी मेयरसँग विरामी कार्यक्रमवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २५,०००.०० |
| ०६/२१/२०८० | १२ | विभिन्न व्यक्तिहरुलाई गरिव विरामीसँग मेयर कार्यक्रमवापतको रकम भुक्तानी दिदाको लेखा। - | स्वास्थ्य उपचारकोलागी | ५३,०००.०० |
| ०७/१४/२०८० | १५ | विभिन्न व्यक्तिहरुलाई गरिव विरामीसंग मेयर कार्यक्रमवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ३८,०००.०० |
| ०७/१५/२०८० | १६ | विरामी सँग मेयर कार्यक्रमवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १५,०००.०० |
| ०८/११/२०८० | २३ | विभिन्न गरिवी विरामी व्यक्तिहरुलाई उपचारवापतको रकम गरिव विरामीसँग मेयर कार्यक्रम वापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ५३,०००.०० |
| ०८/२५/२०८० | ३० | मिठी देवकोटालाई गरिव विरामीसँग मेयर कार्यक्रम वापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २०,०००.०० |
| ०९/०३/२०८० | ३२ | विभिन्न गरिव विरामीहरुलाई गरिव विरामीसँग मेयर कार्यक्रमबाट भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ४३,०००.०० |
| ०९/२४/२०८० | ३७ | मिना गिरीलाई गरिव विरामीसँग मेयर कार्यक्रम वापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २०,०००.०० |
| ०९/२४/२०८० | ३८ | रुद्रराज खनाललाई गरिव विरामीसँग मेयर कार्यक्रमवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १५,०००.०० |
| १०/२६/२०८० | ४४ | विभिन्् विरामी व्यक्तिहरुलाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ४७,०००.०० |
| १०/२८/२०८० | ४६ | उपचार खर्चवापतको रकम सृजना घिमिरेलाई भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १८,०००.०० |
| १०/२९/२०८० | ४७ | शारदा खड्कालाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १८,०००.०० |
| ११/१०/२०८० | ४९ | मनकला बस्नेत लाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २५,०००.०० |
| १२/१६/२०८० | ६० | पवित्रा कुवरलाई गरिव बिरामीसंग मेयर कार्यक्रम वापतको रकम भुक्तानी दिदाकोलेखा - | स्वास्थ्य उपचारकोलागी | १८,०००.०० |
| १२/१६/२०८० | ६१ | गरिव विरामी संग मेयर कार्यक्रम वापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १८,०००.०० |
| १२/२०/२०८० | ६२ | जेवि कुवरलाई गरिव बिरामीसंग मेयर कार्यक्रम वापतकोरकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १२/२६/२०८० | ६८ | नारायण श्रेष्ठलाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ४,२२२.०० |
| १२/२६/२०८० | ६९ | दिप बहादुर थापा र कृष्ण बहादुर लाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २४,०००.०० |
| १२/२७/२०८० | ७० | सुपना कुमाललाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २०,०००.०० |
| ०१/०९/२०८१ | ७२ | राम बहादुर नेपाली र रञ्जु कुमाल लाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ३८,०००.०० |
| ०१/१३/२०८१ | ७६ | शिव न्यौपानेलाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २५,०००.०० |
| ०१/१८/२०८१ | ७७ | उपचार खर्चवापतको रकम सर्मपण थापा लाई भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २२,०००.०० |
| ०१/२४/२०८१ | ७८ | बाटुली दमिनीलाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २२,०००.०० |
| ०१/२७/२०८१ | ८१ | मान बहादुर अधिकारी र माया सर्किनी लाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ४५,०००.०० |
| ०२/०६/२०८१ | ८५ | सुदिप लामा, रामजी सुनार र राम बहादुर कुमाल लाई उपचार खर्चवापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | ५३,०००.०० |
| ०२/०९/२०८१ | ८६ | जगत बहादुर सुनार लाई क्रत्रिम खुट्टा खरिद वापतको रकम भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १८,०००.०० |
| ०२/२४/२०८१ | ९६ | उपचार खर्चवापतको रकम इन्दिरा देवकोटालाई भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | २०,०००.०० |
| ०३/०४/२०८१ | १०२ | विष्णु आलेलाई गरिव विरामि संग मेयर कार्यक्रम वापतकोरकम भुक्तानी दिदाकोलेखा - | स्वास्थ्य उपचारकोलागी | १५,०००.०० |
| ०३/०७/२०८१ | १०७ | कमला पन्तलाई गरिव बिरामी संग मेयर कार्यक्रम वापतकोरकम भुक्तानी दिदाको लेखा - | स्वास्थ्य उपचारकोलागी | १५,०००.०० |
| ०३/१०/२०८१ | १०९ | उपचार खर्चवापतको रकम गिमान परियार र राजु परियारलाई भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १८,०००.०० |
| ०३/१३/२०८१ | ११४ | उपचार खर्चवापतको रकम उजेली सार्कीलाई भुक्तानी दिदाको लेखा - | स्वास्थ्य उपचारकोलागी | १०,०००.०० |
| ०३/२०/२०८१ | १२७ | उपचार खर्चवापतको रकम खौ कुमारी रानाभाटलाई भुक्तानी दिदाको लेखा । - | स्वास्थ्य उपचारकोलागी | १७,०००.०० |
| ०३/२४/२०८१ | १३७ | गरिव बिरामी संग मेयर कार्यक्रम वापतकोरकम सरोज थापालाई शोधभर्ना भुक्तानी दिदाकोलेखा - | स्वास्थ्य उपचारकोलागी | ६५,०००.०० |
| | | जम्मा | | ९८२२२२ |

१७ **वडा समितिले आर्थिक सहयोग वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । वडा अध्यक्ष र वडा समितिले आर्थिक सहयोग वितरण गर्न मिल्ने कुनै कानुनी प्रवन्ध रहेको देखिन आएन । पालिका मातहत देहायका वडाहरुले आर्थिक सहयोग वितरण गरेको देखियो । यस्ता केही खर्च देहाय अनुसार छन् । यस प्रकार कानुनी प्रावधान विपरीत आफुलाई नभएको अधिकार प्रयोग गरी आर्थिक सहायता वितरण गरेबाट पालिकालाई थप व्ययभार परेको हुदा अनियमित भएको रु.

| सि नं | नाम थर | वडा नं | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १ | आनन्द परियारलाई | १ | दुई वटै मृगौला काम गर्न असमर्थ भएको | १५००० |
| २ | सञ्जिव श्रेष्ठलाई | १ | दुई वटै मृगौला काम गर्न असमर्थ भएको | १०००० |
| ३ | मनकला बस्नेत | १ | बनम्यारो क्यान्सर भइ उपचाररथ रहेको | १०००० |
| ४ | देवीमाया कामी | १ | स्तन क्यान्सर भएको | १०००० |
| ५ | सुदिप लामा | १ | दुर्घतना भइ खुट्टा भाचिइएको | १०००० |
| ६ | विष्णुमाया श्रेष्ठ, गोपाल बहादुर रानार ईश्वरबाबु अधिकारी | १ | विपदबाट क्षतिग्रस्त भए बापत क्षतिपुर्ति | १०००० |
| ७ | सुकमाया गुरुङ | १ | घरमा आगलागि भएको | १०००० |
| ८ | राम प्रसाद घिमिरे | २ | परालको टौवामा आगलागि भएकोले राहत | २०००० |
| ९ | किरन नेपाली | ३ | मानसिक रोग उपचार | १०००० |
| १० | विपिन घिमिरे | ४ | भैंसी मरेको | ५००० |
| ११ | मनकला थापा बस्नेत | ६ | क्यान्सर रोगबाट पिडित | ३०००० |
| १२ | लक्ष्मी परियार | ६ | पति आनन्द कुमार परियारलाई करेन्त लागि मृत्यु भएकोले | २०००० |
| १३ | श्री लाटो बहादुर सार्की | ६ | हावाहुरीले घरको जस्तापाता उडाएको | २५००० |
| १४ | उर्मिला रिजाल | ६ | परालको टौवामा आगालागि भएको | २५००० |
| १५ | मुना नेपाली | ७ | श्रीमान लिला बहादुर नेपालीको मृत्यु भइ काज किरियाको लागि | १५००० |
| १६ | मिना परियार | ८ | पोस्टमार्टम तथा किरिया खर्च | १५००० |
| १७ | राजु नेपाली ( सार्की ) | ८ | पोस्टमार्टम तथा किरिया खर्च | १५००० |
| १८ | सुशिला बराम | ८ | दुर्घतनामा परि गम्भीर घाउ भएको | १०००० |
| १९ | इन्दिरा गुरुङ | ९ | धनसार, गोठ बाख्राको खोर आगलागि | ५०००० |
| २० | गोमा वि.क. | ९ | परालको टौवामा आगालागि भएको | २२००० |
| २१ | भानुभक्त थापा | ९ | घर हावाहुरीले क्षति पुर्याएको | २५००० |
| २२ | रित्थे परियार र प्रेम परियार | १० | घर हावाहुरीको कारण छाना उडाएको | ४५००० |
| | जम्मा | | | ३९२००० |

| | |
|---|---|
| अनियमित भएको | ३,९२,००० |

## १८ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

## १९ जिन्सी

उत्तरदायित्व नियमावली, २०७६ को परिच्छेद १० मा सरकारी सम्पत्तीको जिम्मा, लगत र संरक्षण सम्वन्धी व्यवस्थाहरु रहेका छन् । पालिकाले योवर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका सुधार तथा सुझावहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वयन गरेको नदेखिएकोले कार्यान्वयन गरिनु पर्दछ ।

- सामान्य मर्मत सम्भारबाट कार्यालय संचालनमा प्रयोग गर्न सकिन सामानहरुको मर्मत गरी प्रयोगमा ल्याउने र नयाँ सामान खरिद गर्ने कार्य योजना सहित बनाउनु पर्ने ।
- भण्डारीको व्यवस्थापन गरी यत्रतत्र रहेको कार्यालय सामानहरुको व्यवस्थापन गर्ने ।
- विभिन्न संघ संस्थाहरुले विभिन्न समयमा सहयोग गरेको सरसामानहरु त्यसै कार्यालयमा रहेको र ती सामानहरुलाई आम्दानी बाँधि कार्यालयमा राख्ने ।
- नगरपालिका भित्रका सवै निकायमा जिन्सी व्यवस्थापनको अभिमुखीकरण कार्य गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा भौतिक सामानहरुको जिन्सी रजिष्ट्रर र मेडिकल सरसामानको जिन्सी रजिष्ट्रर र मेडिकल सरसामानको जिन्सी रजिष्ट्रर अलग अलग राख्ने ।
- नगरपालिका र विषयगत शाखाहरुमा खप्ने र नखप्ने जिन्सी सामानहरुको सहायक खातामा नियमीत गर्ने ।
- वडा कार्यालय र अन्य शाखाहरुले खरिद गरेको जिन्सी सामानहरुको नगरपालिका जिन्सी शाखामा अभिलेख राख्ने ।

## २० दरबन्दी र करार

२०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकालाई बिगत बर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ४९ जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले १२३ जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये ९८ जना कर्मचारीहरु करारमा राखी रु.२,६५,७६,४०७।- भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ । कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको बिश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थपगर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाइ यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन ।

२०.२ त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक देहायका पदमा ११ जना व्यक्तिलाई करार नियुक्ति गरी बर्षभरीमा रु.३१,८५,४४२।- भुक्तानी गरेको अनियमित देखिएको रु.

| सि.नं. | पद | संख्या | वार्षिक भुक्तानी |
|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | २ | ६८३५२७ |
| २ | सामाजिक परिचालक | ९ | २५०१९१५ |
| | जम्मा | ११ | ३१८५४४२ |

| | |
|---|---|
| अनियमित भएको | ३१,८५,४४२ |

२१ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ५५ जना पदाधिकारीहरुलाई रु.१,४१,५६,७५०।- पदाधिकारी सुविधा र रु.२,०८,०००।- पदाधिकारीको अनुगमन तथा दैनिक भ्रमण तथा भत्तामा खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।

२२ **सिफारिस**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | ९८९ |
| मृत्युदर्ता | ३६६ |
| बसाईसराई भई आउनेको दर्ता | ४४ |
| बसाईसराई भई जानेको दर्ता | १८१ |
| विवाह दर्ता | ४९४ |
| सम्बन्ध विच्छेद | ७२ |
| अन्य | ९८९ |

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फर्स्यौट विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २१ उजुरी रहेकोमा यस बर्ष विभिन्न विषयका ५६ वटा विवाद दर्ता भएकोमा जम्मा ७७ मध्ये ६२ वटा फर्स्यौट भई यो वर्ष फर्स्यौट नभई १५ वटा बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२४ **सहकारी नियमन**

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वियन सँगसँगै ५८ सहकारी यस नगरपालिकामा हस्तान्तरण भई आएका ४८ संस्था सक्रिय रही १० वटा संस्थाहरु निष्कृय रहेको विवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको

पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ति र अधिकारको संरक्षणको सम्बन्धमा नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा समवन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ । सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली Software मा आवध्द गराउन र निष्कृय रहेका सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ ।

त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

## २५ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार निम्न व्यक्ति तथा संस्थाले देहाय बमोजिम लिएको म्याद ननाघेको रु. १,९२,०००।- मोबिलाइजेशन पेश्की आर्थिक वर्षको अन्त्य सम्ममा पनि फर्स्यौट नभई बाँकी रहेको देखिएको हुँदा नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

| गौ भौ नं। मिति | पेश्की लिनेको नाम | पेश्की प्रयोजन | म्याद ननाघेको पेश्की बाकी रकम |
|---|---|---|---|
| ४३७/२०८०।४।०१ | लक्ष्मी कन्स्ट्रक्सन | ठेक्का | ९२००० |
| ४३७/२०८०।४।०१ | अन्नपुर्ण निर्माण सेवा | ठेक्का | १००००० |
| जम्मा | | | १९२००० |

## २६ आन्तरिक आय

पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष आन्तरिक आय रु ४ करोड २२ लाख ४३ हजार १००। (स्थानीय राजस्व वाडफाडबाट प्राप्त आय समेत) सकलन गर्ने अनुमान गरेकोमा यस बर्ष आन्तरिक आय तर्फ रु. ३२९९४५७१।५३(स्थानीय राजस्व वाडफाड पछि प्राप्त आय समेत) आम्दानी देखाएको छ । जून बार्षिक अनुमानित आय भन्दा २१.८९ प्रतिशतले घटी असूल भएको देखिन्छ । अनुमानित राजश्वको दायरा बढाई थप राजश्व संकलन गर्ने र आत्मनिर्भर हुने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

## २७ अभिलेख

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

## २८ नक्सापास दस्तुर

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-७ दफा नं २७ देखी ४३ सम्म भवन निर्माण र घर जग्गाको नक्सापास सम्बन्धी प्रावधानहरु उल्लेख रहेका छन। कार्यालयले यो वर्ष सेवाग्राहीहरुबाट घरजग्गा नक्सापास दस्तुर रु १९६२६५५। असुल गरेको देखियो। पालिका भित्र निर्माण हुने संरचनाहरुको प्रभावकारी अनुगमन गरी अभिलेख अद्यावधिक गर्ने र संभावित घरजग्गा नक्सा पास दस्तुर प्रभावकारी रुपले उठाउनु पर्दछ।

२९ **आम्दानी पुष्टयाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ उपदफा (५) मा राजश्वको लागत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ ।पालिकको १० वटा वडा र पालिका समेत ११ संकलन केन्द्रमा गत विगत वर्षहरुमा (२०७७ श्रावण १ देखि ) सरह यो वर्ष २०८० श्रावण १ देखि चैत्र मसान्त सम्म सांग्रिला नामक सफ्टवेयर मार्फत आम्दानी संकलन गरेको र तत्पश्चात २०८१ वैशाख देखि नेपाल सरकारले लागु गरेको सुत्र नामक सफ्टवेयर मार्फत आम्दानी संकलन गर्ने गरेको जनाइएको छ । सुत्र मार्फत आम्दानी गर्न शुरु गरेपश्चात उक्त सांग्रिला नामक सफ्टवेयर बन्द रहेको व्यहोरा लेखापरीक्षणमा जनाइएको छ ।उक्त सांग्रिला सफ्टवेयरबाट संकलन गरिएको आम्दानीको अभिलेख र प्रतिवेदनहरु प्रिन्ट गरी प्रमाणित गरेर अद्यावधिक राख्नपर्नेमा राखेको पाइएन ।शुरुमा सफ्टवेयर जडान गर्दाको निज कम्पनीसंग भएको सम्झौतामा समावेश नरहेको शर्त उठान गरी कम्पनीले यो वर्ष नविकरण शुल्क र मर्मत शुल्क भनि ठूलो रकम माग गरेकोमा पालिकाले सम्झौताको शर्त विपरित हुने गरी उक्त रकम उपलव्ध नगराएको भनी कम्पनीले उक्त सफ्टवेयर हतार हतार चैत्र महिनामा बन्द गरिदिएको र तत्पश्चात रेकर्ड र अभिलेखको लागि मात्र भनी पटक पटक पालिकाले खोलिदिन आग्रह गर्दा समेत नखोलेको कारण उक्त अभिलेखहरु लेखापरीक्षणको लागि पेश गर्न नसकिएको व्यहोरा पालिकाले लेखापरीक्षणमा जनाइएको छ।पालिकाले उक्त सफ्टवेयर २०७७ श्रावण १ गते देखि संचालनमा ल्याउने गरी आ.व. २०७६।७७ मा रु ३३९०००।–मा खरिद गरी जडान गरेको र भौ.नं ८९४ मिति २०७७।३।२१ बाट उक्त रकम भुक्तानी गरेको देखिएतापनि कम्पनीले उक्त सफ्टवेयरको सम्पूर्ण अधिकार हस्तान्तरण गरेको पाइएन ।कार्यालयले उक्त अवधिमा सो सफ्टवेयर मार्फत देहायवमोजिम रु १२०५६५४५।–आम्दानी गरेको व्यहोरा प्राप्तल टिपोट र शुत्रमा एकमूष्ट बाधेको आम्दानी रकम बाट देखिन आयो । तर सो अवधिमा उक्त सफ्टवेयरले ११ वटा संकलन केन्द्रहरुमा भूमिकर तर्फ र अन्य तर्फ के कति नगदी रसिदहरु जारी गर्यो ? उक्त रसिदहरुबाट के कति आम्दानी संकलन कहिले कहिले भई के कति दाखिला भयो सो को सम्वन्धमा यथार्थता यकिन हुन नसकेकोले सम्वन्धित निकायले यथार्थता यकिन गरिनुपर्दछ ।

| क्र. स . | संकलन केन्द्र | आम्दानी रकम |
|---|---|---|
| १ | पालिका कार्यालय | ३१८६६९४ |
| २ | वडा नं १ | ७९७१३० |
| ३ | वडा नं २ | ८५३०२९ |
| ४ | वडा नं ३ | ७८६९५९ |
| ५ | वडा नं ४ | ११५८५८० |
| ६ | वडा नं ५ | १२५९८३२ |
| ७ | वडा नं ६ | ८९३००० |
| ८ | वडा नं ७ | ११४०२०० |
| ९ | वडा नं ८ | ६५५१८५ |
| १० | वडा नं ९ | ७१८४५९ |
| ११ | वडा नं १० | ६०७४७७ |
| | जम्मा | १२०५६५४५ |

३० **ढिला गरी राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७६ को दफा २८मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा सोको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने र मनासिव माफिकको कारणले दाखिला गर्न नसकिने भए कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थप माग गर्न सक्ने र तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न वाँकी रकमको १० प्रतिशत जरीवाना गरी कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिमको कारवाही गर्नुपर्ने उल्लेख रहेको छ। यो वर्ष पालिका मातहतका १० वडा कार्यालयहरू र पालिकाको कार्यालयले नगद आम्दानी गर्दा उक्त अवधी भन्दा धेरै ढिला हुनेगरी कतिपयले महिनाको एकपटक वा सोभन्दा पनि ढिला हुनेगरी एकमुष्ठ रूपमा प्राप्त नगदलाइ पालिकाको बैङ्क खातामा दाखिला गर्ने गरेको देखियो। यसप्रकार वडाहरूबाट ढिला गरी दाखिला गर्ने गरेकोमा पालिकाले उक्त कानुन बमोजिम लाग्ने जरिवाना रकम समेत असुल गरेको छैन। यसमा पालिकाको ध्यान गई कानुन बमोजिम सुधार हुनुपर्छ ।

३१ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । नगरपालिकाले योवर्ष व्यवसाय कर वापत रु. ९ लाख ३५ हजार रकम असुल गर्ने लक्ष्य लिएकोमा लक्ष्यको ०.३८ प्रतिशतले हुने रु. ३५३०।असुल गरेको जनाएको छ । पालिकाको कार्यालयले व्यवसायहरूको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखेको पाइएन । पालिका क्षेत्र भित्रका व्यवसाय एवं व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३२ **आम्दानीको वित्तीय विवरण**

पालिकाले आम्दानी हिसाबको बैंक हिसाब समाधान विवरण तयार गरी राख्नुपर्दछ । पालिकाले पेश गरेको एकिकृत आय-व्यय विवरणमा यो वर्षको आन्तरिक आम्दानी रु ३११३३१७२।६८ (गत वर्षको बाँकी अ.ल्या.समेत)कायम गरेको छ ।तर आम्दानीको शीर्षकगत विवरण र प्राप्ति हिसाब अनुसार पालिकाले यो वर्ष सुत्रबाट रु ६४६८०५३।८६ पशु सेवा शाखाको हार्डकपी रसिदबाट रु ४५८९६।– संग्रिला सफ्टवेयरबाट रु १२०५६५८५।– दहत्तर बहत्तर बाट रु २५८३९५०।२७ नगद प्राप्ति रु ४५००।–र गत वर्षको बाकी यो वर्षको अ.ल्या. गरेको रु १२९७२४७०।– समेत जम्मा रु ३४१३१४५५।१३ भएको देखाई रु २९९८२८२।४५ फरक परेको देखियो ।त्यसैगरी मालपोत कार्यलयबाट प्राप्त भएको घरजग्गा रजिष्ट्रेसन दस्तुर आय-व्यय विवरणमा रु १४८३३२८९।४० देखाइएकोमा शिर्षकगत राजश्व आम्दानी विवरणमा रु ११८३५६२६।४० देखाएबाट रु २९९७६६३।– फरक देखियो । यसमा यथार्थता यकिन गरी हिसाब मिलान विवरण तयार गर्नुपर्छ ।

३३ **नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२६,१०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **ढुंगाको शुल्क,कर र दस्तुर असुल**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,१५५,२३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **कर दाखिला**

पालिकाले असुल गरेको मू.अ.कर र अग्रिम आयकरको रकम संघीय सरकारको सम्वन्धित खातामा दाखिला गर्नुपर्छ । पालिकाले यो वर्ष निकासी कर आय ठेक्काको रकम रु १०१०००।– प्राप्त गर्दा सोमा लाग्ने --( मू.अ.कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम समेत

पालिकाले प्राप्त गरेको तर संघीय सरकारको खातामा दाखिला गरेको नदेखिएकोले श्री शुभम निर्माण सेवाबाट पालिकामा प्राप्त भएको उक्त कर रकम संघीय सरकारको राजश्व सम्वन्धित राजश्व खाताहरुमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४६,४५० |

## ३६ क्षतिपूर्ति असुल

बोलपत्र प्रस्ताव र ठेक्का सम्झौताका शर्तहरुको कार्यान्वियन शर्तहरुको दुवै पक्षले कार्यान्वियन गर्नुपर्छ ।पालिका क्षेत्र भित्र नदीजन्य पदार्थको उत्खन्न, संकलन र विक्री वितरणको लागि आहवान गरेको वोलपत्र प्रस्ताव र ठेकेदारहरुसंग भएको सम्झौतामा सम्झौताका बखत ५० प्रतिशत शुल्क (कर समेत) र २०८० चैत्र मसान्त सम्म बाँकी ५० प्रतिशत रकम बुझाउनुपर्ने र तोकिएको अवधिमा नबुझाएमा बाँकी रकमको १० प्रतिशत क्षतिपूर्ति वापत बुझाउनुपर्ने शर्त रहेको देखिन्छ ।उक्त नदीजन्य पदार्थको आय ठेक्का मध्ये निम्न सूचनाका ठेकेदारहरुले बाँकी बुझाउनुपर्ने रकम उक्त अवधि भित्र नबुझाई ढिला गरेको देखिन्छ। तर निजहरुबाट वोलपत्र आहवानको प्रस्तावमा उल्लेखित उक्त क्षतिपूर्ति वापत रकम असुल गरेको नदेखिएकोले निजहरुबाट उक्त रकम असुल हुनुपर्ने रु.

| ठेकेदार | सूचना नं | बुझाउन बाँकी रकम | बुझाएको मिति | क्षतिपूर्ति रकम |
|---|---|---|---|---|
| खोपलाङ्ग कन्सट्रक्सन प्रा.लि. | ८-०८०।८१ | ५७३४८५ | २०८१।३।२४ | ५७३४९ |
| अल्पस कन्सट्रक्सन प्रा.लि. | ६-०८०।८१ | २१७००० | २०८१।३।३० | २१६१६ |
| | जम्मा | | | ७८९६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,९६५ |

## ३७ पुष्ट्याई पेश गर्नुपर्ने

संघीय आयोजना कार्यान्वियन इकाई पोखराले च.नं ४१८ मिति २०८०।६।१८ को पत्रबाट ढंगा,गिट्टी,वालुवा मापदण्ड,२०७७को दफा १२ अनुसार लुना विल्डर्स एण्ड कन्सट्राक्टर प्रा.लि लाई मिति २०८०।२।५ को समझौता अनुसार ठेक्का नं ६८-०७९।८० एकिकृत शहरी पूर्वाधार विकास कार्यक्रम, पालुङटारको लागि BOQ वमोजिम आवश्यक पर्ने ढंगा ६००० घ.मि., RCC 1:5:3 को काम १४०० घ.मि, वेस १३००० घ.मि.,सववेस ८००० घ.मि समेत जम्मा २८४०० घ.मि निर्माण नियमानुसार लाग्ने शुल्क,दस्तुर र कर लिई उपलब्ध गराउन अनुरोध गरे वमोजिम पालिकाले हवाइग्राउण्डघाट स्थित २१३८.४० घ.मि उपल्ब्ध गराएको जनाई निर्माण व्यवसायीले २०८०।११।१३ मा एकमुष्ट रु ७७७४३८।– रकम दाखिला गरेको छ ।उक्त निर्माण कार्यमा चाहिने २८४०० घ.मि. परिमाणको सट्टा २१३८।४० घ.मि. मात्र प्रयोग गरेको हो वा अन्य परिमाण निज निर्माण व्यवसायीले चोरी निकासी वा पैठारी बाट पूर्ति गरेको हो सो को सम्वन्धमा उक्त आ.व.मा पोखरा स्थित उक्त कार्यालयमा पेश निजले पेश गरेको ठेक्का विल र कार्यलयले भुक्तानी गरेको विल रकम मा सो परिमाण भिडान गरी यथार्थता यकिन गर्नुपर्दछ ।

## ३८ मू.अ.कर र अग्रिम आयकर दाखिला

पालिकाले गण्डकी प्रदेश आर्थिक ऐन, अनुसार नदीजन्य पदार्थमा लाग्ने शुल्क असुल गर्दा लाग्ने मू.अ.कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम उक्त शुल्क असुल गर्दा संघीय राजश्व खाताको सम्वन्धित शिर्षकमा दाखिला गर्नुपर्दछ ।देहाय वमोजिमका ठेकेदारहरुबाट उक्त शुल्क रकम असुल गर्दा लागेको १३ प्रतिशत मू.अ.कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम संघीय राजश्व खातामा दाखिला नगरी पालिकाले स्थानीय संचित कोषमा पठाएको देखिएकोले निम्नानुसार रकम संघीय राजश्वको सम्वन्धित शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| क्र.स. | ठेकेदार | सूचना नं | मू.अ.कर र अग्रिम आयकर समेत जम्मा असुली रु | १३ प्रतिशत मू.अ.कर र १.५ प्रतिशत अग्रिम आयकर रकम |
|---|---|---|---|---|
| १ | पहाडी निर्माण सेवा | २-०८०।८१ | १६२१३२० | २०५३२० |
| २ | पहाडी निर्माण सेवा | ४-०८०।८१ | ११५७५९५ | १४६५९५ |
| ३ | खोपलाङ्ग कन्सट्रक्सन प्रा.लि. | ८-०८०।८१ | ११४७४८५ | १४५३१५ |
| ४ | अल्पस कन्सट्रक्सन प्रा.लि. | ६-०८०।८१ | ५४३००० | ६८६५८ मध्ये रु४९९१८ |
| ५ | लुना निर्माण सेवा | - | ७७७४३८ | ९८४५३ |
| | जम्मा | | ४४६९४०० | ६४५६०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४५,६०१ |

## ३९ अधुरो ठेक्का

३९.१ निर्माण व्यवसायीले ठेक्का सम्झौतामा उल्लेखित काम समझौताको शर्त र अवधि भित्र सम्मपन्न गर्नुपर्छ ।यस पालिकाको वडा नं ३, ४, ८ र ९ स्थित कार्यालय परिषरमा पर्खाल निर्माण गर्न ठेक्क नं ०३ – ०७८/ ७९ को निर्माण व्यवसायी अन्नपूर्ण निर्माण सेवा संग रु ३१८२२००।- को ठेक्का सम्झौता मिति २०७८।९।२० मा भई कार्यसम्पन्न गर्ने अवधि ५ महिना तोकिएकोमा २ पटक सम्म अवधि थप भई २०८१ अषाढ मसान्त सम्म पुर्याइएको छ ।तर निजले उक्त अवधिमा जम्मा रु २१८९११०।- को कार्य गरी गो.भौ.नं ५१४ मिति २०८१।०२।०२ बाट भुक्तानी भएको छ। तत्पश्चात लेखापरीक्षण अवधि २०८१।९।५ सम्म थप काम भएको र म्याद थप समेत आएको देखिन आएन ।यसप्रकार अधुरो रहन गएको कार्यलाई खरिद नियमावली २०६४ को नियम १२१ वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति रकम रु ३१८२२०।- असुल गरी बाँकी कार्यसम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१८,२२० |

३९.२ त्यसैगरी उक्त निर्माण व्यवसायीले सो कामको लागि विगतमा दिएको मोविलाईजेसन पेश्की बाँकी रकम रु १ लाख हालसम्म पनि फर्छौट नभएको र पेश्कीको बैंक जमानतको मान्य अवधि समेत समाप्त भइसकेकोले पेश्को जोखिममा पर्न गएको हुदा यथाशिघ्र असुल फर्छौट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,००,००० |

## ४० ढुंगा र ग्राभेलको शुल्क र कर

गण्डकी प्रदेश आर्थिक ऐन,अनुसार ग्राभेल लगायत नदी जन्य वा खानीजन्य पदार्थको उत्खन्न संकलन विक्री प्रयोग तथा निकासीमा प्रतिघनफिट रु ९।– का दरले शुल्क र सो मा लाग्ने मू.अ.कर तथा १.५ प्रतिशत अग्रिम आयकर असुल गरी सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकाको गुनाटार पाथिभारा ढाक्रेश्वर आपपिपल हस्पिटल सडक ३ स्तरीन्नती गर्ने कार्य ठेक्का नं १५- ०७९।८० का निर्माण व्यवसायी युनिभरसल इण्टरेर एण्ड कन्सट्रक्सन कं प्रा.लि. ले बाटो स्तरोन्नतीको कार्य रु १५४३४०१।७५ मा सम्पन्न गरी यो वर्ष गो.भौ. नं ५ मिति २०८०।४।२७ बाट अन्तिम बिल रु १००९३९२।– भुक्तानी लगेको छ। निजले उक्त बाटो स्तरोन्नतीको कार्य गर्दा ग्राभेल ३४७.३० घनमिटर र ढुंगा ३५.४४ घनमिटर प्रयोग गरेको देखिएकोमा उक्त सामग्रीको सम्वन्धित स्थानीय तहमा नियमानुसार लाग्ने शुल्क दस्तुर र कर बुझाएको प्रमाण देखिन नआएकोले पेश हुनुपर्दछ अन्यथा लाग्ने शुल्क रु

१२१६६५।– र सो मा लाग्ने मू.अ.कर तथा १.५ प्रतिशत अग्रिम आयकर रु १७६४२।– समेत रु १३९३०७।– निजबाट असुल गरी सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७८,६१४ |

४१ **अधुरो ठेक्का**

अधुरो निर्माण कार्य : निर्माण व्यवसायीले ठेक्का सम्झौता तोकिएको अवधि भित्र तोकिएको निर्माण कार्य सम्पन्न गर्नुपर्छ ।यस पालिकाको वडा नं ९ स्थित चुक्ति खोलामा स्लाब कल्भर्ट निर्माण गर्न ठेक्क नं ४५ – ०७७/ ७८ को निर्माण व्यवसायी अन्नपूर्ण निर्माण सेवा संग रु १८३५०९७।- को ठेक्का सम्झौता मिति २०७८।२।३१ मा भई कार्यसम्पन्न गर्ने अवधि २०७९/११/२९ सम्म तोकिएकोमा ४ पटक सम्म १२२ प्रतिशत अवधि म्याद थप गरी कार्यसम्पन्न गर्ने अवधि २६ दिन तोकिएको थियो ।निजले गत वर्षमा गो.भौ.नं १५१ मिति २०७९।०१।१६ मा प्रथम रनिङ बिलको भुक्तानी रु १०१७३९५।– लगेको जनाइएकोमा ततपश्चात निजले कुनै कार्य गरेको देखिन आएन । शुरु ठेक्का अवधि २६ दिन व्यतित भएको ४१ महिना अर्थात करिब ४८०० प्रतिशत थप अवधि व्यतित हुदा समेत उक्त निर्माण कार्य सम्पन्न नगरेको र म्याद थप समेत भएको नजनाइएकोमा नियमानुसार कार्यालयले ठेक्का अन्त्य गरी कारवाही प्रक्रिया अगाडी बढाएको देखिएन ।निजले शुरुमा लगेको मोबिलाईजेशन पेश्की रु १ लाख समेत पहिले नै सकिई म्यादथप गराउने तर्फ पालिकाले पहल गरेको देखिएन ।यस सम्वन्धमा सम्वन्धित पक्षको ध्यान गई आवश्यक कारवाही गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,१७,३९५ |

४२ **बीमा शुल्क**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सबै हानिनोक्सानी व्यहोर्ने लगायतका शर्तहरू पुरा गर्ने गरी निर्माण व्यवसायीले निर्माण कार्यको बीमा गर्नुपर्ने प्रवधान उल्लेख रहेका छन् । पालिकाले यो वर्ष गरेका देहाय देहायका निर्माण कार्यहरूमा निर्माण व्यवसायीले उक्त उल्लेखित शर्तहरू पुरा नहुने गरी निर्माण कार्यहरूको बीमा गरेको जनाई विल विजक बमोजिम बीमा शुल्क भुक्तानी गरेको देखियो ।यसप्रकार कानुन बमोजिम तोकिएका शर्तहरू पुरा नहुने गरी गरेको बीमा शुल्क बापतको रकम भुक्तानी गर्न मिल्ने नदेखिदा सम्बन्धित निर्माण व्यवसायीबाट निम्नानुसार असुल हुनु पर्दछ ।

४२.१ पालुङटार स्थित खेदकुद स्टेडियम निर्माण कार्य ठेक्का नं ०१-०७८।०७९ का निर्माण व्यवसायीले विकोन कन्सट्रक्सन प्रा.लि. संग रु ४४९२५४३।८५ को सम्झौता मिति २०७८।८।७ मा गरिएकामा मिति २०८०।४।२० मा कार्यसम्पन्न गरी यो वर्ष गो.भौ.नं ४९ मिति २०८०।६।२ बाट अन्तिम विलको भुक्तानी रु २४३६५९०।– गरिएको छ ।जसमा प्रोभिजनल सम बाट रु ८० हजार भुक्तानी मध्ये वीमा शुल्कको भुक्तानी रु ४५०००।– समेत समावेश रहेको छ । निर्माण व्यवसायीले वीमा गरेको प्रमाणपत्र भने २०२३ जलाई ५ देखि १० सम्म मात्र मान्य अवधि ५ दिन रहेको पेश गरेको देखियो । यसप्रकार कानुनका उक्त शर्तहरु पुरा नहुने गरी घटी अवधिको वीमा गरेको प्रमाणको आधारमा प्रोभिजनल समबाट उक्त वीम शुल्क भुक्तानी गर्न मिल्ने नदेखिएको उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,००० |

४२.२ पालिका स्थित वाराप्रिके नयागाउ रानीखोला सडक कालोपात्रे गर्ने कार्य ठेक्का नं ०१-०७८।०७९ का निर्माण व्यवसायीले तुल्सी जे.डी. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. संग रु ११४५८५०५ ठेक्का सम्झौता मिति २०७९।८।७ मा भई कार्यसम्पन्न गर्ने अवधि ६ महिना तोकिएकोमा ३ महिना म्याद थप गरी ९ महिना अर्थात २०८०।५।६ सम्म पुर्याइएको छ ।निजलाई गो.भौ.नं १४ मिति २०८०।५।१२ बाट अन्तिम विलको भुक्तानी भएको मध्ये प्रोभिजनल सम मा वीमा शुल्क रु १२००००।–समेत भुक्तानी भएको छ । निजले वीमा गरेको प्रमाणपत्र भने २०२३।५।२२ देखि २०२३।८।२४ (२०८०।२।८ देखि २०८०।५।७) सम्म ३ महिनाको मात्र पेश गरेको देखियो । तसर्थ उक्त कानुनका शर्तहरु पुरा नहुने गरी घटी अवधिको वीमा गरेको प्रमाणबाट निजलाई उक्त रकम भुक्तानी गर्न मिल्ने नदेखिएको सो रकम निजबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,००० |

४२.३ पालिका स्थित वेल्टार,मगरखोला,घप्टेश्वर,धारापानी,वाहपिर्के, छापथोक,न्यौपाने खोला सडक स्तरोन्नति गर्ने कार्य ठेक्का नं ४८-०७७।०७८ का निर्माण व्यवसायीले अन्नपूर्ण निर्माण सेवा संग रु ८१४९९५।– को ठेक्का सम्झौता मिति २०७८।२।३१ मा भई कार्यसम्पन्न गर्ने अवधि २६ दिन तोकिएकोमा खरिद नियमावली तेह्रौ संशोधन अनुसार मिति २०८० चैत्र ३० सम्म करिव ३४ महिना अर्थात ३९७३ प्रतिशत बढी अवधि म्याद थप गरीएको छ।उक्त निर्माण कार्य २०८०।१२।१५ मा सम्पन्न गरी गो.भौ.नं ४३८ मिति २०८१।१।३ बाट प्रथम तथा अन्तिम बिल भुक्तानी रु ८०८०५९।– गरिएको छ ।उक्त का निर्माण व्यवसायीले २०२४।४।९ देखि २०२४।४।१२ सम्म ३ दिन मान्य अवधि रहेको विमाप्रमाण पेश गरेको आधारमा प्रोभिजनल सम बाट वीमा शुल्क वापत रु २५०००।– भुक्तानी गरेको छ। उक्त कानुनका शर्तहरु पुरा नहुने गरी घटी अवधिको वीमा गरेको रकम भुक्तानी गर्न मिल्ने नदेखिएको सो रकम निजबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

४२.४ पालुङटार ९ स्थित कोल्ड स्टोर भवन निर्माण गर्न ठेक्का नं २२।०७९।०८० का निर्माण व्यवसायी ढाँचा। रिता।आमा जे.भी. संग रु ३५३२४३३१।– को ठेक्का सम्झौता मिति २०८०।३।१८ मा भई कार्यसम्पन्न गर्ने अवधि १ वर्ष तोकिएकोमा निजले तोकिएको अवधिमा उक्त कार्यसम्पन्न गरी यो वर्ष ३ वटा विलबाट जम्मा रु ३०६९२२६४।- रकम गो.भौ.नं क्रमश: १३३,५०५,६१६,६३९,६६३ र ७०३ बाट भुक्तानी गरेको छ ।यसरी भुक्तानी गरेको मध्ये २०२३.१२.७ देखि २०२४.७.१० सम्म करिब ७ महिना मात्र मान्य अवधि कायम गरी वीमा गरेको २ प्रमाणपत्रको आधारमा निजलाई प्रोभिजनल सम बाट रु १८१७१०।– भुक्तानी गरेको छ । १२ महिना ठेक्का अवधि रहेको उक्त ठेक्कामा घटी अवधि कायम गरेको वीमा प्रमाणको आधारमा भुक्तानी दिन उक्त कानुन वमोजिम मिल्ने नदेखिएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८१,७१० |

४३ **ढुंगा र ग्राभेलको शुल्क र कर**

गण्डकी प्रदेश आर्थिक ऐन,अनुसार ग्राभेल लगायत नदी जन्य वा खानीजन्य पदार्थको उत्खन्न ,संकलन , विक्री ,प्रयोग तथा निकासीमा प्रतिघनफिट रु ९।– का दरले शुल्क र सो मा लाग्ने मू.अ.कर तथा १.५ प्रतिशत अग्रिम आयकर असुल गरी सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकाको ठाटी पोखरी पुलिस गेट वडा नं ५ को सडक निर्माण कार्य ठेक्का नं ०८- ०८०। ८१ का निर्माण व्यवसायी इन्फिनिटी कन्सट्रक्सनले बाटो स्तरोन्नतीको कार्य गरी यो वर्ष गो.भौ. नं ४०० र ६४४ बाट रु २६२८३८८।- भुक्तानी लगेको छ।निजले उक्त बाटो स्तरोन्नतीको कार्य गर्दा ग्राभेल (सववेस) २७२.०९ घनमिटर प्रयोग गरेको देखिएकोमा उक्त सामग्रीको सम्वन्धित स्थानीय तहमा नियमानुसार लाग्ने शुल्क दस्तुर र कर बुझाएको प्रमाण देखिन नआएकोले पेश हुनुपर्दछ अन्यथा लाग्ने शुल्क रु ८६४९२।– र सो मा लाग्ने मू.अ.कर तथा १.५ प्रतिशत अग्रिम आयकर रु १२५४१।– समेत रु ९९०३३।– निजबाट असुल गरी सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,०३३ |

४४ **बढी भक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९ उपनियम (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यसतो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल,भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । नगरपालिक प्रशासकीय भवनको interior र lift निर्माण कार्य ठेक्का नं ०४-०७७।०७८ का निर्माण व्यवसायी मेघा निर्माण सेवालाई गो.भौ.नं ४४ मिति २०८०।६।२१ बाट अन्तिम बिलको भुक्तानी रु २७०९१६४।–गरिएको छ ।निजले पेश गरेको अन्तिम ठेक्का बिलको र कार्यस्वीकार प्रतिवेदन अनुसार उक्त ठेक्का मू.अ.कर र प्रोभिजनल सम को रकम बाहेक जम्मा भएको कार्य र ११९४३३०५।८१ मा अधिल्लो विल सम्मको भुक्तानी भएको रु ९८३०८३७। ५२ घटाउदा हुने रु २११२४६८।२९ मा मू.अ.कर थप गर्दा हुने रु २३८७०८९।१७ मा निजले ५७ दिन ढिला गरी कार्य सकेको

जनाई सो अवधिको पूर्वनिर्धारित क्षतिपूर्ति रु ३४२३६५।७३ घटाउदा हुने रु २०४४७२३।४४ भुक्तानी गर्नुको सट्टा रु २७०९१६४।–भुक्तानी गरेकोले बढी भुक्तानी हुन गएको रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६४,४४१ |

४५ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति समझौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएवमोजिम भेरिएसन आदेश जारी गर्न सक्ने प्रावधान छ । यस पालिका स्थित गुनटार वरवाटी आपपिपल सडक वडा नं ३ स्तरोन्नति कार्य ठेक्का नं ०६-०८०।०८१ का निर्माण व्यवसायी श्रयस कन्सट्रक्सन प्र.लि.संग रु २६२२९८३।- को ठेक्का समझौता मिति २०८०।०८।१६ मा भई कार्य शुरु गरेकोमा नगर प्रमुखले १६.५६ प्रतिशत थप काम सहितको भेरिएसन आदेश मिति २०८०।११।१७ मा स्वीकृत गरेको गरी संशोधित सम्झौता अंक रु ३०८३५३२।– पुर्याइएको छ ।उक्त निर्माण व्यवसायीलाई यो वर्ष गो.भौ. नं २६० र ३५८ बाट जम्मा रु३०४८२०२।– भुक्तानी गरेको छ । यसरी भेरिएसन आदेश जारी गर्दा थप काम गर्नुपरेकोले कामको परिमाण थप हुन गएको जनाइएको छ । यसरी परिमाण थप भएका भएका आइटमहरुलाई हेर्दा कतिपय आइटम शुरु लागत अनुमान भन्दा बढी दर भई समझौता गरेका आइटम समेत परिमाण थप भएको र यसरी थप भएका परिमाणको कार्य लागत अनुमान दरमा नबढ्ने गरी नेगोसिएसनबाट गराउनुपर्नेमा सो वमोजिम नगरी शुरु समझौता दर बाटै कार्य गराई भुक्तानी गरिएको छ ।यसबाट कार्यालयलाई थप दायित्व श्रृजना भएको छैन भन्न मिल्ने देखिएन । यसका उदाहरणहरु निम्न छन् । यसमा सम्वन्धित पक्षको ध्यान गई यथार्थता यकिन गरिनुपर्दछ ।

| कार्य विवरण | शुरु परिमाण | संशोधित परिमाण | शुरु ल.ई.दर रु | शुरु BOQ दर रु | भुक्तानी दर रु |
|---|---|---|---|---|---|
| माटो काट्ने कार्य | १९४७.११ $m^3$ | २२४२.५० $m^3$ | ९८।८८ | ११०.० | ११०.० |
| ग्याबियन वक्सको कार्य | १०२ $m^2$ | १४९$m^2$ | २८० | २८०.० | २८०.० |

४६ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति समझौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएवमोजिम भेरिएसन आदेश जारी गर्न सक्ने प्रावधान छ । यस पालिका स्थित खोली गाउ वानिया गाउ रातडण्डा प्रतिष्ठान सडक मर्मत सुधार कार्य ठेक्का नं २२-०७८।०७९ का निर्माण व्यवसायी सनद निर्माण सेवासंग रु ७५०७७७२।- को ठेक्का मिति २०७९।०४।२६ मा भई कार्य शुरु गरेकोमा नगर प्रमुखले मिति २०७९।८।२९ मा २१.०९ प्रतिशत थप काम सहितको भेरिएसन आदेश जारी संशोधित सम्झौता अंक रु ९०९१२१९।– ( मू.अ.कर र प्रोभिजनल सम मार्फत ) यो वर्षको अन्तिम विलको भुक्तानी गो.भौ. नं २९ मिति २०८०।६।१५ बाट रु ३४१३५५९।– गरिएको छ । यसरी भेरिएसन आदेश जारी गर्दा थप काम गर्नुपरेकोले कामको परिमाण थप हुन गएको जनाइएको छ । यसरी परिमाण थप भएका भएका आइटमहरुलाई हेर्दा कतिपय आइटम शुरु लागत अनुमान भन्दा बढी दर भई समझौता गरेका आइटम समेत परिमाण थप भएको र यसरी थप भएका परिमाणको कार्य लागत अनुमान दरमा नबढ्ने गरी नेगोसिएसनबाट गराउनुपर्नेमा सो वमोजिम नगरी शुरु समझौता दर बाटै कार्य गराई भुक्तानी गरिएको छ ।यसबाट कार्यालयलाई थप दायित्व श्रृजना भएको छैन भन्न मिल्ने देखिएन । यसका उदाहरणहरु निम्न छन् । यसमा सम्वन्धित पक्षको ध्यान गई यथार्थता यकिन गरिनुपर्दछ ।

| कार्य विवरण | शुरु परिमाण | संशोधित परिमाण | शुरु ल.ई.दर रु | शुरु BOQ दर रु | भुक्तानी दर रु |
|---|---|---|---|---|---|
| ३० cm Dia Humepipe को कार्य | ७.५० RM | ५७.५० RM | ४७३९।१० | ७५०० | ७५०० |
| Geo textile Laying | ३४० m2 | ३६८m2 | १३४।८१ | २०० | २०० |

४७ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ र नियमावली २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्ने सम्वन्धी विभिन्न प्रावधानहरु रहेका छन् ।यस पालिक अन्तरगत कोतगढी पार्क वडा नं १० मन पूर्वाधार निर्माण कार्य ठेक्का नं ०७-०८०।०८१ का

निर्माण व्यवसायी डायमण्ड इन्फ्रा इन्जिनियरिङ्ग प्रा.लि.संग रु २१८७३३०।- को ठेक्का सम्झौता मिति २०८०।१०।२५ मा भई कार्य शुरु गरेकोमा निर्माण व्यवसायीले २०८०।१२।२१ मा रु १८५७५०८।- वरावर अर्थात ८७.३९ प्रतिशत कार्य गरी उक्त ठेक्कालाई सम्पन्न गरी गो.भौ.नं ५४४ मिति २०८१।२।१७ बाट भुक्तानी गरिएको छ। ।यसप्रकार १२.६१ प्रतिशत घटी कार्य सम्पन्न उचित र पर्याप्त कानुनी आधार सहित उक्त कानुनमा भएको प्रावधान अनुसार भेरिएसन आदेश नियमानुसार स्विकृत गर्नुपर्नेमा सो समेत गरेको पाइएन। यसमा सम्वन्धितको ध्यान गई सुधार हुनुपर्दछ ।

४८ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ र नियमावली २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्ने सम्वन्धी विभिन्न प्रावधानहरु रहेका छन् ।यस पालिक अन्तरगत राधा कृष्ण चोक ठाटी पोखरी चोक वडडाडा आपपिपल हर्मी सडक मर्मत कार्य ठेक्का नं २१-०७९।०८० का निर्माण व्यवसायी सनद निर्माण सेवा संग रु ७०९८०४८।–( मू.अ.कर र प्रोभिजनल सम बाहेक ) को ठेक्का सम्झौता मिति २०७९।१२।३० मा गरी कार्य शुरु गरेकोमा नगरप्रमुखले थप काम २४.७४ सहितको भेरिएसन आदेश मिति २०८०।६।१५ मा स्वीकृत गरी संशोधित सम्झौता अंक रु ८८६८२२२।- ( मू.अ.कर र प्रोभिजनल सम समेत ) रु १००८६०९२।– पुर्याई यो वर्ष ३ वटा रनिङ विल र अन्तिम रनिङ विल बाट भौ.नं २,४ र ५० बाट जम्मा रु ८६४५९८३।– भुक्तानी भएको छ ।यसरी भेरिएसन आदेश स्वीकृत गर्नुपर्नामा ऐनको दफा ५४ उपदफा (१) वमोजिम सम्झौताका बखत पूर्वानुमान गर्न नसकिने अवस्था कार्यान्वयनको क्रममा सिर्जना भएको देखिन आएन ।

४९ **भेरिएसन आदेश**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ उपदफा (१)मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिए वमोजिम भेरिएसन आदेश जारी गर्न सक्ने प्रावधान छ । खर खोलामा नदी नियन्त्रणको कार्य गर्ने ठेक्का नं ०२-०८०।०८१ का निर्माण व्यवसायी शिव निर्माण सेवासंग रु ११७७०६००।– ( मू.अ.कर र प्रोभिजनल सम बाहेक ) को ठेक्का मिति २०८०।७।२३ मा कार्य शुरु गरिएकोमा नगरप्रमुखले मिति २०८०।१०।२५ मा २१.९९ प्रतिशत थप काम सहितको भेरिएसन आदेश जारी गरी संशोधित सम्झौता अंक रु १४३५८९५५।-– ( मू.अ.कर र प्रोभिजनल सम बाहेक) पुर्याई यो वर्ष ३ वटा रनिङ र अन्तिम विलबाट रु १६२७४४३६।– भुक्तानी भएको छ।यसरी भेरिएसन आदेश जारी गर्दा ऐनमा भएको उक्त प्रावधान वमोजिम सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति कायम रहेको देखिन्दैन । ग्यावियन वक्सको आइटममा २०.३० प्रतिशत र ढुंगा भर्ने आइटममा २२.१७ प्रतिशत कामको परमाण थप गरी थप परिमाणको कार्य समेत निर्माण व्यवसायीसंग नेगोसिएसन नगरी साविक सम्झौता दरमा कार्य गराइएको छ ।यसमा सम्बन्धित पक्षबाट यथार्थता यकिन हुनुपर्दछ।

| कार्य विवरण | शुरु परिमाण | संशोधित परिमाण | शुरु सम्झौता दर | संशोधित सम्झौता दर |
|---|---|---|---|---|
| ग्यावियन वक्स | ११७७३.६० $m^3$ | १४१६३.८० $m^3$ | रु ५० | ५० |
| ढुंगा फिलिङ गर्ने | २२४५३.० $m^2$ | २७४३०.० $m^3$ | रु २६५ | रु २६५ |

५० **रीतपूर्वकको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली,२०५३ अनुसार क्रेताले आफूले तिरेको रकम र विक्रेताले आफुले प्राप्त गरेको रकमको रीतपुर्वकको कर विजक जारी गर्नु र प्राप्त गर्नु दुवैको दायित्व रहेको उल्लेख छ ।कार्यालयले देहाय वमोजिमको ठेक्कामा निर्माण व्यवसायीलाइ भुक्तानी दिदा र ल्यावपरिक्षणको रकम प्रोभिजनल समबाट भुक्तानी दिदा फोटोकपी विजक संलग्न गरेको आधारमा भुक्तानी गरेको पाइयो।उक्त विजकको सक्कल प्रति र सो विजकमा उल्लेखित मूल्यअभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्छ अन्यथा उक्त भुक्तानी रकम असुल हुनुपर्ने देखिएको रु.

| गो.भो.नं। मिति | निर्माण व्यवसायी | प्रयोगशालाको नाम | भुक्तानी रु | भुक्तानी |
|---|---|---|---|---|
| **निर्माण व्यवसायीले पेश गरेको प्रयोगशाला परीक्षणको बिजक** | | | | |
| १४।०८०।५। १२ | तुलसी जे.डी. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | विल्डर्स एण्ड डेभेलपर्स हेण्ड्स प्रा.लि . (606532781) | ४५५५२ | फोटोकपी बिजक |
| १९।०८०।०६। ४ | Aariz M.H.construction pvt.ltd | गण्डकी सोलुसन प्रा.लि.(610218554) | ६०००० | फोटोकपी बिजक |
| २६०।०८०। ११।८ ३५८।०८०। १२।५ | श्रयस कन्सट्रक्सन प्रा.लि | वाराही टेक्निकल सोलुसन प्रा.लि (606736033) | ३०००० | फोटोकपी बिजक |
| ५१४।०८१।२। २ | अन्नपूर्ण निर्माण सेवा (३०४७६२७७८) | गण्डकी सोलुसन प्रा.लि.(610218554) | ३०००० | फोटोकपी बिजक |
| २।०८०।४।२७ | सनद निर्माण सेवा (३००६०८०३०) | वाराही टेक्निकल सोलुसन प्रा.लि (606736033) | १५००० | फोटोकपी बिजक |
| **निर्माण व्यवसायीलाइ भएको भुक्तानीमा** | | | १८०५५२ | |
| गो.भो.नं। मिति | निर्माण व्यवसायी | भुक्तानी रु | मु अ कर | कैफियत |
| ४३८।०८१।१। ३ | अन्नपूर्ण निर्माण सेवा | ८०८०५९ | ९२९६३ | फोटोकपी बिजक |
| ५१४।०८१।२। २ | अन्नपूर्ण निर्माण सेवा (३०४७६२७७८) | २१८९११० | २५१८४५ | हातले विजक नं ९ लेखेको |
| | जम्मा | | ३४४८०८ | |
| | कुल जम्मा | | ५२५३६० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२५,३६० |

५१ **म्याद थप**

निर्माण व्यवसायीसंग भएको सम्झौताका शर्तहरु र सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ५६ को अवस्थाका कारण नियमावली २०६४ को नियम १२० र १२० क मा वमोजिमको प्रक्रिया पुरा गरी निर्माण कार्यको सम्झौता अवधि थप गर्न सक्ने प्रवधान रहेको छ। ।यस पालिका खेदकुद स्टेडियम निर्माण कार्य ठेक्का नं ०१-०७८।०७९ का निर्माण व्यवसायीले विकोन कन्सट्रक्सन प्रा.लि. संग रु ४४९२५४३।८५ को सम्झौता मिति २०७८।८।७ मा भई कार्यसम्पन्न गर्ने अवधि २०७९/०३/२३ सम्म तोकिएकोमा उक्त निर्माण कार्य मिति २०८०।४।२० मा कार्यसम्पन्न गरी यो वर्ष गो.भौ.नं ४९ मिति २०८०।६।२१ बाट रु २४३६५९०।– अन्तिम विलको भुक्तानी गरिएको छ ।यसरी करिब १३ महिना ढिला गरी कार्यसम्पन्न भएकोमा निर्माण व्यवसायीले कानुनको प्रक्रिया र पर्याप्त कारण सहित म्याद थप माग गरी कार्यालयमा दर्ता गरेको म्याद थप मागको निवेदनहरु र कार्यालयले नियमानुसार म्याद थप गरेको प्रमाणहरु पेश हुन आएन ।तसर्थ उक्त प्रमाणहरु पेश रहेको भए पेश हुनुपर्छ अन्यथा नियमावली को नियम १२१ वमोजिम लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रकम निजबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४९,२५४ |

५२ **म्याद थप नभएको**

निर्माण व्यवसायीले ठेक्का सम्झौतामा तोकिएको कार्य तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ । ।यस पालिकाको वडडाडा जयन्ति मार्ग सडक वडा नं ४ मर्मत कार्य ठेक्का नं ०९– ०८०/ ८१ र ठाटी पोखरी वडडाडा आपपिपल हर्मी सडक वडा नं २,३,४ र ५ को मर्मत कार्य ठेक्का नं १०– ०८०/ ८१ का निर्माण व्यवसायी इन्फिनिटी कन्सट्रक्सन संग क्रमश: रु २६४३२३६।– र रु ३६४७६१७।– को ठेक्का सम्झौता मिति २०८०।१२।१५ मा भई कार्यसम्पन्न गर्ने अवधि ९० दिन तोकिएको छ ।उक्त अवधिमा निर्माण व्यवसायीले क्रमश: ६१९२५३।– र रु २३७३१५०।– को कार्य गरी गो.भौ.नं ११ र ७ मिति २०८१।०३।२३ बाट भुक्तानी दिइएको छ ।तत्पश्चात उक्त २ ठेक्का मा निर्माण व्यवसायीले थप काम गरेको देखिन आएन भने लेखापरीक्षण अवधि २०८१।८र५ सम्म पनि म्याद थप नभई उक्त २ ठेक्का अलपत्र परेको देखिन आयो ।यसमा सम्वन्धित पक्षको ध्यान गई नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी यथाशिघ्र उक्त २ ठेक्काको कार्यसम्पन्न गराउनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,९२,४०३ |

५३ **अधुरो ठेक्का**

निर्माण व्यवसायीले ठेक्का सम्झौता तोकिएको अवधि भित्र तोकिएको निर्माण कार्य सम्मपन्न गर्नुपर्छ ।यस पालिकाको ठकुरी गाउ चैतेफेदी सडक वडा नं ४ निर्माण कार्य ठेक्का नं ०७– ०७८/ ७९ को निर्माण व्यवसायी लक्ष्मी कन्सट्रक्सन संग रु १०४१७८४।- को ठेक्का सम्झौता मिति २०७८।१२।२१ मा भई कार्यसम्पन्न गर्ने अवधि ३.५ महिना अर्थात २०७९ असाढ सम्म तोकिएकोमा ततपश्चात निर्माण व्यवसायीले कुनै कार्य गरेको देखिन आएन ।साथै लेखापरीक्षण अवधि २०८१।९।५ सम्म समेत कुनै भुक्तानी नभएको व्यहोरा कर्यालयले जनाइएको छ ।निजको नाममा विगतमा उक्त ठेक्कामा निजलाई मोबिलाईजेशन पेश्की रु ९२०००।– उपलव्ध गराएको हालसम्म फर्छौट नभई जोखिममा पर्न गएको छ ।उक्त ठेक्काको पेश्की जमानत, कार्यसम्पादन जमानत र वीमाको मान्यअवधि विगत मै समाप्त भएकोमा कार्यलयले समेत म्याद थपको लागि पहल गरेको समेत देखिन आएन।निजको समझौता अवधि समाप्त भएको २९ महिना अर्थात करिब ८३० प्रतिशत अवधि समाप्त हुदा समेत निजको म्याद थप गरी कार्यसम्पन्न गराउने वा ठेक्का तोडी कारवाही प्रक्रिया अगाडी बढाउने सम्वन्धमा पालकाले समेत ठेक्का कार्य गरेको देखिन आएन।तसर्थ उक्त निर्माण कार्य अलपत्र पर्नुको साथै पेश्की बाँकी रकम जोखिममा परेकोले सम्वन्धित पक्षको ध्यान गई आवश्यक कारवाही गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,००० |

५४ **पूर्वनिर्धारित क्षतिपूर्ति असुली**

निर्माण व्यवसायीले सम्झौताका शर्तहरु र सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ को अवस्था श्रृजना भई नियमावली,२०६४ को नियम १२० तथा १२० (क)को विधि र प्रकिया पुरा गरी म्याद थप गर्नुपर्दछ अन्यथा नियम १२१ वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नु गराउनु पर्दछ । यस पालिका स्थित आँपपिप अस्पताल भवन वडा नं ३ को निर्माण कार्य ठेक्का नं ११-०७८।७९ का निर्माण व्यवसायी Aariz M.H construction pvt. Ltd संग रु ५९७३८२५।- ठेक्का सम्झौता मिति २०७९।०१।१४ मा भई कार्यसम्पन्न गर्ने अवधि ७५ दिन तोकिएको थियो ।निजले मिति २०८०।४।५ मा उक्त कार्यसम्पन्न गरी गो.भौ.नं १९ मिति २०८०।६।४ बाट अन्तिम विल रु १४५९९७८।– भुक्तानी लगेको देखियो ।तर निजले उक्त कार्य करिव १ वर्ष ढिला गरी सम्पन्न गरेकोम नियमानुसार पुष्टयाई र कारण सहित म्याद थपको लागि कार्यालयमा निवेदन दर्ता भएको र नियम १२१ बमोजिम म्याद थपको लागि कार्यालयमा निवेदन भएको दर्ता र म्याद थपको कार्य भएको देखिएन ।त्यसैले उक्त अवधिको नयम १२१ वमोजिम लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रकम निज निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९७,३८२ |

५५ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासंग दरभाउपत्र माग गरी पटक पटक खरिद गरिएको पाइयो भने शिल्डबन्दी

दरभाउपत्र वा बोलपत्रको बिधिबाट गरेका केही खरिदहरुमा समेत टुक्राइ सिमित प्रतिस्पर्धाबाट खरिद गरिएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । उदाहरणको लागी निम्न खरिदलाइ लिन सकिन्छ।

| गौ भौ नं।मिति | खरिद बिबरण | आपुर्तिकर्ता | बजेट | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| २७।०८१।१।३ | सोलार स्ट्रिट लाइट खरिद र जडान ७ पिस | पशुपती वायोग्यास तथा निर्माण कम्पनी प्रा ली | ७ लाख ५० हजार | ७५०८८२ | ७०९२४० | ७०९२४० |
| ५५५।०८१।२।२० | सोलार स्ट्रिट लाइट मर्मत | कोरोनेट इनर्जी प्रा ली | | ४२०१९० | ४१९०६० | ४१९०६० |
| ७५५।०८१।३।१८ | बायोमेट्रिक इ एटेन्डेन्स मेसिन | सान ट्रेडर्श | | | | ७२३२०० |
| ११६।०८०।६।४ | ल्यापटप ११ थान | टुडेज कम्प्युटर सिस्टम | | - | ९४०९५१ | ९४०९५१ |

५६ **प्रमाण र पुष्ट्याइ**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने र उपनियम (९) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने प्रावधान रहेको छ । कार्यालयले देहायका गोश्वारा भौचर र मितिबाट निम्नानुसारको रकम भुक्तानी दिइ खर्च लेखेको छ। तर उक्त रकमबाट सम्बन्धित कार्य भएको प्राविधिक पुष्ट्याई र नापी किताब सहितका बिल भरपाई र प्रमाण तथा अनुगमन प्रतिवेदन पेश हुन आएको नदेखिएकोले पेश हुनुपर्ने रु.

| गौश्वरा भौ नं | खरिद बिबरण | आपुर्ति कर्ता | लागत अनुमान | खरिद बिधि | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ५४२।०८१।२।१७ | ग्यावियन बक्स ३०० खरिद | शिवशक्ति मेशिनरी एण्ड सप्लायर्स | ९८०८४० | दरभाउपत्र | ९७७३३७ | वितरण गर्न |
| ३८८।०८०।१२।४ | HDPE पाइप ८२४ मि खरिद | जगदम्वा प्लाष्टिक इण्डस्ट्रिज प्रा ली | २९३५३१ | दरभाउपत्र | २८८६५५ | वितरण गर्न |
| ५४०।०८१।२।१७ | HDPE पाइप १४६० मि खरिद | एभोकाडो इण्टरनेशनल प्रा ली | ७७९१३९ | दरभाउपत्र | ७६३५१८ | वितरण गर्न |
| ५३७।०८१।२।१७ | HDPE पाइप १२१०० मि खरिद | जगदम्वा प्लाष्टिक इण्डस्ट्रिज प्रा ली | ६८४२९१ | दरभाउपत्र | ६८०९९४ | वितरण गर्न |
| | | | | | २७१०५०४ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,१०,५०४ |

५७ **कृषि सहकारी संस्था तथा समुहलाइ यन्त्र तथा उपकरण अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागू गर्नुपर्ने उल्लेख छ । दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन

पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन । सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तिको मूल्य वृद्धि हुने र नाफामूलक संस्थामा खर्च गर्ने सम्बन्धमा पालिकाले नियन्त्रण गर्नु पर्दछ । पालिकाले यो वर्ष ३२ मिनिटिलर, ८ फुट स्पेयर, पावर चाप कटर ३ hp 3 roller का ८, थ्रेशर ८, लगायत १० किसिमका यन्त्र तथा उपकरणहरु बोलपत्रको बिधि मार्फत मुक्तिनाथ एग्रिकल्चरल कम्पनी प्रा ली बाट खरिद गरी गौ भौ नं ३९ मिति २०८१।३।२४ बाट निजलाइ रु. ८४५०००। भुक्तानी गरेको छ । यस प्रकार खरिद गरेका यन्त्र तथा उपकरणहरु देहाय बमोजिमका कृषि सहकारी संस्थाहरुलाई बराबरका हिसावले एकमुष्ठ भर्पाइ गराइ वितरण गरिएको छ । नाफा मुलक सहकारी संस्थाको व्यवस्थापन तथा संचालन कार्यको लागि यसप्रकार दिएको अनुदान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७६ अनुसार दिन मिल्ने नदेखिनुका साथै कार्यालयलाई थप व्ययभार श्रृजना भएको हुँदा निज संस्थाबाट असुल हुनुपर्ने रु.

| संस्थाको नाम र ठेगाना | आपुर्तिकर्ता | उपकरणहरु | रकम |
|---|---|---|---|
| जुडीखोला दुग्ध संकलन केन्द्र | नेशनल रेफ्रिजेरेटर उद्योग | मिल्क पम्प, मिल्क एनालाइजर कम्प्लिट सेट, मिल्क चिलिङ्ग भाट १००० ली, १/१ सेट | ८४५००० |
| | | असुल गर्नुपर्ने | ८,४५,००० |

५८ **टुक्रा गरेर खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका बिधिहरु र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ।पालिकाले देहाय बमोजिमको खरिद कार्य गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाइ लागत अनुमान तयार गरेर ठेक्का व्यवस्थापन मार्फत गराउनु पर्नेमा एउटै प्रकृतिका कार्यहरु समेत छुट्टाछुट्टै रुपमा सोझै वा ३ वटा खुला दरभाउपत्र लिइ खरिद गराउने गरेको देखियो । यसका केही उदाहरण निम्नानुसार छन् ।

| योजना/कामको बिबरण | लागत अनुमान | निर्माण व्यवसायी/आपुर्तिकर्ता/सेवा प्रदायक | | | सम्पन्न काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| | | नाम | सम्झौता रकम | घटी प्रतिशत | रकम | |
| वडा नं ५ स्थित ठाटी पोखरी बजार हवाइ ग्राउण्ड नगरपालिका परिषर र वडा नं ४ कुमालगाउ बारपिर्के लेन मार्किङ्ग कार्य | ९२५५७४ | डायमण्ड इन्फ्रा इन्जिनियरिङ्ग प्रा ली | ९२४०५७ | ०.१६ | ८८२८६९ | ८८२८६९ |
| रोटेपानी मोड ठाटीपोखरी आपपिल सडक कालोपत्रेको कार्य | ३०४२६३ | शंखमाइ निर्माण सेवा | २९८५१० | १.८९ | २९१६८९ | २९१६८९ |
| आपपिपल अस्पतालमा आल्मुनियम पार्टिसन कार्य | ६९५४६६ | आल्मुनियम एण्ड स्टिल प्रा ली | ६८१४६४ | २.० | ६८१४६४ | ६८१४६४ |

५९ **प्रमाण पेश हुनु पर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (१० ) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यसतो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल,भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले जीवन ज्योति माध्यमिक विद्यायललाई उक्त विद्यायल मार्फत एक गाडी खरिद गरी गो.भौ.नं ११ मिति २०८१।२।३२ बाट रु २० लाख र गो.भौ.नं ५७९ मिति २०८१।२।३२ बाट रु १० लाख समेत जम्मा रु ३० लाख भुक्तानी दिएको छ।उक्त बस पालिकामा आम्दानी बाधी विद्यायलमा हस्तान्तरण र दाखिला गरेको प्रमाण पेश हुनु पर्नेमा पेश भएको देखिन आएन ।त्यसैगरी उक्त बस खरिद गरेको कर विजकको फोटोकपी (सक्कल यातायात कार्यालयमा रहने

)पेश हुनुको सट्टा वीमा गरेको विजक, सिट लगायत बनाएको विजक,यातायातमा दर्ता गरेको शुल्क र clearing र forwarding charge को विल विजक मात्र पेश भएकोले गाडी खरिद गरेको सिप्रदी ट्रेडिङ लिमिटेड को विजक पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

६० **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार तोकेको छ । दफा १६ को उपदफा (४)(१) क. मा नगर प्रमुखको र (४)(१)ग. मा वडाध्यक्षको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थामा नगर प्रमुख र वडाध्यक्षले आर्थिक सहायता दिनसक्ने, वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने र पालिकालाइ थपव्ययभार श्रृजना गर्ने प्रकृतिका कार्यमा खर्च गर्न सक्ने अधिकार रहेको देखिएन । दफा ७३ उपदफा (७) मा कार्यपालिकाले सभावाट स्वीकृत बजेटको सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले पालिकास्तरिय बजेट तथा योजनामा समावेश गराइ देहाय बमोजिम पूजिंगत बजेटबाट वितरणमुखी र थप आर्थिक व्ययभार श्रृजना हुने प्रकृतिका कार्यमा खर्च लेखी भुक्तानी दिएको छ । यसरी खर्च गर्दा र गराउदा पालिका प्रमुख वा वडाध्यक्षको तोक आदेश अनुसार खर्च लेखिएको छ । यस प्रकार खर्च लेखिएको वितरणमुखी र थपव्ययभार श्रृजना हुने प्रकृतिको खर्चबाट पालिकालाइ थप दायित्व पर्न गएको रु…

| गौ भौ नं । मिति | बिबरण | लागत अनुमान | नाम | भुक्तानी |
|---|---|---|---|---|
| ८१५।०८१।२।२५ | इन्भरटर चुलो वितरण | १५७२१८७ | सोभान/सिग्देल जे भी | १५७२१८७ |

संघीय सरकारको स्वीकृत कार्यक्रम अनुसार ३०प्रतिशत र ७० प्रतिशतको साझेदारीमा उक्त कार्यक्रम संचालन गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।

| | |
|---|---|
| अनियमित भएको | १५,७२,१८७ |

६१ **डिपिआर लगायत अध्ययन कार्य**

कार्यालयले यो बर्ष स्वीकृत कार्याक्रम अनुसार ६ वटा डिपिआर लगायतको अध्ययन कार्य गराई निम्नानुसार रु २२४७४१३/- खर्च लेखेको छ ।

| क्र.सं. | डिपिआरको विवरण | डिपिआर गर्ने कम्पनी | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|
| १. | ठाटीपोखरी संरक्षण क्षेत्रको DPR अध्ययन | अर्वान आर्किटेक्ट | ४९६९०६ | ४९२३९७ | ४९२३९७ |
| २ | शहिद पार्क पालुङ्गटार ४ को गुरुयोजनाको DPR तयार गर्ने | लामा ब्रदर्श कन्स्ट्रक्सन प्रा ली | ४९६९०६ | ४९२३९७ | ४९२३९७ |
| ३ | न पा को क्षमता बिकास योजना तर्जुमा परामर्श सेवा प्रदान | Research Angenly for Federal and Local Development pvt ltd | २९९४५० | २९७७५५ | २९७७५५ |
| ४ | IEE Study Report | फाइन डिजाइन प्रा ली | २५७२६६ | २५३७९८ | २५३७९८ |
| ५ | IEE Study Report | रिलेण्टलेस इन्जिनियरिङ्ग कन्सल्टेन्सिज प्रा ली | ४९९५७० | ४९७९९१ | ४९७९९१ |
| ६ | नपा भित्र रहेका कृषि तथा पशु पक्षीं फर्महरु को स्थिति अध्ययन | सोबिज ट्रेण्ड मिडिया एण्ड आइटी कन्सल्टेन्सी प्रा ली | | २१३०७५ | २१३०७५ |
| | | जम्मा | | | २२४७४१३ |

उपरोक्त खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त वमोजिमको अध्ययन कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत

अनुमान तयार गर्दा सम्वन्धित कामको लागि वास्तविक रुपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन।

- **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरुको उल्लेख छ । कार्यालयले उपरोक्त वमोजिम डिपिआर लगायतको अध्ययन कार्य गराउदा रु ५ लाखसम्मका लागत अनुमान भएका कार्यमा प्रत्येकमा ३ वटा दरले पत्र मार्फत सोझै र खुला रुपमा दरभाउ पत्र लिएर प्रस्ताव छनौट गरेको छ ।यसरी छनौट भएका घटीवालासंग सम्झौता गरेको देखियो । यसरी गरेको खरिद कार्य स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन ।
- **अभिलेखिकरण र संचालन :** कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान गरेका सफ्टवेयरहरु र विगत र हाल अध्ययन गरेका विभिन्न डिपिआर लगायतका अध्ययनका प्रतिवेदनहरुको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन ।

## ६२ उपभोक्ता समितितर्फ

६२.१ कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम ४६२ वटा उपभोक्ता समितिहरुबाट रु.१६,१४,३४,३४०।९४ को कार्य गराएकोमा रु.३,७६,३१,१५८।९८ को कार्य लागत/ जनसहभागिताबाट गराइ बाँकी रु.१२,८६,१९,८२६.७९ नगरपालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ ।

| विवरण | उपभोक्ता समिति संख्या | लागत अनुमान | सम्झौता रकम | जम्मा भएको काम | लागत/जनसहभागिताबाट भएको | कार्यालयको श्रोतबाट भुक्तानी |
|---|---|---|---|---|---|---|
| उपभोक्ता भएको काम | ४६२ | १८,८१,५५,७९४.९२ | १८,८१,५५,७९४.९२ | १६,१४,३४,३४०.९४ | ३७,६३१,१५८.९८ | १२,८६,१९,८२६.७९ |

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

६२.२ **बजेट तथा कार्यक्रमको संशोधन:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ उपदफा ३ मा स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्ने सम्वन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने र उपदफा ७ मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गइ बजेट खर्च गर्न नपाउने उल्लेख रहेको छ । पालिकाले योवर्ष प्रत्येक वडाको लागि बजेट र कार्यक्रम स्वीकृत गरेकोमा वडाहरुले योजनाहरु कार्यपालिकाबाट संशोधन तथा थपघट गरी कार्यान्वियन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । त्यसैगरी सभाबाट शुरुमा स्वीकृत पालिका स्तरिय योजनाहरु कार्यपालिकाको निर्णय र नगरप्रमुखबाट तोकादेश मार्फत संशोधन तथा थपघट गरी कार्यान्वन गरेकोमा पछि सभाबाट अनुमोदन गरेको जनाएको छ । यसप्रकार सभाले शुरुमा बजेट तथा योजना स्वीकृत गर्दा र कार्यपालिकाको निर्णयबाट संशोधन भएका र नगरप्रमुखबाट तोकादेश भएका योजना तथा कार्यक्रम छनोट गर्दा नेपाल सरकारको खर्च बर्गिकरण र व्याख्या तथा बजेटको सिद्वान्त बिपरित पुंजिगत बजेटमा चालु तथा उपभोग र संचालन पकृतिका खर्च समेत समावेश गरी खर्च गर्ने गरेको पाइयो । यस प्रकार गरेको बजेट तथा कार्यक्रमको संशोधन र कार्यान्वियनलाइ कानुन अनुरुप भएको भन्न मिल्ने देखिएन ।

६२.३ **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम

भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ ।

त्यसैगरी बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन । यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

६२.४ कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम तयार गर्नुपर्दछ । जस अनुसार उपभोक्ता समितिबाट गराउने निर्माण कार्यको लागत अनुमान तयार गर्दा ओभरहेड र मूल्य अभिवृद्धि कर बाहेक परिमाण र दर बिश्लेषणबाट निकालिएको लागत अनुमानमा मूल्य अभिवृद्धि कर लाग्ने निर्माण सामग्रीको मात्र मूल्य अभिवृद्धि कर यकिन गरेर (VAT for VATABLE Items) उक्त निकालिएको लागत अनुमानमा थप गरेर हुने रकमलाइ कुल लागत अनुमान कायम गरिनु पर्ने र सोही बमोजिम कार्य गराइ उपभोक्ता समितिले निर्माण कार्य गर्दा लागत अनुमानमा उल्लेख भएको मूल्य अभिवृद्धि कर रकममा नबढ्नेगरी मूल्य अभिवृद्धि कर लाग्ने निर्माण सामग्री खरिद गर्दा बिल बमोजिम तिरेको वास्तबिक मूल्य अभिवृद्धि कर रकम ठेक्का बिल र कार्य स्वीकार प्रतिवेदनमा समावेश गरेर भुक्तानी गर्नु गराउनु पर्नेमा सो बमोजिम नगरी लागत अनुमानको दर बिश्लेक्षण गर्दा नै मूल्य अभिवृद्धि कर रकम समेत समावेश गरी तयार गरेको र सोही बमोजिमको मूल्य अभिवृद्धि करको सबै रकम उपभोक्ता समितिलाइ भुक्तानी दिने गरेको देखियो । जसले गर्दा उपभोक्ता समितिले वास्तविक रुपमा तिरेको मूल्य अभिवृद्धि कर रकम भन्दा बढी रकम निजलाइ भुक्तानी हुन सक्ने अवस्था रहेको हुदा यस सम्वन्धमा यथार्थता यकिन गरिनु पर्ने देखिन्छ ।

६२.५ **तेश्रो पक्षबाट कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

६२.६ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ

६२.७ **जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित

रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।

६२.८ सामुदायिक भवन निर्माण: पालिकाले योवर्ष बिभिन्न वडाहरुमा सामुदायिक भवनहरु निर्माण गरेकोमा निजी जग्गा वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको हो खुल्दैन । अधिकांश भवनहरु समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाको लालपुर्जा राख्ने गरेको नदेखिएबाट यकिन हुन सकेन । यसमा सुधार हुनु पर्दछ ।

६२.९ **हस्तान्तरण र लगत अद्यावधिकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र नगर पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् । स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

६२.१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। नगर सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ ।

६२.११ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटर बाटो ढलान गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, पिच गर्ने, खानेपानी टंकी निर्माण गर्ने, सिंचाइ योजना निर्माण,, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल

भर्पाइबाट देखियो । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । केही उदाहरणः

| भौ.नं. | उपभोक्ता समिति | लागत अनुमान (रु.) | मूल्याङ्कन (रु.) | भुक्तानी(रु.) | हेभी इक्वीपमेन्ट रकम (रु.) |
|---|---|---|---|---|---|
| ३८ | सिम्लेखेत कुलो मर्मत उ स | ६०८०४ | ५९८७९ | ५९८७९ | ६०३१३ |
| ३९ | गौडा पुरानो डि ढिकीडाँडा सडक निर्माण योजना उ स | ११६२२३२ | १०२२९९१ | ८२१२५४ | ६७८०० |
| ४० | अकला मा वि देखि बेलखोरिया सडक ग्रावेल कार्यक्रम | २३२५०० | २३३२७५ | १९४००० | ७७९७० |
| ४१ | पदेला झिरवास सिद्धथान सडक निर्माण कार्यक्रम | ५८१२५० | ५७८०२७ | ४८१७७८ | ५०१७२० |
| ४३ | द्वामे चौतारादेखि देउराली मोटरबाटो स्तरोन्नति कार्यक्रम | २३२५०० | २२४९६५ | १८६४६५ | १०१७०० |
| ४८ | रातमाटे डाँडा रहले झोलुङ्गे पुल सम्मको नयाँ ट्रयाक सञ्चालन उ स | ४०६८७५ | ४०१४४३ | ३३४०६८ | १७९६७० |
| ६८ | आहालदेखि चिहान हुँदै सिद्धबाबा सम्म मोटरबाटो निर्माण कार्यक्रम | २९०६२५ | २७४२३९ | २२६११४ | २५०८६० |
| ७२ | सिद्ध आ वि झाक्रा सडक निर्माण | ८१३७५० | ७८७५६५ | ६५२८१५ | ७०००३५ |
| ८० | मनसुनजन्य क्षतिग्रस्त ग्रामिण सडक मर्मत | ५२२०२४ | ५०२२८५ | ४१६७६१ | ४९८३३० |
| ८१ | वडा नं ३ अन्तरगत बाटो मर्मत एवं सरसफाई योजना | २९१०८८ | २८७९७९ | २८७९७९ | २८७९७९ |
| १०४ | सडक मर्मत दर्शौं | २३२४७५ | २३०७३६ | १९२२६२ | २०४००० |
| १३२ | चम्फेकुवा सिटिईभिटिई हुँदै बसपार्क सडक निर्माण | ६२५५७१ | ५९९३६७ | ४८५००० | ३३२२२० |
| १४० | मनसुनबाट क्षतिग्रस्त ग्रामिण सडक मर्मत | २३२५०० | २०६४५२ | १६७१३८ | २०००१० |
| १४५ | बागडाँडा बेलौते गैरा छरछरे सडक स्तरोन्नति कार्यक्रम | ३४८७५० | ३४६५७५ | २८८८२५ | ३५२५६० |
| १४६ | वडा नं २ अन्तर्गत मोटर बाटो मर्मत एवं सरसफाई योजना उ स | ३८०७१३ | ३६६३३९ | ३६५९९७ | ३९३२४० |
| १५१ | महरियादेखि झिरौटी मोटरबाटो ग्रावेल कार्यक्रम | ११६२२५० | १०१९८२ | ८२७३२ | १०१७०० |
| १५३ | मनसुनले क्षतिग्रस्त सडक मर्मत | ४६४८४० | ४६३२९५ | ३८६४५५ | ४०५००० |
| १५६ | अर्चलेदेखि तल्लो भोर्ले सडक उ स | २३२५०० | २३००३१ | १९१५३१ | २०००१० |
| १६४ | खारखोला दोभानदेखि चालिसे डाँडा मो बा स्तरोन्नति उ स | १७४३६९ | १७२८८० | १४४०११ | १६५१६१ |
| १६९ | चेतेफेदी ठकुरी गाउँ सडक निर्माण कार्यक्रम उ स | ११२६५०१ | १०९८०७८ | ८७३००० | ६४९१९६ |
| १८४ | लाजिकोट डुम्रेथुम सडक स्तरोन्नति उ स | २३२५०० | २३०८१० | १९२१९५ | १९९९६५ |
| २५६ | सिरिसे तिलाराम भन्ज्याङ सडक स्तरोन्नति कार्यक्रम | ५८१२५० | ४९९७७७ | ४०३५२७ | ४०००२० |
| ३०५ | कटुन्जेपानी सडक निर्माण कार्यक्रम | २३२५०० | २२२९९१ | १८४४९१ | १९४९९३ |
| ३२४ | पुर्ने पिपल खेलकुद मैदान निर्माण | ३४८७५० | ३३९०७९ | २८१३२८ | २९८३२० |
| ३६८ | सिप्लियान डाँडा खेल मैदान उ स | २३२१९३ | २३१९६४ | १९३७७० | २३२४९८ |

६२.१२ **अनुगमन समितिः** नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

६२.१३ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

## ६३ उपभोक्ता समितिद्धारा खरिद

सार्वजनिक खरिद नियमावलिको नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था रहेको छ साथै सो नियमावलीमा उपभोक्ता समितिले सामग्री खरिद गर्न पाउने कुनै व्यवस्था गरेको देखिदैन । कानूनी व्यवस्था अनुसार निर्माण कार्यमात्र उपभोक्ता समिति द्धारा गराउनुपर्ने व्यवस्था हुँदा हुँदै तपसिल बमोजिमको मालसामानमा खरिद समेत उपभोक्ता समिति मार्फत गरिएको नियमसम्मत नभएको रु.

| गो भौ मिति | विवरण | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|
| ६१ २०८०।४।३१ | कुमाल जाती भेषभुषा पोषाक खरिद | कुमाल जनजाती भेषभुषा खरिद उ स | ५०००० |
| ४०५ २०८०।१०।२४ | टेन्ट खरिद | पिपलटारी महिला समूह | १००००० |
| ४०४ २०८०।१०।२४ | ब्लाङकेट खरिद | जेष्ठ नागरिक समिति २ | ५०००० |
| १०८२ २०८१।३।२४ | कुमाल कपडा खरिद | मिलिजुलि कुमाल गुठी उ स | १५०००० |
| ७९ २०८०।५।३ | पन्चेबाजा खरिद | पञ्चेवाजा खरिद कार्यक्रम उस(दार्हे गौडा नौमति बाजा समूह) | ९९४४० |
| ४०९ २०८०।१०।२५ | तिज गित प्रतियोगिता कार्यक्रम | तिज गित प्रतियोगिता उ स | १००००० |
| **जम्मा** | | | **५४९४४०** |

| अनियमित भएको | ५,४९,४४० |
|---|---|

## ६४ लागत सहभागिता

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । त्यस्तै गण्डकी प्रदेशको उपभोक्ता समिति गठन¸ परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि¸२०७५ को दफा ३ मा उपभोक्ताको लागत सहभागितामा सञ्चालन हुने आयोजनाको कार्यान्वयन उपभोक्ता समितिबाट गर्न प्राथमिकता दिइने¸दफा ६ मा सार्वजनिक कार्यहरूमा उपभोक्ता समितिको लागत सहभागिता सम्झौता रकमको कम्तीमा १० प्रतिशत हुनुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरूबाट गर्ने कार्यहरूमा कम्तीमा २० प्रतिशत लागत सहभागिता जुट्ने गरी सम्झौता गर्दै आएकोमा मिति २०८०।६।२४ को विपद र मर्मत सम्भारका योजनाहरुमा २० प्रतिशत जनश्रमदान हटाउने निर्णयानुसार उपभोक्ता समितिहरूबाट गराएको उक्त कार्यहरूमा लागत सहभागिता जुटाएको छैन ।उपभोक्ताको लागत सहभागिता नरहँदा योजनाप्रति उपभोक्ताको स्वामित्व रहँदैन । उपभोक्ताको लागत सहभागिता रहने योजनाहरू उपभोक्ता समितिबाट गराउने कार्यलाई प्राथमिकता दिनुपर्दछ ।

| भौ.नं. | उपभोक्ता समिति | लागत अनुमान (रु.) | मूल्याङ्कन/भुक्तानी (रु.) |
|---|---|---|---|
| ३८ | सिम्लेखेत कुलो मर्मत उ स | ६०८०४ | ५९८७९ |
| ८१ | वडा नं ३ अन्तरगत बाटो मर्मत एवं सरसफाई योजना | २९१०८८ | २८७९७९ |
| १४६ | वडा नं २ अन्तर्गत मोटर बाटो मर्मत एवं सरसफाई योजना उ स | ३८०७१३ | ३६६३३९ |
| २३७ | जनज्योति आधारभूत विद्यालय घेरावार कार्यक्रम | ४६५००० | ४६४२३९ |
| २५८ | पृथ्वी प्राथमिक विद्यालय | १४९७२३ | १४७४५४ |
| २७३ | जनता मा वि भौतिक पूर्वाधार निर्माण | ४६५००० | ४६४००० |
| ४५६ | विन्दावासिनी आ वि घेराबार | ६५१००० | ६४९७०९ |
| ५५३ | १ नं. वडा कार्यालय घेराबार उ स | ४६५००० | ४६२८०९ |
| ५६२ | बालकल्याण मा वि | १३९५०० | १३८६७८ |
| ५६७ | च्याङ्ली स्वास्थ्य चौकी | ४१८५०० | ४१६५८१ |
| ५८७ | रजगरे मा वि | ५११५०० | ४८६१९३ |
| ६०८ | श्री रत्न आधारभूत विद्यालय | ३७२००० | २४२०६६ |
| ६३५ | बालकल्याण मा वि | ९३००० | ९२१३३ |
| चालु ४८६ | भवानी मा वि व्यवस्थापन अनुदान | ५००००० | ४६४११२ |
| शिक्षा ४ | जनकल्याण प्राथमिक विद्यालय घेराबार | ४६५००० | ४६३९९६.३९ |
| शिक्षा ६ | श्री सरस्वति प्राथमिक विद्यालय पुर्वाधार मर्मत | ४९८८८३.३५ | ५११३८४.८६ |
| शिक्षा १२ | कालिका प्रा वि पुर्वाधार मर्मत | १८६००० | १८५७१७.१६ |
| जम्मा | | | ५९०३२६९ |

६५ **रोयल्टी**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को व्यवस्था अनुसार ढुङ्गा, गिट्टी बालुवाको उत्खनन् संकलन र बिक्रीमा प्रति घन फिट रु.९ का दरले शुल्क, मूल्य अभिवृद्धि कर ऐन बमोजिम १३ प्रतिशत मु.अ. कर र आयकर कर ऐन अनुसार १.५ प्रतिशत समेतले हुने रकम असुल गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाका केही उपभोक्ता समितिहरूबाट भएको कार्यमा ढुङ्गा, गिटी समेतको प्रयोग भएकोमा उत्खनन् संकलन तथा बिक्री वितरणको अनुमति नलिई खरिद संकलन एवं प्रयोग भएका निम्नानुसारको परिमाणको ढुङ्गा गिट्टी समेतको रोयल्टी, मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर बापतको रकम समेत बुझाएको नदेखिदा रोयल्टी बापतको रकम, मु.अ.कर तथा अग्रिम आयकर बापतको रकम समेत उपभोक्ता समिति मार्फत असुल गर्नुपर्ने रु.

| भौ.नं. | उपभोक्ता समिति | सागग्री | परिमाण (घ.मि) | रोयल्टी, मु अ क र अग्रिम आयकर समेतको रकम (रु.) |
|---|---|---|---|---|
| ४८ | रातमाटे डाँडा रहले झोलुङ्गे पुल सम्मको नयाँ ट्र्याक सञ्चालन उ स | ढुङ्गा | १७.५ | ६३६२ |
| ५४ | अकलादेखि देउराली जाने बाटो अधुरो सिढी निर्माणको योजना उस | गिटी | ६२.५ | २२७२२ |
| ९७ | हात्तीगौँडा ठाडोबाटो सिढी निर्माण कार्यक्रम उ स | ढुङ्गा | २०.० | ७२७१ |
| १७० | सेरा बजार भित्रीबाटोमा ढुङ्गा बिच्छ्याउने कार्यक्रम | ढुङ्गा | ३१.४ | ११४२३ |
| २१३ | बज्रेडाँडा भित्री बाटो ढलान कार्यक्रम | ढुङ्गा | ३४.४ | १२४९९ |
| २१६ | पंचासे देखि सिद्ध गुठ सम्म गोरेटो बाटो सिढी निर्माण उ स | ढुङ्गा | २९.७ | १०७९० |
| २२५ | मालतीगैरा धारापानी सडक स्तरोन्नति उ स | ढुङ्गा | ३४.७ | १२६०८ |
| २३३ | ओडारे घर्तीगाउँ भण्डारी चौतारो सिढी निर्माण कार्यक्रम | ढुङ्गा | ३९.४ | १४३३५ |
| २४४ | गुरुङ समाज जाने बाटो निर्माण उ स | ढुङ्गा | ३९.९ | १४४९१ |
| २४६ | ढाड सन्सरी हुँदै थामडाँडा सडक निर्माण उ स | ढुङ्गा | २७.० | ९८१६ |
| २६१ | आँपडाँडा रिपगाउँ सडक स्तरोन्नति कार्यक्रम | ढुङ्गा | २४.८ | ९०२३ |
| २८६ | अक्षेते कुलो आहाले गरा खानेपानी एवं आचार्य गाउँ सिढी निर्माण | ढुङ्गा | २४.६ | ८९३९ |
| ३०१ | तल्लोफाँट कालामाटा तालपोखरी सडक उ स | ढुङ्गा | ६३.५ | २३०९७ |
| ३०६ | ठाटीपोखरी पैदल मार्ग निर्माण | ढुङ्गा | ३७.४ | १३६११ |
| ३१० | धरमपानी नौखोर बेलबोट सडक निर्माण | ढुङ्गा | ४८.४ | १७६०७ |
| ३४३ | चिसाखोला काराखेती चौतारो तिलाराम भन्ज्याङ सडक योजना | ढुङ्गा | ३३.५ | १२१६१ |
| ३४४ | वनठाँटी वर्षरे चापभन्ज्याङ सडक निर्माण | ढुङ्गा | ४०.७ | १४७७८ |
| ३९७ | बांगे कुलो मर्मत उ स | ढुङ्गा कंक्रिट | २०.० | ७२७१ |
| ४१५ | बढुवा बाँध कुलो निर्माण उ स | ढुङ्गा | ५४.० | १९६३२ |
| ४१६ | पन्ध्रेको कुलो कार्कीगाउँ उ स | ढुङ्गा | ४५.० | १६३६० |
| ४३९ | गोकुलढुके तिलखल्या कुलो निर्माण उ स | ढुङ्गा | ३२.० | ११६३३ |
| ४४२ | उखुबारी बिजुलीडाँडा सडक स्तरोन्न्ति | ढुङ्गा | ७०.० | २५४४९ |
| ४५४ | जरवीरे सिमलबोट खानेपानी मर्मत | ढुङ्गा | १७.५ | ६३६२ |
| **जम्मा** | | | | ३०८२४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०८,२४० |

६६ **उपभोक्ता समितिको कार्यमा म्याद थप**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ र नियमावली ,२०६४ को नियमा १२० मा सम्बन्धित निर्माण व्यवसायी, आपुर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले काबुबाहिरको परिस्थिति सिर्जना भएमा, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध

गराउन नसकेमा वा अन्य मानसिक कारणबाट सम्झौताको अवधि नबढाई नहुने भएमा कानुनमा तोकेको प्रकिया पुरा गरी ठेक्का सम्झौताको म्याद थप गर्न सकिने प्रावधान रहेको छ ।तर उपभोक्ता समितिसँग गरेको सम्झौतामा सम्झौताको म्याद थप गर्न सकिने कानुनी प्रावधान रहेका पाइदैन भने पालिकाले उपभोक्ता समितिसँग गरेका सम्झौतामाहरूमा समेत निर्माण सम्झौताको म्याद थप गर्न सकिने प्रावधानहरू राखेको पाइएन ।पालिकाले उपभोक्ता समितिसँग सम्झौतामा गरी निर्माण कार्य गराउदा उपरोक्त कानुन तथा सम्झौता विपरित हुने गरी कतिपय उपभोक्ता समितिहरूको सम्झौता अवधि थप गर्ने गरेको देखियो ।यसरी म्याद थप गर्दा उक्त कानुनले तोकेअनुसार काबु बाहिरको परिस्थिति सिर्जना हुन गएको देखिदैन साथै सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको वा अन्य मनासिव कारण समेत उल्लेख गरेको पाइएन । यसप्रकार उपभोक्ता समितिबाट गराएको कार्यहरूमा गरेको म्याद थपको कार्यलाई कानुन बमोजिम भएको भन्न मिल्ने देखिदैन ।यसका केही उदाहरण निम्नानुसार छन्।

| गो.भौ. नं / मिति | उपभोक्ता समिति | सुरु मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप अवधि | भुक्तानी रकम (रु.) | म्याद थप दिने अधिकारी |
|---|---|---|---|---|---|---|
| ३६७।१२।९ | बाह्रफिर्के पण्डितटार बाह्रफिर्के पिङ बाटो स्तरोन्नति | २०८०।९।४ | २०८०।११।५ | २०८०।१२।५ | ६७७५०० | वडा सचिव |

६७ **न्यून विजकीकरण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको कार्यहरूमा निम्नानुसार दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सामान खरिदको बिल पेस गरेकोले निम्नानुसार बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

| भौ.नं. | उपभोक्ता समिति | सामग्री | परिमाण (बोरा/ घ.मि./गोटा) | भुक्तानी दर (रु.) | खरिद दर (रु.) | फरक (रु.) | बढी भुक्तानी (रु.) |
|---|---|---|---|---|---|---|---|
| ९।२०८०।४।२७ | राधाकृष्ण मन्दिर पुर्वाधार निर्माण तथा भित्री सडक स्तरोन्ति उपभोक्ता समिति | opc सिमेन्ट | १४० | ८२४.९ | ६१०.२ | २१४.७ | ३००५८ |
| | | इँटा | ७००० | १७.० | ९.० | ७.९ | ५५३७० |
| | | वालुवा | २१ | २२६०.० | १०९६.१ | ११६३.९ | २४४४२ |
| | | गिट्टी | १५ | २२६०.० | १०९६.१ | ११६३.९ | १७४५९ |
| १०।२०८०।४।२७ | जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापन | opc सिमेन्ट | १३० | ८२४.९ | ७२५.० | ९९.९ | १२९८७ |
| | | मेष जाली ४ फिट | ४६५ | ३१६.४ | २२६.० | ९०.४ | ४२०६८ |
| ३९।६।१८ | गौडा पुरानो डि ढिकीडाँडा सडक निर्माण योजना उ स | opc सिमेन्ट | १०० | ८२४.९ | ६६६.७ | १५८.२ | १५८२० |
| ५४।७।१४ | अकलादेखि देउराली जाने बाटो अधुरो सिढी निर्माणको योजना उस | opc सिमेन्ट | १४४ | ८०२.३ | ६२१.५ | १८०.८ | २६०३५ |
| | | वालुवा | ४५ | २२६०.० | ११३०.० | ११३०.० | ५०८५ |
| ५८।७।२० | मरहट्टा गाउँ सार्कीडाँडा सिमपानी सिढी निर्माण | गिट्टी | १५ | २२६०.० | १३१०.८ | ९४९.२ | १४२३८ |
| | | opc सिमेन्ट | १२० | ८०२.३ | ७५१.५ | ५०.९ | ६१०२ |
| | | वालुवा | २५ | २२६०.० | १६३८.५ | ६२१.५ | १५५३८ |
| ६४।७।२१ | हर्मीकोट दलित भवन निर्माण कार्यक्रम उ स | इँटा | ६००० | १८.१ | ७.९ | १०.२ | ६१०२० |
| ८७।८।६ | रोजगार कार्यक्रम पा न पा वडा नं ६ | सिमेन्ट | १०८ | ८०२.३ | ६२१.५ | १८०.८ | १९५२६ |
| ९४।८।१२ | जलजले सामुदायिक भवन घेराबार | सिमेन्ट | १०० | ८०२.३ | ६००.० | २०२.३ | २०२३० |
| १००।८।१९ | खोप्लाङ भन्ज्याङ नेवा गुठी भवन निर्माण कार्यक्रम | opc सिमेन्ट | २०० | ८०२.३ | ६६१.१ | १४१.३ | २८२५० |
| १०३।८।२० | विर्दी बजार ट्रस पुल हुँदै परिडिही जोड्ने गोरेटो बाटो पक्की सिढी निर्माण योजना | opc सिमेन्ट | १२० | ८०२.३ | ५७०.७ | २३१.७ | २७७९८ |
| १३७।८।२५ | आयुर्वेद पारिवारी सडक निर्माण उ स | opc सिमेन्ट | २१२ | ८०२.३ | ७००.० | १०२.३ | २१६९० |
| १५८।९।१९ | आरचौर कुलो मर्मत कार्यक्रम | opc सिमेन्ट | १२७ | ८०२.३ | ६७८.० | १२४.३ | १५७८६ |
| १७०।९।२२ | सेरा बजार भित्रीबाटोमा ढुङ्गा बिच्छ्याउने कार्यक्रम | opc सिमेन्ट | १०० | ८०२.३ | ६५८.७ | १४३.६ | १४३६२ |
| १८९।९।२५ | छायापधेरा बिजुली डाँडा खानेपानी योजना उ स | opc सिमेन्ट | ९० | ८०२.३ | ५६५.० | २३७.३ | २१३५७ |
| १९९।१०।१२ | कालामाटा तालपोखरी तल्लो फाँट सडक | opc | ३३५ | ८०२.३ | ७११.९ | ९०.४ | ३०२८४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण कार्यक्रम | सिमेन्ट | | | | | |
| २००।१०।१२ | काली आँपदेखि हवाई ग्राउण्ड सडक निर्माण तथा स्तरोन्नति कार्यक्रम | opc सिमेन्ट | ११८ | ८०२.३ | ७११.९ | ९०.४ | १७८९९ |
| २११।१०।२२ | कवरस्थान घेरावार कार्यक्रम वडा नं ३ | opc सिमेन्ट | १२० | ८०२.३ | ६४९.८ | १५२.६ | १८३०६ |
| २१३।१०।२५ | बज्रेडाँडा भित्री बाटो ढलान कार्यक्रम | opc सिमेन्ट | १६० | ८०२.३ | ६००.० | २०२.३ | ३२३६९ |
| २३२।१०।२६ | सातदोबाटो सिढी निर्माण कार्यक्रम | opc सिमेन्ट | ९७ | ८०२.३ | ६२०.० | १८२.३ | १७६८३ |
| २४६।१०।२९ | ढाड सन्सरी हुँदै थामडाँडा सडक निर्माण उ स | opc सिमेन्ट | २७२ | ८०२.३ | ५३७.८ | २६४.५ | ७१९३८ |
| २५९।११।८ | भण्डारीफाँट भण्डारथोक कुलो निर्माण | opc सिमेन्ट | १५० | ८०२.३ | ६७८.० | १२४.३ | १८६४५ |
| २७३।११।१३ | जनता मा वि भौतिक पूर्वाधार निर्माण | opc सिमेन्ट | १२० | ८०२.३ | ५८७.६ | २१४.७ | २५७६४ |
| २८६।११।१४ | अक्षेते कुलो आहाले गरा खानेपानी एवं आचार्य गाउँ सिढी निर्माण | opc सिमेन्ट | १५० | ८०२.३ | ६७८.० | १२४.३ | १८६४५ |
| २९५।११।१५ | जुडीखोला जोगिस्थान तल्लो कुलो मर्मत | opc सिमेन्ट | १२० | ८०२.३ | ६२९.४ | १७२.९ | २०७४७ |
| ३०१।११।१५ | तल्लोफाँट कालामाटा तालपोखरी सडक उ स | opc सिमेन्ट | १५० | ८०२.३ | ६४९.८ | १५२.६ | २२८८३ |
| | | opc सिमेन्ट | २०० | ८०२.३ | ५९१.० | २११.३ | ४२२६२ |
| ३०४।११।१५ | समिचौतारा ठाँटीपोखरी सौन्दर्यकरण कार्यक्रम उ स | opc सिमेन्ट | २०० | ८०२.३ | ६६०.० | १४२.३ | २८४६० |
| ३०६।११।१६ | ठाटीपोखरी पैदल मार्ग निर्माण | opc सिमेन्ट | १५० | ८०२.३ | ६१०.२ | १९२.१ | २८८१५ |
| ३१०।११।१६ | धरमपानी नौखोर बेलबोट सडक निर्माण | opc सिमेन्ट | २६५ | ८०२.३ | ६४९.८ | १५२.६ | ४०४२६ |
| चालु १०२९।३२२ | शहिद प्रतिष्ठान नेपाल भौतिक निर्माण उ स | opc सिमेन्ट | १७५ | ८०२.३ | ६३२.८ | १६९.५ | २९६६३ |
| | | वालुवा | २१ | २२६०.० | ११३०.० | ११३०.० | २३७३० |
| | | गिट्टि | २२ | २२६०.० | ११३०.० | ११३०.० | २४८६० |
| ३४९।१२।४ | बन्चरे सामुदायिक भवन निर्माण | सिमेन्ट | १३७ | ८०२.३ | ५८७.६ | २१४.७ | २९४१४ |
| ३६७।१२।९ | बाहेफिर्के पण्डितटार बाहिपिर्के पिङ बाटो स्तरोन्नति | opc सिमेन्ट | १२० | ८०२.३ | ६६६.७ | १३५.६ | १६२७२ |
| ३७६।१२।१३ | दर्फेखेत कुलो निर्माण | opc सिमेन्ट | १२० | ८०२.३ | ६७८.० | १२४.३ | १४९१६ |
| ३९७।१२।२० | बांगे कुलो मर्मत उ स | opc सिमेन्ट | १२० | ८०२.३ | ६५२.० | १५०.३ | १८०३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४१९।१२।२५ | खर्क जाने बाटो निर्माण उ स | opc सिमेन्ट | १८५ | ८०२.३ | ६२१.५ | १८०.८ | ३३४४८ |
| ४२८।१।३ | गौडा पुरानो डिही सडक निर्माण योजना उ स | opc सिमेन्ट | २०० | ८०२.३ | ६१०.२ | १९२.१ | ३८४२० |
| ४३४।१।३ | लप्सीचौर थानडाँडा हुँदै लुइटेल सडक उ स | opc सिमेन्ट | १२५ | ८०२.३ | ६२१.५ | १८०.८ | २२६०० |
| ४६०।१।२१ | अँधेरी खोला बरबोट सिँचाई संरचना निर्माण | opc सिमेन्ट | १४१ | ८०२.३ | ६४९.८ | १५२.६ | २१५१० |
| ४७२।१।२४ | चालिसे डाँडा सामुदायिक भवन उ स | opc सिमेन्ट | १०० | ८०२.३ | ५५१.२ | २५१.१ | २५१०५ |
| ४७४।१।२४ | शान्ति सृजना युवा क्लव अधुरो भवन निर्माण | इँटा | १२००० | १८.१ | १४.७ | ३.४ | ४०६८० |
| ४८३।१।२५ | चेपेखोला खानेपानी प्रशोधन केन्द्र जाने बाटो | opc सिमेन्ट | १२० | ८०२.३ | ६४९.८ | १५२.६ | १८३०६ |
| ४९६।१।२७ | ढलेकोवर लप्सीचौर सडक स्तरोन्नति उ स | opc सिमेन्ट | १८५ | ८०२.३ | ७३४.५ | ६७.८ | १२५४३ |
| ५२६।२।६ | गुलियो पानी खानेपानी ट्याङ्की निर्माण समिति | opc सिमेन्ट | १४५ | ८०२.३ | ६२१.५ | १८०.८ | २६२१६ |
| ५३३।२।१४ | तिलाराम डाँडा वस्तीमा पहिरो नियन्त्रण | opc सिमेन्ट | १५० | ८०२.३ | ७३४.५ | ६७.८ | १०१७० |
| ५४५।२।१७ | सेरा कुलो निर्माण कार्यक्रम उ स | opc सिमेन्ट | १२० | ८०२.३ | ६४९.८ | १५२.६ | १८३०६ |
| ५७७।२।३१ | गौडा वगर कुलो उपभोक्ता समिति | opc सिमेन्ट | १३० | ८०२.३ | ६२१.५ | १८०.८ | २३५०४ |
| ६२७।३।१६ | विपन्न परिवारलाई शौचालय निर्माण कार्यक्रम उ स | opc सिमेन्ट | १६० | ८०२.३ | ६२१.५ | १८०.८ | २८९२८ |
| संघीय सरकारबाट हस्तान्तरित पुँजीगत २६।१२।२६ | खेलकुद पूर्वाधार निर्माण वडा नं ७ | opc सिमेन्ट | २९५ | ८०२.३ | ६५०.० | १५२.३ | ४४९२९ |
| चालु १९।४।२८ | नयाँ बजार खानेपानी योजना उ स | opc सिमेन्ट | ७०० | ८२४.९ | ७२०.९ | १०४.० | ७२७७२ |
| स्थानीय तह विविध ५।३।४ | भवानी स्कुल फुटपाथ निर्माण योजना उ स | opc सिमेन्ट | १५० | ८०२.३ | ६५०.९ | १५१.४ | २२७१३ |
| जम्मा | | | | | | | १५९२५८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९२,५८७ |

६८ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले देहायअनुसार उपभोक्ता समितलाई प्राविधिक मूल्याङ्कन भन्दा बढी भुक्तानी भएको देखिदा सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

| भौ.नं. | उपभोक्ता समिति | मूल्याङ्कन भएको भुक्तानी हुनुपर्ने (रु.) | भुक्तानी भएको (रु.) | बढी रकम (रु.) |
|---|---|---|---|---|
| ६०५ | प्रधानमन्त्री रोजगार उ स वडा नं ७ | ४६२८३.९ | ७०४३३ | २४१४९.१ |
| संघीय सरकारबाट हस्तान्तरित पुँजीगत ३३ | चिउँडेनी चौतारा सातबिसे स्टिल ट्रस्ट पुल निर्माण उ स | १४५९६१६ | १४९५३२१ | ३५७०५ |
| जम्मा | | | | ५९८५४.१ |
| | | | असुल गर्नुपर्ने | ५९,८५४.१ |

## ६९ उपभोक्ता समिति

गण्डकी प्रदेशको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ को दफा ४ मा उपभोक्ता समितिका सदस्यको योग्यतामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको कर्मचारी वा शिक्षक हुन नहुने व्यवस्था छ । पालिका अन्तर्गत विभिन्न विद्यालयको पूर्वाधार मर्मतका लागि उपभोक्ता समिति गठन हुँदा विद्यालय व्यवस्थापन समितिले नै उपभोक्ता समितिको रूपमा कार्य गर्ने गरी विद्यालयका प्रधानाध्यापक समेत सदस्य रहेको उपभोक्ता समिति गठन भएको समेत देखियो। यस्ता कार्यहरूमा उपभोक्ताको लागत सहभागिता समेत रहने गरी सम्झौता भएको देखिएन।उपभोक्ताहरूको समेत लागत सहभागिता रहने गरी कानुनमा व्यवस्था भएबमोजिम योग्यता भएका व्यक्तिहरू रहेको उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ । उदाहरण-

| भौ.नं. | उपभोक्ता समिति | कार्य | लागत अनुमान (रु.) | पालिका बजेट(रु.) | मूल्याङ्कन/भुक्तानी (रु.) |
|---|---|---|---|---|---|
| शिक्षा ४ | जनकल्याण प्राथमिक विद्यालय | विद्यालय घेराबार | ४६५००० | ५००००० | ४६३९९६.३९ |

## ७० सामुदायिक भवन निर्माण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न वडाहरूमा सामुदायिक भवनहरू निर्माण गरेकोमा उक्त भवनहरू निजी वा समूह/संस्थाको नाममा रहेको जग्गामा बनाएको भन्ने खुल्दैन । अधिकांश भवनहरू समूह/संस्थाको नाममा रहेको जग्गामा बनाइएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएता पनि सम्झौता साथ जग्गाधनी दर्ता स्रेस्ता राख्ने गरेको नदेखिएबाट सो सम्बन्धमा यकिन हुन सकेन । यसमा सुधार हुनुपर्दछ । केही उदाहरण निम्न छन् ।

| भौ.नं. | उपभोक्ता समिति | लागत अनुमान (रु.) | मूल्याङ्कन (रु.) | भुक्तानी (रु.) |
|---|---|---|---|---|
| १४१ | बानियागाउँ महिला समूह भवन निर्माण कार्यक्रम उ स | ५८१२५० | ५८११२३ | ४६४८७३ |
| २७४ | मुलावारी सामुदायिक भवन निर्माण उ स | ६९७५०० | ६८७२०५ | ५४७७०५ |
| ३४९ | बन्चरे सामुदायिक भवन निर्माण उ स | ६९७५०० | ६८७४४९ | ५४७९५० |
| ४०३ | रिपगाउँ महिला समूह भवन निर्माण उ स | ५८१२५० | ५०७२४४ | ३९०९१४ |
| ४२३ | चुनीघाट सामुदायिक भवन निर्माण उ स | ६९७५०० | ६९५६९९ | ५५६१९९ |
| ६२५ | कसेरीफाँट सामुदायिक भवन निर्माण उ स | १७४३७५० | १६९५८६७ | १३३८६९४ |
| ६६६ | मण्डली महिला भवन निर्माण उ स | ५८१२५० | ५८००६९ | ४६१०११ |

## ७१ लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गराउनुपर्ने एवं कार्य सम्पन्न भईसकेपछि सार्वजनिक निकायबाट खटाएको प्राविधिकबाट कामको जाँचपास गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।पालिकाले देहाय बमोजिम निर्माण कार्यमा लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन समेत बिना खर्च लेखेको देखिदा लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन एवं कार्यसम्पन्न प्रतिवेदन बिना खर्च लेखेकोले उक्त प्रमाण पेश हुनुपर्ने नियमसम्मत नदेखिएको रु.

| भौ.नं. | भुक्तानी पाउने | विवरण | रकम (रु.) |
|---|---|---|---|
| ५१ | फ्रेण्ड कन्सट्रक्सन | सेरा पौवाटार सडक मर्मत निर्माण | २३७०११.८५ |
| १७५ | क्रिस निर्माण सेवा | वडा नं. ३ बाटो सरसफाई | ४९३८१ |
| ६२१ | श्री लक्ष्मी मा वि | बालमैत्री विद्यालय पूर्वाधार विकास कार्यक्रम बालउद्यान घेराबार समेत | ३००००० |
| जम्मा | | | ५८६३९२.८५ |

| | |
|---|---|
| अनियमित भएको | ५,८६,३९३ |

७२ **प्रमाण पेस गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। देहायबमोजिमको खर्चको प्रमाण कागजात पेस भएको नदेखिदा प्रमाण पेस गर्नुपर्ने रु.

| भौ.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| ६२४ | शिक्षा पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत भवानी बहुमुखी क्याम्पसमा छात्रवृत्ति रकम बुझाएको भरपाई | १००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

७३ **बैठक भत्ता**

प्रदेश खर्चको मापदण्ड २०७९ परिच्छेद २ को ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था रहेको छ । सो बुदाको (ग) मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ ।तर पालिकाको करार कर्मचारी पदपुर्ती र खरिद तथा मुल्याङकन समिति लगाएतको बैठक सञ्चालन गर्दा कुनै पनि पदाधिकारिहरु कार्यालय भन्दा बाहिरको नभएता पनि एउटै कार्यालयका कर्मचारी र पदाधिकारी सामिल बैठकको भत्ता वितरण गरेको देखिन्छ । यसरी मापदण्डले व्यवस्था गरेअनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा निम्नानुसारको गो भौ नं र मितिमा भत्ता प्रदान गरेको रकमलाइ कानुनसम्मत भएको मान्न सकिदैन । त्यसैले सो बैठक भत्ता बापतको रकम असुल गर्नुपर्ने रु.

| **गो भौ मिति** | **विवरण** | **सहभागि संख्या** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ८०४ २०८१।२।२४ | वोलपत्र मुल्याङकन समितिको बैठक भत्ता | २२ | १३५००० |
| ४५३ २०८०।११।८ | करारका कर्मचारी छनौट | ७ | ६१५०० |
| ५२३ २०८०।११।२२ | करारका कर्मचारी छनौट | ७ | ४०५०० |
| ९६९ २०८१।३।१८ | करारका कर्मचारी छनौट | ४ | १६००० |
| ९५३ २०८१।३।१५ | करारका कर्मचारी छनौट | ७ | ७२००० |
| ३७ २०८०।४।२९ | योजना अनुगमन समितिको विभिन्न समयमा बसेको बैठकको | २१ | २१९००० |
| **जम्मा** | | | **५४४०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४४,००० |

७४ **संघीय र स्थानीय कार्यक्रममा दोहोरोपना**

संघीय सरकाले स्वास्थ्यतर्फको सशर्त कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको यातायात तथा प्रोत्साहनका लागि आर्थिक वर्ष २०८०।८१ मा प्रति महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई जनही रु.१२०००। का दरले यातायात भत्ता प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत बजेट निकासा गरेकोमा पालिकाले समेत सोही कार्यक्रमको लागी ६५ जना स्वयंम सेविकाहरुलाई वार्षिक रू.३६,०००।– को दरले यातायात भत्ता रु.२३४००००। भुक्तानी गरेको छ। स्थानीय तहले समेत सोही कार्यक्रमको लागि एउटै र एकै लक्ष्य बोकेका कार्यक्रममा बजेट विनियोजन नगरी संघीय सरकारले ल्याएका कार्यक्रमसँग नजुध्ने गरी समन्वयात्मक ढंगले कार्य अगाडि बढाउनुपर्ने देखिन्छ। पालिकाले दोहोरो पर्नेगरि खर्च गर्दा बढी व्ययभार परेको रकम अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २३,४०,००० |

७५ **चाडपर्व खर्चमा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,०९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६ **पालिकास्तरिय अनुगमन भत्ता** (६०५-२०८०-१२-२५):

भ्रमण भत्ता भुक्तानी हुदा समेत प्रशिक्षण वापतको भत्ता बुझेको तथा सहभागि र प्रशिक्षक दुबै भत्ता बुझेको देखिन्छ ।यसरि भएको भुक्तानी रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| क्र सं | नाम | सेसन | दर | करकट्टी पछिको भुक्तानी |
|---|---|---|---|---|
| १ | लक्ष्मण बसौला | ४ | १००० | ३४०० |
| २ | विष्णु प्रसाद सुवेदी | २ | १००० | १७०० |
| जम्मा | | | | ५१०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ५,१०० |
|---|---|

७८ **मौरी घार खरिदमा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाको ९ नं वडा कार्यालयद्धारा सञ्चालित गोला सहितको मौरिको घार वितरण कार्यक्रममा जिल्ला दर रेट भन्दा बढिमा घार खरिद गरेको देखिन्छ ।जिल्ला दर रेटमा गोला सहितको मौरीको घारको मूल्य रु १०५०० प्रति गोटा रहेकोमा भुक्तानी गर्ने क्रममा रु १२००० प्रतिगोटाका दरले घार खरिद गरिएको देखिन्छ। यसरी जिल्ला दर रेट भन्दा बढि रेटमा खरिद गरिएको ३५ गोला सहितको मौरिको घार वितरणमा वडाले वेहोर्ने ६० प्रतिशत अनुदानमा बढी भएको भुक्तानी रकम नमोबुद्ध मौरी पालन तथा घार निर्माणसंग असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २५,००० |
|---|---|

७९ **बैठक भत्ता वढी भुक्तानी**

प्रदेश खर्चको मापदण्ड २०७९ को अनुसूचिमा पालिकाका पदाधीकारी सम्मिलित बैठकमा प्रति वैठक रु १००० का दरले बैठक भत्ता पाउने व्यवस्था रहेको छ ।तर निम्नानुसारका पालिका प्रमुख सहितका पदाधिकारी सम्मिलित विभिन्न बैठक मा भत्ता दर १००० हुनुपर्नेमा १५००, १६०० भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| क्र सं | नाम | पद | भुक्तानी रकम |
|---|---|---|---|
| १ | राम प्रसाद देवकोटा | पशु सेवा शाखा | ७६५० |
| जम्मा | | | ७६५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,१८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,२०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६५० |

८० **वडाको अनुगमन भत्ता** (६९२-२०८१-१-२६):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,८२५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८१ **विद्युत महशुलमा जरिवाना**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने र उपदफा (३) मा कुनै कार्यको भुक्तानी गर्नुपर्दा रीतपुर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारीले भुक्तानी दिनुपर्ने उल्लेख रहेको छ । पालिकाले विभिन्न महिनाको बिद्युत महसुल भुक्तानी गर्दा नेपाल बिधुत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले निम्नानुसार भौचरबाट जरिवाना तिरेकोले कार्यालयलाई बढी दायित्व श्रृजना भएको देखिन्छ यसरी गरिएको भुक्तानी अनियमित भएको रु.

| भौ.नं.।मिति | संस्थाको | जरिवाना |
|---|---|---|
| ११४।२०८०।५।२९ | धुवाकोट हेल्थ पोष्ट | २७०८० |
| ८२४।२०८१।२।२७ | पालिका | ३२१०३ |
| ६५।२०८०।७।२३ | च्याङ्ली स्वास्थ्य चौकी | १४२० |
| | गाईखुर स्वास्थ्य चौकी | २८५२.१८ |
| | खोप्लाङ स्वास्थ्य चौकी | ४७२.०६ |
| ११२।२०८०।९।१७ | आँपपिपल स्वास्थ्य चौकी | ३८२.३५ |
| | हवाइग्राउण्ड स्वास्थ्य चौकी | १६० |
| | जम्मा | ६४४७० |

| | |
|---|---|
| अनियमित भएको | ६४,४७० |

८२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।निम्नलिखित उपभोक्ता समितिद्धारा गरिएका कार्यमा उपभोक्ता समिति ले व्यहोर्ने हिस्सा २० प्रतिशत वापतको रकम कट्टा गरि भुक्तानि दिनुपर्नेमा सो नगरि मुल्याङकनमा जति रकमको कार्य भएको छ सो रकमनै उपभोक्ता समितिलाइ भुक्तानी गरेकाले यसरि गरिएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| गो भौ मिति | उपभोक्ता समिति | मुल्याङ्कन रकम | भुक्तानि हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २५ २०८०।४।२९ | मर्स्याङ्दीले तानेको हाई टेन्सन पोल संरक्षण उपभोक्ता समिति | ९१५३६० | ७३२२८८ | ९१५३६० | १८३०७२ |
| ७७० २०८१।२।१८ | बडडाँडाँ टोलमा बत्ति जडान कार्यक्रम उ स | १९४००० | १५५२०० | १९४००० | ३८८०० |
| | मिलनटोल सडक बत्ति जडान उ स | १९४००० | १५५२०० | १९४००० | ३८८०० |
| १०३६ २०८१।३।२३ | जैसिथोक पोखरी संरक्षण कार्यक्रम उ स | ४८२८७७ | ३८६३०१ | ४८२८७७ | ९६५७६ |
| **जम्मा** | | | | | **३५७२४८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५७,२४८ |

८३ **संघीय संस्थालाई सहयोग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । कार्यालयले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानीय संचित कोषमा थपभार पर्न गएकोले नियमसम्मत भन्न मिल्ने नदेखिएको रु.

| गो भौ मिति | कामको विवरण | कार्यालय | भुक्तनी |
|---|---|---|---|
| १५१ २०८०।६।२५ | सेक्यूरिटि बेल्ट क्रस | ठाँटिपोखरी इ प्र का | १५७१२ |
| ९१८ २०८१।३।१४ | मर्मत | रातमाटे प्रहरी चौकी | १४५०० |
| ९०१ २०८१।३।११ | मालपोत कार्यालय भवन मर्मत | मालपोत कार्यालय गोरखा | २८९१७५ |
| ७३६ २०८१।२।६ | शौचालय निर्माण | अस्थाई प्रहरी चौकी च्याङ्ली | २५००० |
| ६१९ २०८०।१२।२६ | पार्टेशन | इलाका प्रहरी कार्यालय ठाटिपोखरी | २२००० |
| ६४७ २०८१।१।१० | बिधुत पानी महसुल | अस्थाई प्रहरी चौकी वडा नं ६ | १३८७६ |
| ५०० २०८०।१०।१७ | घर भाडा र कार्यालय सामाग्रि | अस्थाई प्रहरी चौकी वडा नं ७ | २४५४१ |
| **जम्मा** | | | **४०४८०४** |

| | |
|---|---|
| अनियमित भएको | ४,०४,८०४ |

८४ **विन्ध्यवासिनी आ वि लाई बढी भुक्तानी** (१००५-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । विन्ध्यवासिनी आ वि कक्षाकोठा मर्मत र व्यवस्थापन सम्बन्धि कार्यमा मुल्याङकन रकम २६६७७३ रहेकोमा मर्मत संभार कोष, विपद कोष, कन्टिन्जेन्सी तथा कर कट्टी पछि भुक्तानी हुनुपर्ने

रकम रु २५१४०२ हुने देखिन्छ।तर भुक्तानी गर्ने क्रममा रु २६०६२३ भुक्तानी भएको देखिन्छ।यसरि हुनुपर्ने भन्दा बढी गरिएको भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,२२१ |

८५ **अनुत्पादक एवं वितरणमुखी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा पालिकाले देहाय बमोजिम दीर्घकालीन रूपमा रोजगारी सिर्जना नहुने वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ। यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चलाई कानुनसम्मत भन्न नसकिएको हुँदा अनियमित भएको रू.

| गोभौ नं मिति | विवरण | भुक्तानीपाउने | रकम |
|---|---|---|---|
| ४१२०८०।४।३० | दाल चामल नुन तेल वितरण | पौडेल किराना पसल | ४३८७५ |
| ८२२०८०।५।३ | खेलकुद सामग्री वितरण | नव जागृति उकता युवा क्लब | २४००० |
| १०२ २०८०।५।२४ | विभिन्न संघ सस्था खाजा खाना | नेपाल प्रत्रकार महासंघ | ४०००० |
| | | प्रेश सेन्टर नेपाल | १५००० |
| १८३२०८०।६।१९ | लाखे नाच प्रतियोगिता | श्री बाह्रपिर्के नेवा गुठी | १००००० |
| २१५२०८०।६।२२ | तिज गित कार्यक्रम | रिप गाँउ महिला समूह | १००००० |
| २०४२०८०।६।२१ | तिज गित कार्यक्रम | शान्ति महिला तथा ऋण सहकारी संस्था लि | ५०००० |
| २०३२०८०।६।२१ | तिज गित कार्यक्रम | लिगलिग मैवल महिला समूह | १०००० |
| २६६ २०८०।८।२४ | भलिबल खेल व्यवस्थापन वडा नं ४ | मित्रता युवा क्लब | ५०००० |
| २६१२०८०।८।११ | चौथो लाखेनाच कार्यक्रम | बाह्पीर्के नेवा गुठी | १००००० |
| ३२९०८०।०९।०३ | बाद्यवादन सामान खरिद | हिन्दु धर्म संरक्षण भजन | ५०००० |
| ३२३८०।०९।०२ | खेलकुद कार्यक्म खाना खाजा | भलिवल प्रतियोगिता संचालन उ स ८ | १००००० |
| ३२२०८०।०९।०२ | रोपाई जात्रा | कृष्ण बहादुर र सुक्रलाल श्रेष्ठ | १०००० |
| ३५१२०८०।०९।२२ | हरिवोधनी एकादशी मेला | ब्लु स्टार युवा क्लब | ८५००० |
| ३८० ०८०।१०।१६ | जात्रा कार्यक्रम वडा न १ | अन्नपुर्ण देवि मन्दिर समिति | ४०००० |
| ३६६ ०८०।०९।२४ | तिज गित कार्यक्रम | बौद हिमाल युवा क्लब | १००००० |
| | रोपाई जात्रा | कृष्ण बहादुर र सुक्रलाल श्रेष्ठ | १०००० |
| | सांसकृतिक कार्यक्रम | भुमिमाई युवा क्लब | ५०००० |
| ४०४ ०८०।१०।२४ | ब्लायंकेट खरिद | जेष्ठ नागरिक समिति २ | ५०००० |
| ८८३२०८१।३।९ | पुजारी पारीक्षमिक | लिगलिगकोटविकास अभियान | ६९००० |
| ७६९२०८१।२।१८ | दोहोरी गित प्रतियोगिता | राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान नेपाल | ५०००० |
| ७५१२०८१।२।९ | भलिबल खेल व्यवस्थापन वडा नं ९ | धर्मोदय मा वि | १००००० |
| ७५० २०८१।०२।०९ | फुटबल प्रतियोगिता वडा न २ | लिगलिग युवा क्लब | १००००० |
| ७४९२०८१।०२।०९ | विविध खाधान्न लगायत | साम्पा छोईलिङ गुम्बन | ३५००० |
| ७३९२०८१।०२।०७ | भलिबल | तालदेवी युवा क्लब | ५०००० |
| ६१३२०८०।१२।२६ | पुजारी पारिश्रमिक | कामधेनु मन्दिर ६ | १२००० |
| ६४२२०८१।०१।०९ | वडा कप फुटबल वडा नं ३ | कालिका युवा क्लब | १००००० |
| ६६८ २०८१।।१७ | लक्षित बर्ग सशक्तिकरण फुटबल | खोप्लाङ युवा क्लब | ६०००० |
| ६०२२०८०।१२ऽ२२ | सहयोग | राष्ट्रिय गौ संरक्षण | २०००० |
| ५९८२०८०।१२।२२ | माघी महोत्सव | मगर समाज | १००००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ५६०२०८०।१२।०८ | जेष्ठ नागरिक बनभोज वडा न २ | जेष्ठ नागरिक समिति २ | ७५००० |
| ५४८२०८०।११।०२ | मगर पोशाक | लिगलिग मैवल महिला समूह | ६८७५० |
| ५०६२०८०।११।१८ | पुजारी पारिश्रमिक तथा मन्दिर व्यवस्थापन | लिगलिगकोट विकास अभियान | ३३०००० |
| ४५६२०८०।११।१० | तिज गित कार्यक्रम | बडडाँडा खानेपानी उ स | ३५००० |
| ४५०२०८०।११।८ | ११ औ लिगलिगे दौड कार्यक्रम | लिगलिगकोट विकास अभियान | २००००० |
| ५२४२०८०।११।२२ | तिज गित कार्यक्रम | नव जागृति एकता युवा क्लब | ३०००० |
| **जम्मा** | | | **२४६२६२५** |

| | |
|---|---|
| अनियमित भएको | २४,६२,६२५ |

८६ **भाडाको घर मर्मत** (१६-२०८०-४-२८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं ५ को कार्यालय भाडामा बसेको र सो भाडामा बसेको घरको मर्मत कार्य पालिकको बजेटवाट गरि भुक्तानी गरिएको छ तर भोगमाया गुरुङ (घरधनी) र वडा कार्यालय विच २०७८।१२।१ मा भएको घर भाडा सम्झौताको बुदा नं १ मा मर्मत, झ्याल ढोका लगायतका कार्य सम्बन्धि जिम्मा घरधनिले गर्नुपर्ने रहेको देखिन्छ ।यसरि आफ्नो जिम्मा नरहेको मर्मत कार्यमा गरिएको भुक्तानी रकम अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६७,९०० |

८७ **प्रमाण पेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तीले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक काजगात पेश नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचर नं। मिति | खर्चको विवरण | पेश गर्नुपर्ने विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३४ २०८०। ४।२९ | वडा नं १०का जनप्रतिनिधि र कर्मचारीलाई वितरणकालागि छाता रेनकोट र झोला खरिद गरि वडा सचिव सोमबहादुर खड्कालाई भुक्तानी गरिएको तर वितरणको भर्पाई नरहेको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ३८७०० |
| ८१२ २०८१। २।२५ | गोरखा क्याम्पसलाई टेवल सेट वितरणकालागि सिटिजन फर्निचर उद्योग बाट रु ४९९९७९मा खरिद गरि क्याम्पसलाई हस्तान्तरण गरेकोमा क्याम्पसले सामान आम्दानी बाधेँको प्रमाण पेश नभएको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ४९९९७९ |
| ८४७ २०८१। ३।३ | वडा नं ९ ले विपद व्यवस्थापन अन्तर्गत जस्ता पाता २४० के जी र 20/16NS pipe/PN मर्स्याङ्दी स्टोर्स खरिद गरेको देखिन्छ तर वितरण गरेको भर्पाई र प्राविधिक मुल्याङकनको प्रमाण पेश नगरेको । | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ३३५१५८ |
| ८४६ २०८१। ३।३ | कृषि सम्बन्धि कार्यक्रममा पाइप(pipe 100 pn) १२६ मिटर मर्स्याङ्दी स्टोर्स बाट खरिद गरिएको तर वितरणको भर्पाइ नरहेको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | १०७४९६ |
| ७६७ २०८१। २।१७ | अपाङ्ग मैत्रि सामान खरिद गरि भरोसा मेड इन्टरनेश्नल प्रा लि लाइ ९८४०६ भुक्तानी गरेको वितरणको भर्पाई नरहेको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ९८४०६ |
| | Crutches 5 | | |
| | Commod chair 5 | | |
| | Stretcher 15 | | |
| ५८ २०८०। १२।९ | विभिन्न स्वास्थ्य संस्थामा खरिद गरिएका सामाग्रि पाम्स मा दाखिला नभएको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ४०५३९७ |
| | धुवाकोट स्वास्थ्य चौकी dell laptop core i3 256 gb rs 51019 | | |
| | हात्तिगौडा सहरी स्वास्थ्य इकाई xiome pad 6 rs 42800 | | |
| | कोटगढी आधारभुत स्वास्थ्य केन्द्र galaxy tab rs 25000 | | |
| | आपपिपल स्वास्थ्य चौकी xiaomi pad6 rs 42800 | | |
| | च्याङ्ली स्वास्थ्य चौकी dell laptop core i3 11th gen 256 gb rs 51019 | | |
| | खोप्लाङ स्वास्थ्य चौकी redmi pad rs 36500 | | |
| ९१ २०८१। २।१७ | सेरा सामूदायिक स्वास्थ्य ईकाइsamsung tab rs 32500 | | |
| ८४ २०८१। १।२८ | बडडाडा स्वास्थ्य चौकी black view tab 11 wifi rs 30000 | | |
| | कमलटार शहरी स्वास्थ्य केन्द्र ल्याप्टप रु ४५००० | | |
| ८३ २०८१। १।२८ | खत्रीटार शहरी स्वास्थ्य केन्द्र laptop i3 rs 48759 | | |
| ९९४ २०८१। ३।१९ | स्टेशनरी खरिद वापत लक्ष्मी देवि स्टेशनरी एण्ड जनरल सप्लायर्स लाई फोटोकपि विलको आधारमा रकम भुक्तानी गरेको | खर्चको पुष्ट्याई हुने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने | ७९६६५ |

| जम्मा | १५६४८०१ |
|---|---|

| प्रमाण पेश नगरेको | १५,६४,८०१ |
|---|---|

८८ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ । एकै प्रकृतिका सामग्रीहरुको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| **भौ.नं.** | **आपूर्तिकर्ता** | **सामग्री** | **रकम (रु.)** |
|---|---|---|---|
| २०९ | सिटिजन फर्निचर एण्ड फर्निसिङ | फर्निचर | ३६४८७७ |
| २९३ | न्यु स्काई फर्निसिङ शोरुम | फर्निचर | २००००० |
| ४६८ | कमल स्टिल फर्निचर | फर्निचर | २४३०६३ |
| शिक्षा पुँजीगत ७ | भानु आधुनिक हस्तकला उद्योग प्रा लि | फर्निचर | ३३९५८० |
| शिक्षा पुँजीगत ८ | गुरुङ फर्निचर उद्योग | फर्निचर | ८३८७४२ |
| जम्मा | | | १९८६२६२ |

| अनियमित भएको | १९,८६,२६२ |
|---|---|

८९ **खाना, खाजा तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ रु.१३,००,०००।- खर्च गरेको विवरण प्राप्त भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । केही उदाहरण निम्न छन् ।

| **गो भौ मिति** | **विवरण** | **भुक्तानि प्राप्त गर्ने** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १०४२ ०८१।०३।२३ | खाना खाजा विविध | सोफिटल होटल एण्ड लज | ९२८७५ |
| ९०९ २०८१।३।१३ | खाना खाजा विविध | सोफिटल होटल एण्ड लज | ९५३७० |
| ६०८ २०८०।१२।२६ | खाना खाजा विविध | सोफिटल होटल एण्ड लज | ५४०५० |
| २०८ २०८०।६।२१ | खाना खाजा विविध | सोफिटल होटल एण्ड लज | ६२६२० |
| १९६ २०८०।६।२१ | खाना खाजा विविध | सोफिटल होटल एण्ड लज | ३८६५० |
| ६८६ २०८१।१।२५ | खाना खाजा विविध | च्याङली खाजा घर | १९६५० |
| ५६१ २०८०।१२।८ | खाना खाजा विविध | च्याङली खाजा घर | १६२५० |
| ५३९ २०८०।१२।१ | खाना खाजा विविध | च्याङली खाजा घर | १८२५० |
| ८३४ २०८१।२।३२ | खाना खाजा विविध | च्याङली खाजा घर | १८८१० |

९० **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ४१ वटा विद्यालयमा ४२९ जना शिक्षक दरबन्दी भएकोमा ४२९ जना पदपूर्ति र पदपूर्तिमध्ये २६५ जना स्थायी र १६४ करार/अस्थायी/राहत राहत शिक्षक रहेको देखिन्छ ।

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/करार/राहत | |
| १ | ४१ विद्यालय | ४२९ | २६५ | १६४ | ५७३२ |

उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १३ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरबन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

## ९१ न्यून विद्यार्थी संख्या भएका विद्यालय

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ४१ रहेको र यो वर्ष उक्त विद्यालयहरुलाई यस पालिकाबाट जम्मा रु.२७,६२,००,०२५।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरण अनुसार १९ विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो। तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाई उपरोक्त कानून कमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गई कानून बमोजिम गर्नुपर्ने देखिन्छ। प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्या र विद्यालयमा वार्षिक निकासा रकमको विवरण यस प्रकार छः

| सिन | | संचालित कक्षा | विद्यार्थीको संख्या | शिक्षक संख्या/कर्मचारी संख्या | | यो वर्ष कुल निकासा रु |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | अस्थायी/करार/ज्यालादारी | |
| १ | श्री अकला मावि, पा.न.पा.८ | बालकक्षा-१२ | ४१५ | १३ | १० | १४६०८५२२ |
| २ | श्री अन्नपूर्ण मावि, पा.न.पा.१ | बालकक्षा-१२ | २६९ | १७ | ५ | १५४२१२३० |
| ३ | श्री अमरज्योति जनता माध्धमिक विद्यालय, पा.न.पा.४ | बालकक्षा -१२ | ५८१ | १८ | ११ | ३५६६८२१९ |
| ४ | श्री कालिका प्रा.वि.,पा.न.पा.८ | बालकक्षा -३ | ६१ | २ | २ | २१३३२६८ |
| ५ | श्री जनकल्याण प्रा.वि., पा.न.पा.८ | बालकक्षा -३ | ४० | २ | २ | २२४२७२९ |
| ६ | श्री जनजागृति प्रा.वि.,पा.न.पा.७ | बालकक्षा -५ | ५४ | ३ | २ | २३९६९६० |
| ७ | श्री जनज्योति आ.वि.,पा.न.पा.६ | बालकक्षा -८ | ८६ | ९ | २ | ५७०७३१५ |
| ८ | श्री जनता मा.वि., पा.न.पा.२ | बालकक्षा -१२ | ३४३ | १६ | ९ | १६३२६१८१ |
| ९ | श्री जलकन्या प्रा.वि., पा.न.पा.१ | बालकक्षा -३ | ३३ | १ | ३ | १६६३९०१ |
| १० | श्री जीवनज्योति मा.वि., पा.न.पा.६ | बालकक्षा -१२ | ८०८ | १७ | ८ | १९०१८५३३ |
| ११ | श्री डुम्रे आ.वि., पा.न.पा.३ | बालकक्षा -८ | ९२ | १० | २ | ६६८८१६६ |
| १२ | श्री त्रिभूवन प्रा.वि.,पा.न.पा.१ | बालकक्षा | ९ | ० | २ | ५६०४४५ |
| १३ | श्री त्रिवेणी माध्यमिक विद्यालय, पा.न.पा.९ | बालकक्षा -१२ | ३३४ | ११ | १३ | १५६४८४८७ |
| १४ | श्री दुभार प्रा.वि., पा.न.पा.८ | बालकक्षा -३ | ३४ | २ | २ | १९०५५४४ |
| १५ | श्री देवकोट प्रा.वि.,पा.न.पा.४ | बालकक्षा -३ | १५ | २ | १ | ६०४०४८ |
| १६ | श्री देविस्थान प्रा.वि.,पा.न.पा.२ | बालकक्षा -३ | २६ | 0 | 2 | ९४५६१९ |
| १७ | श्री द्रव्यशाह बालविकास केन्द्र | बालकक्षा | ५ | 0 | १ | ३६१८५३ |
| १८ | श्री धर्मोदय माध्यमिक विद्यालय, पा.न.पा.९ | बालकक्षा -१२ | १८४ | १० | ७ | ८४८४३६४ |
| १९ | श्री नमूना वालविकास प्रा.वि.,पा.न.पा.२ | बालकक्षा-३ | ११ | ० | २ | ८३७८४६ |
| २० | श्री पृथ्वी प्रा.वि.,पा.न.पा.१ | बालकक्षा -५ | ३६ | ४ | २ | २९९८८४३ |
| २१ | श्री बालकल्याण मा.वि.,पा.न.पा.७ | बालकक्षा-१० | १८४ | १२ | ६ | ९३२६५४८ |
| २२ | श्री भवानी मा.वि., पा.न.पा.५ | बालकक्षा-१२ | ५४० | १९ | ९ | २०५२०२२२ |
| २३ | श्री भृकुटी आ.वि., पा.न.पा.४ | बालकक्षा-८ | ९० | ८ | ३ | ९८५१५११ |
| २४ | श्री मदने डाँडा मा.वि., पा.न.पा.९ | बालकक्षा-१२ | ३३१ | ११ | ७ | १०६७५२०३ |
| २५ | श्री मस्याङ्दी प्रा.वि., पा.न.पा.७ | बालकक्षा-५ | ४७ | २ | ३ | २२३५०९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | श्री मिरकोट मा.वि., पा.न.पा.१० | बालकक्षा-१२ | १९२ | १४ | ५ | १३३७९६७६ |
| २७ | श्री रजगरे मा.वि., पा.न.पा.६ | बालकक्षा -१० | २४० | १३ | ६ | १०१५१२३८ |
| २८ | श्री रत्न प्रा.वि., पा.न.पा.१० | बालकक्षा- ५ | ४१ | ३ | २ | २२५८३५४ |
| २९ | श्री रामज्योति प्रा.वि.,पा.न.पा.९ | बालकक्षा-५ | ३२ | ३ | २ | २३२५४६१ |
| ३० | श्री लक्ष्मी मा.वि., पा.न.पा.६ | बालकक्षा-१२ | १४३ | ११ | ६ | १०४४८९८५ |
| ३१ | श्री लप्सिचौर प्रा.वि., पा.न.पा.१० | बालकक्षा- ५ | १६ | १ | २ | १९४०७६५ |
| ३२ | श्री लामाटारी प्रा.वि., पा.न.पा.६ | बालकक्षा-३ | १९ | १ | ३ | १५९५६५६ |
| ३३ | श्री विन्ध्यवासिनी आ.वि.,पा.न.पा.१ | बालकक्षा-८ | ८६ | ६ | ४ | ५००६५५३ |
| ३४ | श्री शारदा प्रा.वि.,पा.न.पा.३ | बालकक्षा -५ | १७ | १ | ३ | १९०९७५७ |
| ३५ | श्री शारदा मा.वि.,पा.न.पा.२ | बालकक्षा-१० | १३८ | १२ | ४ | १०५३५८४३ |
| ३६ | श्री सगरमाथा प्रा.वि.,पा.न.पा.३ | बालकक्षा -५ | १९ | ३ | २ | १७१२८८९ |
| ३७ | श्री सरस्वती प्रा.वि.,पा.न.पा.४ | बालकक्षा-५ | ८३ | ४ | २ | ३०९२४८४ |
| ३८ | श्री सिद्व प्रा.वि.,पा.न.पा.८ | बालकक्षा-३ | ३३ | १ | ३ | १५४४२७० |
| ३९ | श्री स्थानिका प्रा.वि., पा.न.पा.१ | बालकक्षा-३ | २२ | ३ | १ | २२७१२८० |
| ४० | श्री हिमालय प्रा.वि.,पा.न.पा.२ | बालकक्षा-३ | १३ | ० | २ | ९३०८२२ |
| ४१ | श्री घडेरी खोला बालविकास केन्द्र | बालकक्षा | १० | ० | १ | २६५३४५ |
| | | | **५७३२** | **२६५** | **१६४** | **२७६२०००२५** |

## ९२ निःशुल्क शिक्षा

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्ने स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

## ९३ गैर आवासीय छात्रवृत्ति बढी निकासा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा.वि.द्यार्थीहरुको संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २२२।२०८०।१२।१२ बाट निम्नानुसार विद्यालयलाई छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले विद्यार्थी संख्याको आधारमा रू.२,६८,७००।- निकासा गरेकोमा विद्यालयले पेस गरेको वितरण भरपाई परीक्षण गर्दा निकासा गरेको भन्दा रु.४९,१००।- कम भरपाई पेश गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | भर्पाई बमोजिम | बढी रकम |
|---|---|---|---|---|
| १ | मिरकोट मा.वि. | २२४०० | १७२०० | ५२०० |
| २ | जीवनज्योति मा.वि. | १४३७०० | ११६००० | २६९०० |
| ३ | भवानी मा.वि. | ८७६०० | ७५६०० | १२००० |
| ४ | जनजागृति प्रा वि | ८९०० | ५६०० | ३३०० |
| ५ | सिद्ध प्रा वि | ६१०० | ४४०० | १७०० |
|  | जम्मा | २६८७०० | २१८८०० | ४९१०० |

| असुल गर्नुपर्ने | ४९,१०० |
|---|---|

९४ **जिन्सी दाखिला नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

९५ **पाठ्यपुस्तक बढी निकासा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलव्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलव्ध गराउने व्यवस्था रहेको छ । पालिकाले जनजागृति प्रा.वि. लाई निःशुल्क पाठ्यपुस्तक अनुदान वापत रू.१८,०९५।- उपलब्ध गराएकोमा देहायको विद्यालयलाई रकम वितरण गरेकोमा विद्यालयबाट प्राप्त विवरण बिल भरपाइ परीक्षण गर्दा बिल रकमभन्दा बढी निकासा भएको पाइएकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रू.

| सि.नं. | विद्यायको नाम | निकासा भएको रकम | बिल पेस भएको | बढी |
|---|---|---|---|---|
| १ | जनजागृति प्रा वि | १८०९५ | १६३२५ | १७७० |

| असुल गर्नुपर्ने | १,७७० |
|---|---|

९६ **अनौपचारिक प्रौढ विद्यालय**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.११ मा स्थानीय तहले कक्षा १-८ सम्म सञ्चालित अनौपचारिक प्रौढ सामुदायिक विद्यालयलाई एकमुष्ट रू.५ लाख अनुदान दिने व्यवस्था छ । उक्त अनुदानबाट स्थानीय तहबाट सामुदायिक रुपमा सञ्चालन गर्न अनुमति पाएका प्रौढका लागि सञ्चालित अनौपचारिक विद्यालयले IEMIS अनिवार्य रुपले भर्न लगाउन र प्राप्त रकमबाट लघु पुस्तकालय, शैक्षिक सामग्री र व्यवसथापकीय क्षेत्र लगायतमा खर्च गर्ने व्यवस्था छ । पालिकाले भौचर नम्बर २८०।२०८१।१।२५ बाट मिरकोट जनजागृति सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम अन्तर्गत रू.५ लाख अनुदान दिएकोमा पुस्तिका बमोजिमको खर्चका बिल भरपाइहरू पेस नगरेकोले प्रमाण पेस गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

९७ **आन्तरिक स्रोतबाट विद्यालयलाई अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । पालिकाले संघीय समानिकरण समेतको नगरपालिका चालु खर्च शीर्षकबाट ३८ विद्यालयलाई रु.८५,७४,५०२।- आन्तरिक स्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता वापत रकम निकासा दिई खर्च लेखेको छ । जसमा पालिकाले देहाय अनुसार ४५ जना भन्दा घटी बिद्यार्थी संख्या रहेका १८ विद्यालयलाई समेत २८,२१,०००।– पालिकाको आन्तरिक स्रोतबाट अनुदान निकासा दिई खर्च लेखेको विवरण प्राप्त भएको छ । पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक स्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शीर्षकबाट उपलव्ध गराउन मिल्ने देखिदैन । यसमा सम्वन्धितको ध्यान गइ सुधार गरिनु पर्दछ ।

| सि नं | बिद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी संख्या | शिक्षक संख्या/ कर्मचारी संख्या | अनुदानबाट सुबिधा पाउने शिक्षक/ कर्मचारी संख्या | पालिका श्रोतबाट अनुदान निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री अकला मावि, पा.न.पा.८ | बालकक्षा-१२ | ४१५ | २३ | ३ | २७३००० |
| २ | श्री अन्नपूर्ण मावि, पा.न.पा.१ | बालकक्षा-१२ | २६९ | २२ | ४ | ७५४३३५ |
| ३ | श्री अमरज्योति जनता माध्धमिक विद्यालय, पा.न.पा.४ | बालकक्षा -१२ | ५८१ | २९ | ४ | ३४३२३३ |
| ४ | श्री जनकल्याण प्रा.वि., पा.न.पा.८ | बालकक्षा -३ | ४० | ४ | २ | १८२००० |
| ५ | श्री जनज्योति आ.वि.,पा.न.पा.६ | बालकक्षा -८ | ८६ | ११ | २ | १८२००० |
| ६ | श्री जनता मा.वि., पा.न.पा.२ | बालकक्षा -१२ | ३४३ | २५ | ५ | ३८५००० |
| ७ | श्री जीवनज्योति मा.वि., पा.न.पा.६ | बालकक्षा -१२ | ८०८ | २५ | ३ | २७३००० |
| ८ | श्री डुम्रे आ.वि., पा.न.पा.३ | बालकक्षा -८ | ९२ | १२ | २ | १८२००० |
| ९ | श्री त्रिभूवन प्रा.वि.,पा.न.पा.१ | बालकक्षा | ९ | २ | २ | १८२००० |
| १० | श्री त्रिवेणी माध्यमिक विद्यालय, पा.न.पा.९ | बालकक्षा -१२ | ३३४ | २४ | ३ | २७३००० |
| ११ | श्री दुभार प्रा.वि., पा.न.पा.८ | बालकक्षा -३ | ३४ | ४ | २ | १८२००० |
| १२ | श्री देवकोट प्रा.वि.,पा.न.पा.४ | बालकक्षा -३ | १५ | ३ | १ | ९१००० |
| १३ | श्री देविस्थान प्रा.वि.,पा.न.पा.२ | बालकक्षा -३ | २६ | २ | २ | १८२००० |
| १४ | श्री द्रव्यशाह बालविकास केन्द्र | बालकक्षा | ५ | १ | १ | ९१००० |
| १५ | श्री धर्मोदय माध्यमिक विद्यालय, पा.न.पा.९ | बालकक्षा -१२ | १८४ | १७ | ३ | २७३००० |
| १६ | श्री नमूना वालविकास प्रा.वि.,पा.न.पा.२ | बालकक्षा-३ | ११ | २ | २ | १८२००० |
| १७ | श्री पृथ्वी प्रा.वि.,पा.न.पा.१ | बालकक्षा -५ | ३६ | ६ | २ | १८२००० |
| १८ | श्री बालकल्याण मा.वि.,पा.न.पा.७ | बालकक्षा-१० | १८४ | १८ | ४ | ३६४००० |
| १९ | श्री भवानी मा.वि., पा.न.पा.५ | बालकक्षा-१२ | ५४० | २८ | ४ | ३६४००० |
| २० | श्री भृकुटी आ.वि., पा.न.पा.४ | बालकक्षा-८ | ९० | ११ | २ | १८२००० |
| २१ | श्री मदने डाँडा मा.वि., पा.न.पा.९ | बालकक्षा-१२ | ३३१ | १८ | ३ | २७३००० |
| २२ | श्री मस्याङ्दी प्रा.वि., पा.न.पा.७ | बालकक्षा-५ | ४७ | ५ | २ | १८२००० |
| २३ | श्री मिरकोट मा.वि., पा.न.पा.१० | बालकक्षा-१२ | १९२ | १९ | ३ | २७३००० |
| २४ | श्री रजगरे मा.वि., पा.न.पा.६ | बालकक्षा -१० | २४० | १९ | ३ | २७३००० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | श्री रत्न प्रा.वि., पा.न.पा.१० | बालकक्षा- ५ | ४१ | ५ | २ | १८२००० |
| २६ | श्री रामज्योति प्रा.वि.,पा.न.पा.९ | बालकक्षा-५ | ३२ | ५ | २ | १८२००० |
| २७ | श्री लक्ष्मी मा.वि., पा.न.पा.६ | बालकक्षा-१२ | १४३ | १७ | ३ | २७३००० |
| २८ | श्री लप्सिचौर प्रा.वि., पा.न.पा.१० | बालकक्षा- ५ | १६ | ३ | १ | ९१००० |
| २९ | श्री लामाटारी प्रा.वि., पा.न.पा.६ | बालकक्षा-३ | १९ | ४ | २ | १८२००० |
| ३० | श्री विन्ध्यवासिनी आ.वि.,पा.न.पा.१ | बालकक्षा-८ | ८६ | १० | २ | १८२००० |
| ३१ | श्री शारदा प्रा.वि.,पा.न.पा.३ | बालकक्षा -५ | १७ | ४ | २ | १८२००० |
| ३२ | श्री शारदा मा.वि.,पा.न.पा.२ | बालकक्षा-१० | १३८ | १६ | ३ | २६६९३४ |
| ३३ | श्री सगरमाथा प्रा.वि.,पा.न.पा.३ | बालकक्षा -५ | १९ | ५ | २ | १८२००० |
| ३४ | श्री सरस्वती प्रा.वि.,पा.न.पा.४ | बालकक्षा-५ | ८३ | ६ | २ | १८२००० |
| ३५ | श्री सिद्ध प्रा.वि.,पा.न.पा.८ | बालकक्षा-३ | ३३ | ४ | २ | १८२००० |
| ३६ | श्री स्थानिका प्रा.वि., पा.न.पा.१ | बालकक्षा-३ | २२ | ४ | १ | ९१००० |
| ३७ | श्री हिमालय प्रा.वि.,पा.न.पा.२ | बालकक्षा-३ | १३ | २ | २ | १८२००० |
| ३८ | श्री घडेरी खोला बालविकास केन्द्र | बालकक्षा | १० | १ | १ | ९१००० |
| | | | | जम्मा | ९१ | ८५७४५०२ |

९८ **सेनिटरी प्याड**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. ४०६।२०८१।३।१३ बाट १३००० प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी पोखरा सेनेटरी प्रोडक्सलाई रु.९,७४,९७५।- भुक्तानी गरेकोमा सम्पूर्ण प्याडहरू १८ विद्यालयहरुलाई हस्तान्तरण गरेको देखिन्छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा.वि.तरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो । पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयहरुमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरु) ले पाए नपाएको सम्बन्धमा अनुगमन तथा विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरेको भरपाइ पेश हुन आएन । अतः कार्यान्वयन पुस्तिका अनुसार अनुगमन प्रतिवेदन तथा विद्यार्थीलाई वितरण गरेको भरपाई पेश गर्नुपर्दछ ।

९९ **निःशुल्क पाठ्यपुस्तक अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं २६६ मिति २०८१।१।१० बाट रू.२७,७१,४५८।– र ४००।२०८१।३।११ बाट रू.९,५९,८६९।– समेत रू.३७,३१,३२७।– निःशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराएकोमा देहायको विद्यालयलाईबाट पाठ्यपुस्तक वितरण गरेको भरपाई पेस नभएकोले सो पेस गर्नुपर्ने रू.

| सि.नं. | विद्यायको नाम | कक्षा | विद्यार्थी संख्या | निकासा भएको रकम |
|---|---|---|---|---|
| १ | अकला माध्यमिक विद्यालय | ११ र १२ | ४५ | १५६८९ |
| २ | अन्नपूर्ण माध्यमिक | ११ र १२ | ५६ | १९२९६ |
| ३ | मदनेडाँडा मा.वि. | ११ र १२ | २९ | १००२० |
| ४ | मिरकोट मा.वि. | ११ र १२ | ३० | १०१०० |
| | | | जम्मा | ५५१०५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,१०५ |

१०० **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा.वि.द्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ४१ वटा सामुदायिक विद्यालयमा २५९७ जना विद्यार्थीलाई रू.१५।– को दरले १६० दिनको रु.६२,४३,३१५।- निकासा गरेको छ । विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वयनको प्रगति तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

१०१ **शिक्षक पारिश्रमिक कर**

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ बमोजिम कर कट्टी गर्नु पर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको शिक्षकहरुको कर कट्टा गर्ने छुट भएको देखिएको पारिश्रमिक कर कट्टी भएको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| सि.नं. | शिक्षकको नाम | विद्यालयको नाम | पद | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|---|
| १ | राजेन्द्र अम्गाई | अकला मा.वि. | मा.वि. द्वितीय | ६७७०२१ | ७७०२ |
| २ | राजन भट्टराई | अकला मा.वि. | मा.वि. तृतीय | ६६७५८१ | ६७५८ |
| ३ | सितल बाबु मरहट्टा | अकला मा.वि. | मा.वि. तृतीय | ६६७५८१ | ६७५८ |
| ४ | तारानाथ उप्रेती | अकला मा.वि. | नि मा.वि. द्वितीय | ६४७८३६ | ४७८४ |
| ५ | विमला देवी श्रेष्ठ | अकला मा.वि. | प्रा वि प्रथम | ६८२२०५ | ८२२० |
| ६ | रमेश रोका | लक्ष्मी मा.वि. | मा. वि. तृतीय | ६२५४६८ | २५४७ |
| ७ | विजयश्वर पाण्डे | लक्ष्मी मा.वि. | मा. वि. तृतीय | ६३०६५२ | ३०६५ |
| ८ | विष्णुहरि देवकोटा | लक्ष्मी मा.वि. | मा. वि. द्वितीय | ६६७५८१ | ६७५८ |
| ९ | विष्णुप्रसाद मरहट्टा | जनता मा.वि. | मा. वि. द्वितीय | ७५०४८६ | १५०४९ |
| १० | सुजन श्रेष्ठ | जनता मा.वि. | मा. वि. तृतीय | ६६५०२१ | ६५०२ |
| ११ | भरत निरौला | जनता मा.वि. | मा. वि. द्वितीय | ७३८४८६ | १३८४९ |
| १२ | ईश्वरचन्द्र पराजुली | जनता मा.वि. | मा. वि. तृतीय | ६६५०२१ | ६५०२ |
| १३ | प्रेमबहादुर कोइराला | जनता मा.वि. | मा. वि. तृतीय | ६३०६५२ | ३०६५ |
| १४ | बल बहादुर न्यौपाने | जनता मा.वि. | मा. वि. तृतीय | ६६७५८१ | ६७५८ |
| १५ | भोजराज भण्डारी | जनता मा.वि. | मा. वि. द्वितीय | ६६७५८१ | ६७५८ |
| १६ | रामहरि ढकाल | मिरकोट मा.वि. | मा. वि. तृतीय | ६९४२०५ | ९४२० |
| १७ | गिरिजा आले | मिरकोट मा.वि. | मा. वि. तृतीय | ६८२२०५ | ८२२० |
| १८ | सुदिप खनाल | मिरकोट मा.वि. | मा. वि. द्वितीय | ६६७५८१ | ६७५८ |
| १९ | शशि खड्का | मिरकोट मा.वि. | नि.मा. वि. तृतीय | ६४७८३६ | ४७८४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | बद्री बहादुर पाण्डे | जीवनज्योति मा.वि. | मा. वि. तृतीय | ६९४२०५ | ९४२० |
| २१ | ईश्वर कुमार श्रेष्ठ | जीवनज्योति मा.वि. | मा. वि. तृतीय | ६८२२०५ | ८२२० |
| २२ | कुमार प्रसाद ढकाल | जीवनज्योति मा.वि. | मा. वि. तृतीय | ६८२२०५ | ८२२० |
| २३ | आशबहादुर गुरुङ | जीवनज्योति मा.वि. | मा. वि. तृतीय | ६३०६५२ | ३०६५ |
| २४ | रमेश खड्का | जीवनज्योति मा.वि. | मा. वि. द्बितीय | ६६७५८१ | ६७५८ |
| २५ | दीपक ओलिया | जीवनज्योति मा.वि. | मा. वि. द्बितीय | ६६७५८१ | ६७५८ |
| २६ | भुपेन्द्र बहादुर आचार्य | शारदा मा.वि. | मा.वि. तृतीय | ६९४२०५ | ९४२० |
| २७ | गणेश राज सेडाई | त्रिवेणी मा.वि. | मा.वि. तृतीय | ६९४२०५ | ९४२० |
| २८ | जयन्ती गौतम | त्रिवेणी मा.वि. | मा. वि. द्बितीय | ६६७५८१ | ६७५८ |
| २९ | ओजराज गिरी | भवानी मा.वि. | मा.वि. प्रथम | ८२२९६८ | २६८९० |
| ३० | चेतनाथ पन्त | भवानी मा.वि. | मा.वि. प्रथम | ८१०९६८ | २६८९० |
| ३१ | पीताम्वर देवकोटा | भवानी मा.वि. | मा.वि. द्बितीय | ७५७६५६ | १५७६६ |
| ३२ | बलराम भण्डारी | भवानी मा.वि. | मा.वि. द्बितीय | ७५७६५६ | १५७६६ |
| ३३ | बिन्दा रेग्मी | भवानी मा.वि. | मा.वि. तृतीय | ६८२२०५ | ८२२० |
| ३४ | ज्योति धिताल बगाले | भवानी मा.वि. | मा.वि. तृतीय | ६६५०२१ | ६५०२ |
| ३५ | ईश्वर बस्ताकोटी | भवानी मा.वि. | मा.वि. तृतीय | ६३०६५२ | ३०६५ |
| ३६ | गणेश कुमार श्रेष्ठ | भवानी मा.वि. | मा.वि. तृतीय | ६३०६५२ | ३०६५ |
| ३७ | अर्जुन थापा | भवानी मा.वि. | मा. वि. द्बितीय | ६६७५८१ | ६७५८ |
| ३८ | दीपक बस्नेत | भवानी मा.वि. | मा. वि. द्बितीय | ६६७५८१ | ६७५८ |
| ३९ | थमराज सापकोटा | अन्नपूर्ण मा.वि. | मा. वि. द्बितीय | ६६७५८१ | ६७५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | दिपक सापकोटा | अन्नपूर्ण मा.वि. | मा.वि. तृतीय | ६९४२०५ | ९४२० |
| ४१ | कृष्ण प्रसाद न्यौपाने | अन्नपूर्ण मा.वि. | मा.वि. तृतीय | ६८२२०५ | ८२२० |
| ४२ | भाइकृष्ण सुनार | अन्नपूर्ण मा.वि. | मा.वि. तृतीय | ६८२२०५ | ८२२० |
| ४३ | ईश्वर कुमाल | अन्नपूर्ण मा.वि. | मा.वि. तृतीय | ६१३४६८ | १३४७ |
| ४४ | सन्तोष पाण्डे | अन्नपूर्ण मा.वि. | मा.वि. तृतीय | ६१३४६८ | १३४७ |
| जम्मा | | | | २९८६९०७२ | ३५७२८८ |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,७५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,७५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,७५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,५०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,७५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५७,२८८ |

१०२ **नमुना विद्यालय अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लगि कार्यसम्पादनमा आधारित अनुदान वापत प्रति विद्यालय

रू.३० लाख देखि ६० लाखसम्म अनुदान दिने व्यवस्था छ । साथै उपक्रियाकलपा नं. ९.८ मा चालु आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्कमा.वि.द्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु.३० लाख र १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय रू.४५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय रू.६० लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ । उक्त रकम विद्यालयले स्वीकृत गुरुयोजनाको परिधिभित्र रही खर्च गर्ने र पालिकाले सम्झौता अनुसार स्वीकृत क्रियाकलापमा खर्च भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौचर नम्बर ४६७।२०८१।३।२४ बाट नगरपालिकाले नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लगि कार्यसम्पादनमा आधारित अनुदान वापत श्री अमर ज्योति जनता माध्यामिक विद्यालयलाई रु.३०,००,०००।– र अनुदान दिएको छ। तर गुरुयोजन अनुसारको परिधिरमा रहेर पालिका र विद्यालयबीच सम्झौता भएको पाइएन । उक्त अनुदान रकमबाट विद्यालयले प्रस्ताव अनुसार कार्य गरे नगरेको सम्बन्धमा नगरपालिकाबाट अनुगमन तथा तालुक निकायमा तोकिए बमोजिमको ढाँचामा प्रतिवेदन भएको देखिएन। अन्तिम लेखापरीक्षण अवधिसम्म पनि खर्चको यथार्थ बिल भरपाई पेस गरेको पाइएन । तसर्थ पालिकाबाट अनुगमन गरी कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेअनुसारका खर्चका बिल भरपाईको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

१०३ **विद्यालयमा विद्युत महशुल अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.१३.५० मा इन्टरनेट र विद्युत जडान महसुल, विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय सेवा/वस्तुको व्यवस्था (पिउने पानी, टेलिफोन, कम्प्युटर, इ-हाजिरी, सोलार, ल्याब, मेसिनरी सामान मर्मत, फर्निचर) लगायतका क्रियाकलाप गर्न प्रति विद्यालय लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालय अनुदान शीर्षकबाट बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।-, कक्षा १ प्रोटफोलियो समेत रु.१००।-, आधारभूत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।-, आधारभूत तह (कक्षा ६-८) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।-, माध्यमिक तह (कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।- र माध्यमिक तह (कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी. रु.२५०।– दरले विद्यालालाई एकमुष्ट अनुदान दिने व्यवस्था छ । साथै क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय सञ्चालन व्यस्थापन अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले विभिन्न गोश्वार भौचरबाट संघीय सशर्तबाट विद्यालय व्यवस्थापन अनुदान र प्रति विद्यालय लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालय अनुदान दिएकोमा सोही प्रकृतिको कार्यको लागि नगर कार्यपालिकाको निर्णयानुसार चालु शीर्षकबाट विद्युत खानेपानी महशुल खर्च शीर्षकबाट पालिका अन्तर्गतका ३३ विद्यालयलाई भौ.नं. ६१।२०८१।३।१४ बाट रू.३,९८,४५४।- निकासा दिई खर्च लेखेको छ। सोही प्रकृतिको कार्यको लागि संघीय सशर्तबाट अनुदान निकासा गरेको अवस्थामा पालिकाको आन्तरिक स्रोतको विश्लेषण नगरी नगरपालिका अनुदान शीर्षकबाट उपलव्ध गराएको नियमसम्मत नदेखिएको रू.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
| --- | --- | --- |
| १ | अन्नपुर्ण माध्यामिक विद्यालय | १८००० |
| २ | कालिका प्राथमिक विद्यालय | ८००० |
| ३ | जनकल्याण प्राथमिक विद्यालय | ८००० |
| ४ | जनज्योती आधारभुत विद्यालय | ८३७२ |
| ५ | जनजागृती प्राथमिक विद्यालय | ८००० |
| ६ | जनता माध्यामिक विद्यालय | १८००० |
| ७ | जलकन्या आधारभुत विद्यालय | ८००० |
| ८ | जिवन ज्योती माध्यामिक विद्यालयल | १८००० |
| ९ | डुम्रे आधारभुत विद्यालय | १२००० |
| १० | त्रिभुवन प्राथमिक विद्यालय | ५००० |
| ११ | त्रिवेणी माध्यामिक विद्यालय | १८००० |
| १२ | दुभार प्राथमिक विद्यालय | ८००० |
| १३ | धर्मोदय माध्यामिक विद्यालय | १८००० |
| १४ | पृथ्वी प्राथमिक विधालय | ५७८५ |
| १५ | बालकल्याण माध्यमिक विधालय | १८००० |
| १६ | भृकुटी आधारभुत विधालय | १२००० |
| १७ | भवानी माध्यमिक विधालय | १८००० |
| १८ | मर्स्याङ्दी प्राथमिक विधालय | ७२४५ |
| १९ | रामज्योति प्राथमिक विधालय | ८००० |
| २० | लक्ष्मी माध्यमिक विधालय | १८००० |
| २१ | विन्धावासिनि आधारभूत विधालय | १२००० |
| २२ | श्री अकला माध्यमिक विद्यालय | १८००० |
| २३ | श्री अमर ज्योति जनता माध्यमिक विद्यालय | १८००० |
| २४ | श्री मदने डाँडा माध्यमिक विद्यालय | १८००० |
| २५ | श्री मिरकोट माध्यमिक विद्यालय | १८००० |
| २६ | श्री रजगरे माध्यमिक विद्यालय | १८००० |
| २७ | श्री लामाटारी प्राथमिक विद्यालय | ५००० |
| २८ | श्री शारदा प्राथमिक विद्यालय | ८००० |
| २९ | श्री सगरमाथा प्राथमिक विद्यालय | ८००० |
| ३० | श्री स्थानिका प्राथमिक विद्यालय | ३६०० |
| | | |

| | | |
|---|---|---|
| ३१ | श्री सरस्वती प्राथमिक विद्यालय | ४९०२ |
| ३२ | शारदा माध्यमिक विधालय | १८००० |
| ३३ | सिद्ध प्राथमिक विधालय | ६५५० |
| | जम्मा | ३९८४५४ |

| | |
|---|---|
| अनियमित भएको | ३,९८,४५४ |

## १०४ विद्यालय सञ्चालन व्यवस्थापन अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१० विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्रोत कक्षा व्यवस्थापन अनुदान वापत प्रति विद्यालय रू.२ लाख २५ हजार र आवासीय छात्रवृत्ति प्राप्त बालबालिकालाई आवास सञ्चालन गर्न प्रति विद्यालय रू.२ लाख ५० हजार एकमुष्ट अनुदान उपलब्ध गराउने उल्लेख छ । साथै उक्त अनुदान सम्बन्धित शीर्षकमा भएको खर्चको यथार्थ बिल भरपाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय) अनुदान अन्तर्गत सञ्चालित अमरज्योति माध्यमिक विद्यालयलाई भौचर नं. १०५।२०८०।९।३ बाट स्रोत कक्षा सञ्चालनमा रू.२,२५,०००।– र आवास सञ्चालन गर्न रू.२,५०,०००।– समेत रू.४,७५,०००।– अनुदान निकासा गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म पनि खर्चको यथार्थ बिल भरपाई पेस गरेको पाइएन । कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेअनुसारका खर्चका बिल भरपाईको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचर | विद्यालयको नाम | स्रोत कक्षा व्यवस्थापन | आवासीय छात्रवृत्ति आवास सञ्चालन | जम्मा निकासा |
|---|---|---|---|---|
| १०५।२०८०।९।३ | अमरज्योति माध्यमिक विद्यालय | २२५००० | २५०००० | ४७५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७५,००० |

## १०५ नमूना विद्यालय सुधार गुरुयोजना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ११.१.२.२५०० को उपक्रियाकलाप नं.८.१ मा नमुना विद्यालय सुधार योजना अनुरुप भौतिक निर्माण वापत प्रति विद्यालय वार्षिक रू.१ करोडसम्म अनुदान दिने उल्लेख छ । सानै उपक्रियाकलाप नं. ८.३ मा नमुना विद्यायलले स्वीकृत गुरुयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरूको प्राथमिकतामा उल्लेख गरेका कार्यक्रम सञ्चालन गर्न चालु आवका लागि स्वीकृत बजेटबाट निर्माण गर्ने कार्यको लागि विद्यालय व्यवस्थापनको निर्णयसहित सम्झौताका लागि स्थानीय तहमा पेस गर्नुपर्ने र पालिकाले विगत वर्षबाट निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वयन योजना र यस आवमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमानसहित अनुदान माग गर्न लगाई विद्यालयसँग सम्झौता गर्ने, सम्झौता पश्चात पहिलो किस्ताको रुपमा कुल अनुदान रकमको ३० प्रतिशत, Structural Part को कार्यसम्पन भएपश्चात दोस्रो किस्ताको रुपमा कुल अनुदानको ५० प्रतिशत र कार्यसम्पन्न पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदानको २० प्रतिशत अनुदानले अनुदान दिने उल्लेख छ । पालिकाले भौ.नं. ४१।२०८१।३।१५ बाट नमुना विद्यालय तथा विशेष विद्यालय भवन निर्माण वापत अमरज्योति जनता माध्यमिक विद्यालयलाई एकमुष्ठ रू.९९,००,०००।– अनुदान उपलब्ध गराएको छ । पुस्तिका बमोजिम लागत अनुमान तयार गरी विद्यालयसँग सम्झौता गरी किस्ताबन्दी रुपमा रकम अनुदान दिनुपर्नेमा एकमुष्ठ अनुदान उपलब्ध गराएको छ । लेखापरीक्षण अवधिसम्म पनि पालिकाले अनुसूची-६ बमोजिम विद्यालयमा भए गरेका निर्माण कार्यहरूको कागजातहरू (भौतिक सर्वेक्षण फारम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन) विद्यालयको प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गरेको प्रतिवेदन प्राप्त गरेको छैन । अतः पालिकाबाट अनुगमन गरी कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेअनुसारका कागजात पेस गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,००,००० |

## १०६ सट्टा शिक्षक

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परीक्षा व्यवस्थापन जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन पश्चात स्रोत केन्द्र सम्बन्धी व्यवस्था खारेज भएता पनि पालिकाले स्रोतव्यक्तिको रुपमा अन्नपूर्ण मा. वि. मा कार्यरत शिक्षकलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा शिक्षक नियुक्ति गरी तलव भत्ता शीर्षकमा रु.४,८१,३३५।- खर्च लेखेको देखिन्छ। यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेकोले पालिकामा थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,८१,३३५ |

१०७ **सहजकर्ता भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३३,१७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०८ **जिन्सी दाखिला** (४५-२०८१-१-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले नगर उपउप्रमुख अति विपन्न परिवारका बालबालिका/टुहुरा तथा अनाथ बालबालिकाको लागि शैक्षिक सहायता कार्यक्रमबाट एक थान Accer Nitro I7 Gaming Laptop खरिद गरी रू.१,७६,२८०।– लेखेकोमा सोको जिन्सी दाखिला गरेको पाइएन। उक्त ल्यापटप पालुङटार नगरपालिका वडा नं. ५ निवासी थापाथली क्याम्पसमा आर्किटेक्चरमा अध्ययनरत श्री अञ्जली परियारको आर्थिक अवस्था कमजोर रहेको र निज पठनपाठनमा मेहनती र जेहेन्दार भएको भनी निजलाई कार्यपालिकाको निर्णयबेगर पढाईसकेपछि २०८५ सालमा पालिकामा बुझाउने शर्तमा निजलाई हस्तान्तरण गरेको छ । पालिकाले उक्त सामान सरकारी सम्पत्ति सूचना प्रणालीमा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रू.

| **भौ.नं.।मिति** | **सामानको नाम** | **परिमाण** | **रकम** |
|---|---|---|---|
| ४५।२०८१।१।२१ | Laptop Accer Nitro I7 | १ | १७६२८० |

| | |
|---|---|
| अनियमित भएको | १,७६,२८० |

१०९ **प्र.अ. भत्ता थप**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.२ मा सामुदायिक विद्यालयका प्राथमिक तहका प्रधानाध्यापकलाई मासिक रू.२००।-, निम्न माध्यमिक तह रु.३००।– र माध्यमिक तहलाई रू.५००।– का दरले प्र.अ. भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका ९७ सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई प्रधानाध्यापकलाई आन्तरिक अनुदानबाट थप गरी पालिकालाई थप व्ययभार पर्ने गरी रू. १,५०,०००।– भुक्तानी दिएको रकम निमयसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

११० **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको काम, कर्तव्य, अधिकारको व्यवस्था रहेको छ । जसअनुसार स्थानीय तहले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन केन्द्रित भई कार्यसम्पादन गर्नुपर्नेमा पालिकाले वडा नगरसभाको निर्णयबाट भवानी बहुमुखी क्याम्पस व्यवस्थापन अनुदानवापत तलब भत्ता, शैक्षिक सामग्री, फर्निचर खरिद, छात्रवृत्ति वितरण लगायतमा रू.११,३४,८५१।– निकासा दिएको छ । यसरी स्थानीय तहलाई आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापनको अधिकार प्रदान गरिएकोमा क्याम्पसको शिक्षकको लागि तलब भत्ता र व्यवस्थापनमा भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ११,३४,८५१ |

१११ **अतिरिक्त समय भत्ता**

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा ४ मा कार्यालय समय अघिपछि अतिरिक्त समय काम गर्नुपर्ने भएमा आधार र कारण सहितको विवरण खुलाई लेखा उत्तरदायी अधिकृतको पूर्व स्वीकृति लिनुपर्ने र यस्तो खर्च लेख्दा कार्यालय समय बाहेक कम्तीमा २ घण्टा काम गरेको प्रतिवेदनसहित महाशाखा प्रमुख/सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरी सार्वजनिक बिदाको दिन प्रतिदिन रु. ६००। र कार्यालय खुल्ने दिन प्रतिदिन रु. ३००।को दरले खाजा/खाना वापत उपलब्ध गराउन सक्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कार्यक्रममा अतिरिक्त समय काम गरेको भनी देहायअनुसारका पदाधिकारी तथा कर्मचारीलाई मापदण्डले तोकेको दरभन्दा बढी दर राखी अतिरिक्त समय भत्ता रू. १,३७,९५५। बढी उपलब्ध गराएकोले असुल गर्नुपर्ने रू.

| क्र.सं. | नाम थर | पद | बढी भुक्तानी (कर कट्टी पछि) |
|---|---|---|---|
| १ | सन्तोष पाण्डे | स्रोत शिक्षक | २७६२५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२१,३३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२७,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२२,०१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २७,६२५ |
|---|---|

११२ **सहभागी भत्ता**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने कार्यक्रममा सहभागीहरुलाई २ दिनसम्म चल्ने कार्यक्रमको लागि एकमुष्ठ रु.२००।- र २ दिन भन्दा बढि जतिसुकै दिन भएपनि एकमुष्ठ रु.५००।- यातायात खर्च दिने व्यवस्था छ । पालिकाले निम्नानुसार तालिम, कार्यक्रम तथा गोष्ठी संचालन गर्दा निर्देशिका बमोजिम यातायात खर्च भुक्तानी गर्नुपर्नेमा रु.५१,०००।- बढी भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| भौ.नं.।मिति | कार्यक्रम | सहभागी संख्या | दिन | भुक्तानी दर | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | कर कट्टी पछिको रकम |
|---|---|---|---|---|---|---|---|
| ३३६।२०८१।२।२० | कक्षा १-३ सम्मका शिक्षकहरूको एकीकृत पाठ्यक्रम सम्बन्धी ३ दिने कार्यक्रम | ३४ | ३ | १००० | १०२००० | ७१४०० | २६०१० |
| ३८७।२०८१।३।८ | निदानात्मक परीक्षा कार्यक्रम (कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण कार्यक्रम) | ४६ | १ | १००० | ४६००० | ३२२०० | ११७३० |
| ४१६।२०८१।३।१४ | संस्थागत क्षमता विकास तथा शिक्षक मेन्टरिङ सहपाठी कार्यक्रम | १८ | १ | १००० | १८००० | १२६०० | ४५९० |
| ३२५।२०८१।२।१७ | पूर्ण खोप सुनिश्चतता र दिगोपना समेबन्धी एक दिने अभिमूखिकरण कार्यक्रम | ७ | १ | १००० | ७००० | ४९०० | १७८५ |
| ३२६।२०८१।२।१७ | आइ पि भि/आइ पि भि खोप अभियान सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम | ७ | १ | १००० | ७००० | ४९०० | १७८५ |
| ३२७।२०८१।२।१७ | पोषण विशेष कार्यक्रम अनसाइट कोचिङ्ग कार्यक्रम | ३ | १ | १००० | ३००० | २१०० | ७६५ |
| ३२८।२०८१।२।१७ | किशोर किशोरी मेत्री स्वास्थ्य संस्था घोषणा सम्बन्धी कार्यक्रम | १० | १ | १००० | १०००० | ७००० | २५५० |
| ३६१।२०८१।२।२३ | पूर्ण खोप पालिका घोषणा तथा दिगोपना सुनिश्चतता कार्यक्रम | ७ | १ | १००० | ७००० | ४९०० | १७८५ |
| | | | | | | जम्मा | ५१००० |

| असुल गर्नुपर्ने | ५१,००० |
|---|---|

११३ **पारिश्रमिक आय कर**

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ वमोजिम कर कट्टी गर्नुपर्ने उलेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको कर्मचारीहरुको कर कट्टा गर्ने छुट भएको देखिएकोले असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रू.

| क्र.सं. | कर्मचारीको नाम | पद | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|
| १ | प्रेमबहादुर भण्डारी | अधिकृत छैटौं | ७६७१४२ | १६७१४.२३ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१७,८३५.५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,४८५.८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,११४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,२५१.१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,७१४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,६७७.३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,५१४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,०७७.३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६८५.१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,११४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,११४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,११४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,६८५.१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,७१४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **८,३१४.२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,७१४.२३ |

११४ **निःशुल्क स्वास्थ्य**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई

औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ६१ जनाको लागि रु.२०,८०,०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्र.म. | उपचारको किसिम | व्यक्ति संख्या | रकम रु |
|---|---|---|---|
| १ | डाइलासिस | ८ | २०८०००० |
| २ | क्यान्सर | ४९ | |
| ३ | मेरुदण्ड पक्षघाट | २ | |
| ४ | मृगौला प्रत्यारोपण | २ | |
| | **जम्मा** | ६१ | २०८०००० |

## ११५ आपपिपल अस्पताल

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(झ) मा गाँउपालिकाको काम कर्तव्य तथा अधिकारको व्यवस्था गरिएअनुसार आधारभुत स्वास्थ्य सरसफाई तथा पोषण सम्वन्धी नीति कानुन मापदण्ड योजनाको तर्जुमा तथा कार्यान्वियन र अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ। पालिकाको आपपिपल अस्पताललाई संघीय सशर्त चालु शीर्षकबाट यस वर्ष रु.८,७०,५८०।– बिरामी खाजा खाना लगायतमा सम्झना खाजा घरलाई खर्च गरेको देखिन्छ। अस्पतालमा भएको आम्दानी पालिकामा दाखिला नगरी छुट्टै सञ्चालक समिती गठन गरी खर्च गरिदै आएको पाइयो। यस सम्वन्धमा पालिकामा जानाकारी लिदाँ पालिकावाट कुनै पनि समिती गठन आदेश जारी नभएको र पालिकावाट पटक पटक ताकेता गर्दा पनि पालिकामा आम्दानी दाखिला नगरेको जानाकारी पाइयो। साथै अस्पतालको आर्थिक कारोबारको लेखापरीक्षण प्रतिवेदन समेत पालिकामा प्राप्त भएको देखिएन। पालिकाले कुनै पनि कानुनी आधार विना गठन भएको समितिलाई कानुन निर्माण मार्फत पालिकाको कानुनी दायरामा ल्याउने तथा सम्पुर्ण आम्दानी पालिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

## ११६ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष १ बिक्रेताबाट इ बोलपत्रको बिधिबाट र १३ बिक्रेताबाट खुला दरभाउपत्रको माध्यमबाट जनस्वास्थ्य सम्वन्धी औषधीमा रू. ४८८६७०६। तथा सर्जिकल सामग्री खरिदमा रू. ३३,०८,१२१। समेम जम्मा रु. ८१९४८२७। भुक्तानी गरेको बिबरण प्राप्त भएको छ। त्यसैगरी १९ बिक्रेताबाट खुला दरभाउपत्र र सोझै माध्यमबाट भेटेनरी सम्वन्धी औषधी खरिदमा जम्मा रु. ४०५८०७७। भुक्तानी गरेको विवरण प्राप्त भएको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**(क) औषधी खरिद टुक्राएको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधी तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम १ बिक्रेताबाट इ बोलपत्रको बिधिबाट लागत अनुमान भन्दा ५४.५४% घटीदरमा रु. ३३,०८,१२१। र १३ बिक्रेताबाट खुला ३ दरभाउपत्र तथा सोझै माध्यमबाट लागत अनुमान भन्दा न्युन तथा ०.०% घटीदरमा रु. ४८८६७०६। रकमको जनस्वास्थ्य सम्वन्धी औषधी खरिद गरी रु. ८१९४८२७। भुक्तानी गरेको छ। त्यसैगरी १९ बिक्रेताबाट खुला दरभाउपत्र तथा सोझै माध्यमबाट लागत अनुमान भन्दा न्युन तथा ०.०% घटीदरमा रु. ४०५८०७७। रकमको भेटेनरी सम्वन्धी औषधी तथा सर्जिकल सामान खरिद गरेको छ।पालिकाले इ बोलपत्रको माध्यमबाट गरेको औषधी खरिदमा ५४.५४% को घटी दरमा प्रस्ताव स्वीकृत भइ खरिद गरेको अवस्था देखिएकोमा सोझै दरभाउपत्रबाट गरेको खरिदमा न्युन तथा शुन्य प्रतिशत घटी दरको प्रतिस्पर्धा भएबाट जनस्वास्थ्य तर्फ औषधी खरिदमा कार्यालयलाई लागत थप बढ्न गएको देखियो । यसप्रकार टुक्रा गरेर खुला दरभाउपत्रबाट गरिएको खरिद सम्वन्धमा सम्वन्धितको ध्यान गइ सुधार हुनु पर्दछ।यसका केही उदाहरण निम्न छन् ।

| क्र. स. | खरिद विवरण | खरिद विधि | आपूर्तिकर्ता फर्मको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | औषधी तथा सर्जीकल सामान ( लागत अनुमानमा ४० % समेत ५४ . ५४ % घटी दरमा ) | टेन्डर | Newton Medico Pharma | ३३३४९८६ | १९७४१२७ |
| | | | | | १३३३९९४ |
| | | | जम्मा | ३३३४९८६ | ३२७६६२० |
| १ | अत्यावश्यक औषधि खरीद | कोटेसन | C.H. Medihealth Concern Pvt. Ltd. Lalitpur | ३६७२४० | ३६७२४० |
| २ | ल्यावको लागी Fully Automated Cooagulation Analyzer | कोटेसन | Elite Medihealth Concern Pvt. Ltd. | ९९९५०० | ९९९५०० |
| ३ | Container (OTC को लागि टिनको बाकस ) | कोटेसन | C.H. Medihealth Concern Pvt. Ltd. Lalitpur | ४९९४६ | ४९९४६ |
| ४ | VIA का लागि औषधी तथा सर्जीकल सामान | कोटेसन | C.H. Medihealth Concern Pvt. Ltd. Lalitpur | ९४१५९ | ९४१५९ |
| ५ | Register and Forms | कोटेसन | United Graphic Printers Pvt. Ltd. Kathmandu | ५५५६९ | ५५५६९ |
| ६ | TB Camp समाग्री खरीद | कोटेसन | S.K. Trading Concern Pvt. Ltd. Kathmandu | ४०५११ | ४०५११ |
| ७ | नयाँ स्वास्थ्य संस्था व्यवस्थापन | कोटेसन | Evolution Contractors Pvt. Ltd | ९०८१७७ | ९०८१७७ |
| ८ | मानसिक स्वास्थ्यको औषधी | कोटेसन | Uniglobe Healthcare Pvt. Ltd. | ३४७१३५ | ३४५१८५ |
| ९ | PNC Home visit को सामाग्री खरीद | कोटेसन | C.H. Medihealth Concern Pvt. Ltd. Lalitpur | २७५६०७ | २७५६०७ |
| १० | satellite clinic औषधी | कोटेसन | Medizone Medicine Concern | १७७९७१ | १७७९७१ |
| ११ | आँखाको औषधी | कोटेसन | Medizone Medicine Concern | ३०८१६७ | ३०८१६७ |
| १२ | आमा सुरक्षा कार्यक्रम सामाग्री | कोटेसन | U.P International Trade Link_Koteshwor | ९९९५४९ | ९९९५४९ |
| १३ | आयर्वेद औषधी खरिद | कोटेसन | ओशोपथ आयुर्वेद फर्मा | ३४८९७५ | २६५१२५ |
| | | | जम्मा | ४९७२५०६ | ४८८६७०६ |
| | भेटेरिनरी तर्फ | | | | |
| १ | आकस्मिक रोग नियन्त्रण | सोझै | चित्रवन भेट फर्मा | ८९९७५ | ८९९७५ |
| २ | कृत्रिम गर्भधान मिसन कार्यक्रम | कोटेसन | एभरेष्ट सजिर्कल एण्ड ल्यावोटरी कन्सर्न | १७२३८० | १७२३८० |
| ३ | घाँसको विउः दुध र मासुमा खात्मानिर्भर कार्यक्रम | कोटेसन | चित्रवन एग्रोभेट | १११८०५ | १११८०५ |
| ४ | समुहको औषधीः दुध र मासुमा खात्मानिर्भर कार्यक्रम | सोझै | चित्रवन भेट फर्मा | ७५००० | ७५००० |
| ५ | घाँसका् विउः दुध र मासुमा खात्मानिर्भर कार्यक्रम | सोझै | चित्रवन एग्रोभेट | ७६८०० | ७६८०० |
| ६ | समुहको औषधीः दुध र मासुमा खात्मानिर्भर कार्यक्रम | कोटेसन | चित्रवन एग्रोभेट | १३९२८६ | १३९२८६ |
| ७ | जै घासः दुध र मासुमा खात्मानिर्भर कार्यक्रम | सोझै | कालिका कृषि सहकारी संस्था लि | ७२८०० | ७२८०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | गत आब को समुहलाई फलोअप औषधी वितरणः दुध र मासुमा खात्मानिर्भर कार्यक्रम | कोटेसन | चित्रवन भेट फर्मा | १११२६० | १११२६० |
| ९ | नियमित औषधी खरिद कार्यक्रम | कोटेसन | चित्रवन भेट फर्मा | ५६५५९० | ५६५५९० |
| १० | पशुपक्षी खोप खरिद | कोटेसन | चित्रवन एग्रोभेट | २६६१५० | २६६१५० |
| ११ | मिनरल ब्लक | कोटेसन | जीावन भेटेरीनरी एण्ड एग्रो सेण्टर | १९७१५५ | १९७१५५ |
| १२ | पशुपक्षी स्वास्थय शिबिर | कोटेसन | चित्रवन एग्रोभेट | ८०९७८० | ८०९७८० |
| १३ | सामाग्री उपकरण खरिद | कोटेसन | त्रियासा टे«डिङ कन्सन | ३५८३०० | ३५८३०० |
| १४ | काउ म्याट खरिद | कोटेसन | चित्रवन भेट फर्मा | ७५००० | ७५००० |
| १५ | पशु खोप खरिद | कोटेसन | बेस्ट भेट ट्रडिङ्ग प्रा ली | ३४२५१५ | ३४२५१५ |
| १६ | भेट मेडिसिन र भ्याक्सिन | कोटेसन | सनसाइन भेटेनरी सेण्टर | ३५८०६५ | ३५८०६५ |
| | जम्मा | | | ३८२१८६१ | ३८२१८६१ |
| | वडा कार्यलयको औपाधि खरिद | | | | |
| १ | वडा न २ | सोझै | श्री भेटेरीनरी | ४९९४० | ४९९४० |
| २ | वडा न ३ | सोझै | जीवन भेटेरीनरी एण्ड एग्रो सेन्टर | ५४९७५ | ५४९७५ |
| ३ | वडा न ७ | सोझै | जीवन भेटेरीनरी एण्ड एग्रो सेन्टर | ४९८४५ | ४९८४५ |
| ४ | वडा न ९ | सोझै | बराहि भेट फर्मा | ८१४५६ | ८१४५६ |
| | | | जम्मा | २३६२१६ | २३६२१६ |
| | | | कुल जम्मा | ११३१६०१३ | ११२५५६९८ |

**(ख) औषधीको सदुपयोगः** आर्थिक कार्यबिधी तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ । नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन् । कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन । कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसार बिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०८०।८१ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो । जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो । यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ । यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरी निजहरुबाट असुल हुनु पर्दछ ।

| सि.न | औषधीको नाम | म्याद समाप्त मिति | परिमाण |
|---|---|---|---|
| 1 | Salbutamol Rotacap 200 mcg | 2024-oct-31 | 15 |
| 2 | IUD CuT 380 A Set | 2024-apr-30 | 150 |
| 3 | Glucose Test Strips | 2024-sep-30 | 825 |
| 4 | Disposable Syringe 10 ml | 2023-nov-30 | 10 |
| 5 | Folic Acid 0.4 mg tablet | 2024-aug-31 | 150 |
| 6 | Chlorhexidine Gel 4% (Navi Malam) Tube | 2024-may-31 | 15 |
| 7 | Chlorhexidine gluconate solution 100 ml | 2024-july-31 | 22 |
| 8 | Lignocaine (lidocaine) Hydrochloride gel IP 2% | 2024-may-31 | 1 |
| 9 | Malaria Antigen Rapid Test | 2024-feb-29 | 55 |
| 10 | B.C.G 20 Dose | 2023-oct-31 | 16 |
| | | 2024-may-31 | 9 |
| 11 | Japanese Encephalitis 5 Dose | 2024-feb-09 | 4 |
| | | 2024-may-4 | 8 |
| 12 | Retional (Vitamin A)200 000 I.U.Capsule | 2024-apr-30 | 640 |
| 13 | RUTF (Ezee Paste Nut) packet | 2023-oct-22 | 150 |
| | | 2023-nov-5 | 200 |
| 14 | (HRZE) Isoniazid 75+Rifampicin 150+ Pyrazinamide 400 +Ethambutol 275 mg | 2024-feb-29 | 616 |
| 15 | Adrenaline 1:1000 Injection | 2024-july-31 | 54 |
| 16 | Atropine Sulphate (Atropine 0.6 mg /ml ) | 2023-nov-30 | 15 |
| 17 | Diazepam 5mg/ml 2 ml Injection | 2024-aug-31 | 20 |
| | | 2023--aug-31 | 60 |
| 18 | Diclofenac 25 mg/ml 3ml Injection | 2024-jul-31 | 59 |
| 19 | Hyoscine butybromide 20mg/ml Injection | 2024-july-31 | 460 |
| 20 | Magnesium Sulphate 1g/2ml 50% w.v Injection | 2024-aug-31 | 20 |
| 21 | Ranitidine 25 mg /ml Injection 2ml | 2024-jul-31 | 60 |
| | | 2021-nov-30 | 5 |
| 22 | Determine HIV Test kit (PMTCT) | 2024-apr-17 | 20 |
| 23 | Pills cycle | 2024-jul-31 | 141 |
| 24 | Anti Rabies Vaccine with Syringe | 2024-sep-23 | 8 |
| 25 | (HR) (Child) Isoniazid 50+Rifampicin 75 mg Tablet | 2024-mar-31 | 168 |
| 26 | (HRZ) (Child) Isoniazid 50+Rifampicin 75+ Pyrazinamide 150mg Tablet | 2024-mar-31 | 336 |
| 27 | Vitamin K 0.5 ml Injection | 2024-feb-29 | 200 |
| | | 2024-sep-30 | 85 |
| 28 | Oxytocin 5 IU /ml Injection | 2024-may-31 | 90 |
| 29 | Amitriptyline 25 mg Tablet | 2024-feb 29 | 400 |
| 30 | Sliver sulfadiazine 1% Ointment 25 gm | 2024-may-31 | 1 |
| 31 | Levonorgestrel 1.5 mg Tablet | 2024-aug-31 | 390 |
| 32 | Hand Sanitizer 100 ml | 2023-apr-09 | 25 |
| 33 | Lignocaine (lidocaine) Hydrochloride 2% 30 ml injection | 2024-mar-31 | 77 |

| | | | |
|---|---|---|---|
| 34 | Depo (DMPA-Injectable) | 2024-apr-30 | 135 |
| 35 | Inactivated Polio vaccine (IPV) 1 dose | 2024-oct-11 | 1 |
| | | 2024-feb-24 | 1 |
| 36 | Bandage 15cm *3 m | 2024-oct-31 | 12 |
| 37 | Doxycycline 100 mg Capsule | 2024-jan-31 | 5500 |
| 38 | Typhoid Conjugate Vaccine (TCV) | 2024-jan-31 | 13 |
| 39 | Amoxycillin 250 mg Tablet | 2024-mar-31 | 380 |
| 40 | Dextrose 10% Injection | 2024-oct-31 | 20 |
| 41 | Alprazolam 0.25mg Tablet | 2024-sep-30 | 2000 |
| 42 | Chlorpheirmine Meletae | 2024-oct-31 | 4920 |
| 43 | Metoclopramide 10 mg Tablet | 2023-dec-31 | 500 |
| 44 | Misoprostol 200 mcg Tablet | 2024-jun-30 | 32 |
| 45 | Azithromycin 100mg/ml Syrup | 2024-aug-31 | 1 |
| 46 | Paracetamol 125 mg/ml 60 ml syrup | 2024-mar-31 | 23 |
| 47 | Sulphamethoxazole 200mg/ml + Trimethoprim 40 mg/ml 5ml suspension | 2024-apr-30 | 5 |
| 48 | clove oil 5ml Drop | 2024-aug-31 | 4 |
| 49 | Dengue Test Kit | 2024-sep-08 | 30 |
| 50 | IV Canula 18 g | 2023-sep-30 | 34 |
| 51 | Amoxycillin 500 mg Capsule | 2024-feb-29 | 830 |
| 52 | Determine Chase Buffer | 2024-mar-29 | 2 |

११७ **कृषि, पशु अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ४५ कृषक समूह र २११० कृषकसमेत २१५५ को लागि रु.१,६५,१७,४३५।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्र. सं. | अनुदानको किसिम | व्यक्ति संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दुध र मासुमा आत्मानिर्भर कार्यक्रम | ८ समूह | ४११२७६३ | उन्नत जातको दुहुनो गाई, बाखरा र खोरमा निर्माण |
| २ | व्यवसायमा संलग्न युवालाई प्रोत्साहन कार्यक्रम | ४ कृषक | ३५२००० | उन्नत जातको दुहुनो गाई |
| ३ | उन्नत जातको दुहुनो गाई खरिद वडा नं. ७ | २ समूह | ८८०००० | २० जना लाभग्राहीलाई वितरण |
| ४ | माउ बाख्रा खरिद वडा नं. ६ | १ समूह | १५०००० | |
| ५ | आल विउ पकेट विकास कार्यक्रम ( आलु विउ ) | १३ समूह र ३६९ कृषक | ४३७५०० | |
| ६ | आल विउ पकेट विकास कार्यक्रम ( विषादी ) | १३ समूह | ९८७५० | |
| ७ | बिषादी (बीउ उपचारको लागी) | १ समूह | ९९३५० | |
| ८ | सिँचाइ | १ समूह | ९९३५० | |
| ९ | धालबाली प्रवर्द्धन कार्यक्रम | १० | ३३०५०० | |
| १० | धानको बिउ | ११११ | १३२७४३८ | |
| ११ | गहुको बीउ | ६६ | २१००० | |
| १२ | खाडल र मल | ६ | २४२७०९ | |
| १३ | ड्रम | ११ | ५२२०० | |
| १४ | पाईप वितरण | ३८ | ३८९९४६ | १३००० मि |
| १५ | सुन्तला बिरुवा बितरण | १९ | ३२४०० | १०८० गोटा |
| १६ | कागती बिरुवा वितरण | ७४ | ६६४०० | २५०० गोटा |
| १७ | अमिलो बिरुवा वितरण | १ | ३६४५ | 243 गोटा |
| १८ | मुल धान बीउ खरिद | १ | ६६३५० | |
| १९ | मकै बिउ | ५३ | ४७५०० | |
| २० | धान बिउ खरिद | १ | ९३३०० | |
| २१ | एक फार्म एक तरकारी उत्पादन कार्यक्रम (नगद अनुदान) | २७ | ८८४४७५ | |
| २२ | चक्लाबन्दी | २ सहकारी | ६२३९२९३ | |
| २३ | गोठे मलखाद व्यबस्थापन कार्यक्रम | ११ | २६६६६६ | |
| २४ | मौरी घार | ६७ | १९८९०० | |
| २५ | कृषि चुन वितरण | २४५ | २५००० | |
| | जम्मा | २१५५ | १६५१७४३५ | ४५ समूह र २११० कृषकहरू |

११८ **बीस प्रतिशत लागत सहभागिता**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ४१ मा उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत निम्नानुसार प्रविधि खरिद गरी नयाँ उद्यमीलाई वितरण गरी आपूर्तिकर्तालाई रु.५,७१,५५०।- भुक्तानी गरेको देखिन्छ । पालिकाले २० प्रतिशत रकम उद्यमीबाट उठाई ८० प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा १०० प्रतिशत नै भुक्तानी गरेकोले सो प्रविधिहरु हस्तान्तरण वापतको २० प्रतिशत रु.१,१४,३१०।- सम्बन्धितबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | आपूर्तिकर्ता | प्रविधिको विवरण | परिमाण | रकम भ्याट समेत | २० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ४९२।२०८१।३।१३ | सरल यन्त्र प्रा.लि. | दुना टपरी मेशिन | १ सेट | २६१५५० | ५२३१० |
| ४६१।२०८१।३।२० | चेन्ज इन नेपाल प्रा.लि. | दुना टपरी मेशिन | १ सेट | ३१०००० | ६२००० |
| | | | जम्मा | ५७१५५० | ११४३१० |
| | | | | असुल गर्नुपर्ने | १,१४,३१० |

११९ **प्रधानमन्त्री स्वरोजगार**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा सिढी बनाउने, गोरेटो बाटो निर्माण, सडक निर्माण, चौतारो निर्माण, नाली सरसफाई तथा निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष ९३ जनालाई औसत ६३ दिनले ५८६० दिन रोजगारी उपलब्ध गराई रु.४१,०१,९३०।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१२० **सुरक्षित आप्रवासन परियोजना [SAMI – III]**

१२०.१ बैदेशिक रोजगारलाइ सुरक्षित ब्यबस्थित मर्यादित उपलब्धिमूलक एवं शोषणरहित बनाउन नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौता भइ सुरक्षित आप्रवासन परियोजना (Safer Migration Programe: SAMI) सामी कार्यन्वयनमा रहेकोमा तेस्रो चरणको समयावधि २ वर्ष थप भइ २०७९ श्रावण १ देखि २०८१ असार ३१ सम्म कायम भएको छ। तेश्रो चरण श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय अन्तरगत संचालनमा रहेको छ । ३८ जिल्लाका १५६ स्थानीय तहमा संचालित यो परियोजना २०७५ भाद्र १ देखि संचालनमा रहेको मध्ये यस पालिकामा पनि संचालनमा रहेको छ ।यस परियोजना अन्तर्गत योवर्ष विनियोजन भएको रकम रु २७ लाख मध्ये रु. २६९८९२८। खर्च भएको छ।पालिकाले सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ। सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम कार्यक्रमको उद्धेश्य अनुरुपको कार्यक्रम कार्यान्वियनको जिम्मेवारी स्थानीय तहको हुने भएकोले पालिकाले कार्यक्रमको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन पेश गरेको नदेखिएकोले पेश गर्नुपर्दछ। साथै यस स्थानीय तहले उक्त कार्यक्रमको अनुगमन समेत गरेको पाइएन । नेपाल सरकार र स्वीस सरकारको द्धीपक्षीय सम्झौतामा उल्लेख भए अनुसार यस स्थानीय तहले Matching Fund समेत बनाएको पाइएन ।

१२०.२ सामी कार्यक्रम संचालन गर्न सहयोगी संस्थाको रुपमा गोरखा जिल्लामा यो कार्यक्रमा लागु भएका ४ स्थानीय तह (गोरखा नगरपालिका, पालुङ्टार नगरपालिका, बारपाक सुलिकोट गाउँपालिका र शहिद लखन गाउँपालिका)ले संयुक्त रुपमा २०७९।६।३१ देखि २०८१।३।३१ सम्मको लागि एकीकरण नेपाल नामक गैह्र सरकारी संस्थासंग सम्झौता गरी कार्यक्रम संचालन गर्दै आएको पाइयो। उक्त संस्थासंग भएको संझौता समय आधारित (Time Based Contract) भएको व्यहोरा सम्झौतामा उल्लेख गरिएको छ । सम्झौताको Appedix A

Terms of Reference को दफा ग.४.९ मा परामर्शदाताले संचालन र व्यवस्थापन गर्नुपर्ने प्रमुख कृयाकलापहरु उल्लेख रहेका छन् । दफा छ.२. मा उक्त कृयाकलापहरु संचालन गर्न आवश्यक पर्ने पद, योग्यता, जनशक्ति र कार्य गर्नुपर्ने अवधिको उल्लेख छ । Appedix D मा संस्थामा नियुक्त भएका जनशक्तिले समय र कामको आधारमा पाउने पारिश्रमिक लगायतको सुबिधाहरुको सम्वन्धमा उल्लेख छ । उक्त सस्थाले सम्झौताको २ बर्षको अवधिमा के कस्ता योज्ञता भएका जनशक्तिहरु नियुक्त गरी उनिहरुले कहिले कहिले के कति परिमाण र गुणस्तरमा कार्य सम्पादन गरेको सोको आधार प्रमाण र पुष्ट्याइ पेश गरेको देखिएन । संस्थाले चौमासिक रुपमा पेश गरेको संक्षिप्त रुपको भौतिक र वित्तीय प्रगति प्रतिवेदनको आधारमा कार्यालयले भुक्तानी गरेको जनाएकोमा सम्झौताका उक्त प्रावधानहरु पुरा गरेको देखिने गरी बिस्तृत प्रतिवेदन पेश भएको नदेखिएकोले पेश हुनु पर्दछ ।

१२०.३ त्यसैगरी सम्झौताको Appedix A Terms of Reference को दफा ट. मा परामर्शदाताले करार सम्झौता सम्पन्न भए पछि प्रतिवेदन खण्ड ञ. मा उल्लेख भए बमोजिमको अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने, कार्य प्रगति प्रतिवेदन देखिने गरी तथ्याङ्क सहित संकलन भएको तथ्याङ्क, नक्सा, सर्वेक्षण प्रतिवेदनहरू र कार्य स्वीकार प्रतिवेदन समन्वयकर्तालाई बुझाउनु पर्ने प्रावधान रहेकोमा सो बमोजिम प्रतिवेदनहरू तयार गरी बुझाएको देखिन नआएको र संक्षिप्त प्रतिवेदन मात्र पेश भएको देखिएकोले सो बमोजिम देखिने गरी बिस्तृत रुपको प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,९८,९२८ |

## १२१ **सामाजिक सुरक्षातर्फ**

१२१.१ पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता बापत रु २५७४१०१८३। वितरण भएकोमा मृतक लाभग्राहीको जम्मा फिर्ता रकम यकिन हुन नसकेको र श्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने बैङ्क मार्फत वितरण गर्नुपर्ने नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अध्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।लेखापरीक्षण योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अध्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अध्यावधिक नभएकोले मृत्यु भई लाभग्राही सुचिबाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैङ्कमा निकासा जाने गरेको देखियो । लाभग्राही लागत अध्यावधिक गरि सोही आधारमा निकासा वयवस्थापन गर्नुपर्छ ।

(ख) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा निष्क्रिय लाभग्राहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । गाउँपालिकाले निष्कृय लाभग्रहीको खाताको विवरण माग गरी लगत अध्यावधिक गर्नु पर्दछ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५, को परिच्छेद ४, दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गते बाट दोस्रो हप्ता भित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने भएकोले समयमै सामाजिक सुरक्षा भता वितरण गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण समयमै अद्यावधिक हुन नसकेको देखिएकोले समयमै अद्यावधिक गर्नुपर्ने देखिन्छ।

१२१.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ को ११ मा उल्लेख भएबमोजिम मृत्यु भएका लाभग्राहीको मृत्यु भएपश्चात लाभग्राहीको प्रचलित कानुन वमोजिम लगत कट्टा गरी नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई

प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाई अद्यावधिक गर्नेपर्ने उल्लेख छ ।मृत्यु पश्चात अवधिसम्म पनि लाभग्रहीको खातामा रकम जम्मा भई बढी रकम भक्तानी भएको देखियो।यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित लाभग्राहीबाट असुलउपर गर्नुपर्ने रु

| क्र.स. | नाम थर | ना.प्र.न. | वडा न. | लगत कट्टा हुनु पर्ने मिति | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | खिल बहादुर दमै | ९५५ | १ | ०८/०६/२०८० | २७,४४७ |
| २ | मानबहादुर गान्धारी | ७२३ | २ | ०९/०९/२०८० | २,७९३ |
| ३ | डोल माया पोखरेल | ३५ | २ | ११/०६/२०८० | १९,१९२ |
| ४ | दिल बहादुर सार्की | ६३२८ | २ | ०६/२०/२०८० | १,३३० |
| ५ | हुम कुमारी पन्त | ३३ | ६ | ०९/२४/२०८० | १६,७९८ |
| ६ | डिल्लीराम रेग्मी | ४४३० | ६ | ०५/३०/२०८० | ३४,६०० |
| ७ | श्रीमती जौ माया कामी | १७४ | ७ | ०६/१५/२०८० | २,००० |
| ८ | पूर्ण बहादुर कुमाल | ३६७२ | ७ | ०७/१७/२०८० | ९,७२९ |
| जम्मा | | | | | ११३,८८९ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,८५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२०,५३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,४५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,७२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२६,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४३,८५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,१३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,१९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१३,८८९ |

१२२ **आन्तरिक लेखापरीक्षबाट कायम व्यहोराहरू**

१२२.१ **मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्वन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत सम्भार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. २४,९९,६४७।- खर्च देखिएको हुदा ट्रिपर लगायतका साधनहरुको उपयोग र प्रयोगको औचित्यता पुष्टि हुने देखिदैन ।

| सि.नं. | सवारी साधनको नाम | मर्मत |
|---|---|---|
| १ | ग १ झ ८२७९ प्राडो | ५२४७६६ |
| २ | ग १ झ २७३ बोलेरो | ३४४३६८ |
| ३ | ग १ ग १४३ ट्रिपर आईचर | २३६८७४ |
| ४ | ग १ ग ३३२ स्कार्पियो | ६७०२७९ |
| ५ | ग १ ग १५६ टाटा | ९९११९ |
| ६ | सववाहन | ८३१०३ |
| ७ | मोटरसाइकल | ५४११३८ |
| | जम्मा | २४९९६४७ |

१२२.२ **खरिदः** पालिकाले वार्षिक स्वीकृत बजेट अनुसार विभिन्न सामान खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-२ दफा ४ र ५ को सार्वजनिक निकायले मालसामान खरिद गर्नुअघि त्यस सम्वन्धी स्पेशिफिकेशन तयार गरी स्वीकृत गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-२ नियम ९ र ११ अनुसारको लागत अनुमान तयार गरी नियम १२ अनुसार तोकिएको अधिकारीबाट स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले गरेको खरिदमा उक्त कानूनको पालना नगरेको देखिन्छ जसका केही नमुना तपशिल बमोजिम छन्।

| गो.भौ./मिति | कार्यक्रमको नाम | खरिद गरि भुक्तानी गरिएको रकम रु. | कैफियतः |
|---|---|---|---|
| विभिन्न | जेष्ठ नागरिक दलित महिला लक्षित कार्यक्रम २ | ३०००००।- | विभिन्न प्रकृतिका कार्यक्रमहरु |
| विभिन्न | १० वटै वडाहरुको मसलन्द तथा कार्यालय सामग्री खरिद कार्यक्रम | ३००००००/- | मसलन्द तथा कार्यालय सामान खरिद) |
| ४०५।२०८०।१०।२४ | पिपलटारी महिला समुह टेन्ट खरिद कार्यक्रम | १०००००।- | टेन्ट खरिद |

१२२.३ **ईन्धन खर्चः** सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ का ३० जना कर्मचारी दरवन्दी रहेको कार्यालयका मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको ईन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी ईन्धन तर्फ रु.३५,०८,८१६।- खर्च गरेको छ। कार्यालयले ईन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। ईन्धनमा भएको खर्चको वास्तविकता एकिन गरी असूल फस्यौट गर्नुपर्दछ। अतः ईन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

| क्र.सं. | सवारी साधनको नाम | इन्धन | | |
|---|---|---|---|---|
| | | लिटर | रकम रु | कुल रकम |
| १ | ग १ झ ८२७९ प्राडो | १७९५ | १६८ | ३०१५६० |
| २ | ग १ झ २७३ बोलेरो | २५४८ | १६८ | ४२८०६४ |
| ३ | ग १ ग १४३ ट्रिपर आईचर | १६१० | १६८ | २७०४८० |
| ४ | ग १ ग ३३२ स्कार्पियो | ३२४० | १६८ | ५४४३२० |
| ५ | ग १ ग १५६ टाटा | ९६० | १६८ | १६१२८० |
| ६ | सवहान | १४१० | १६८ | २३६८८० |
| ७ | मोटरसाइकल | ९१०६ | १७२ | १५६६२३२ |
| | जम्मा | | | ३५०८८१६ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ अनुसूची-७ ले ढुंगा, गिट्टी ग्राभेल र बालुवा लगायत नदीजन्य वा खानीजन्य पदार्थको उत्खनन्, संकलन, प्रयोग, बिक्री तथा निकासीमा प्रतिघनफिट रु.९। का दरले शुल्क असुल गर्नुपर्ने व्यवस्था गरेको छ । यस पालिकाको खर खोलामा नदी नियन्त्रणको कार्य गर्ने ठेक्का नं ०२-०८०।०८१ का निर्माण व्यवसायी शिव निर्माण सेवाले रु १६२७४४३७।०४ को नदी नियन्त्रणको कार्य गरी गो.भौ.नं १५,२४ र ३० बाट भुक्तानी लिएको छ । निजले उक्त नदी नियन्त्रणको कार्य अन्तरगत ग्यावियन बक्समा ढुंगा भर्ने कार्यको लागि १४१६३.८० घनमिटर ढुंगा प्रयोग गरेको पाइयो । कानुन वमोजिम १४१६३.८० घनमिटरको लाग्ने रु.४५०२३८९।–र उक्त रकममा लाग्ने मू.अ.कर र १.५ प्रतिशत अग्रिम आयकर रु ६५२८४७। समेत हुने रकम रु ५१५५२३७। लाग्नेमा निर्माण व्यवसायी मार्फत निर्माण कार्य गर्दा योजना संचालन गरेको ठाउमा प्रयोग भएका खानीजन्य वा नदीजन्य पदार्थहरु ढुंगा, गिट्टी, बालुवा आदि प्रयोग गर्दा गण्डकी प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्वन्धित स्थानिय तहमा बुझाउनु पर्ने प्रावधान रहेता पनि निर्माण व्यवसायीले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिँदा नियमानुसार उक्त राजश्व बुझाएको प्रमाण पेश गरेको देखिएन। उक्त निर्माण व्यवसायीले कार्यालयबाट ठेक्का विलको भुक्तानी लिँदा नियमानुसार उक्त निर्माण सामग्रीहरु प्रयोग गरेकोमा रोयल्टी तिरी निर्माण सामग्री प्रयोग गरेको सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने प्रवन्ध गर्नुपर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पालुङटार नगरपालिका, गोरखा , पालुङटार नगरपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Gautam Bhandari | २०७९-४-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Suvan sharma | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३,७२६,५८७.८२ | १५,९५२,४४३ | २९,९८६,५८१ | ० | ० | १००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५९,७६५,६११.८२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६,२१२,९१३.४९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५३,५५२,६९८.३३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २२३०४९७१३.९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५०७७३०९४६ | चालु खर्च | ५०७५९४७७५.८३ |
| प्रदेश सरकारबाट अनुदान | २४९६६९६९ | पूँजीगत खर्च | ३२६८७१२४० |
| राजश्व बाँडफाँट | १०८७०३०४९.४ | वित्तीय/अन्य व्यवस्था | २६७२२५८१५.५७ |
| आन्तरिक आय | ४५९६६४६२.०८ | | |
| अन्य आय | २९३३४२१४६.५८ | | |
| कुल आय | ९८०७०९५७३.०६ | कुल खर्च | ११०१६९१८३१.४ |
| बाँकी मौज्दात | | १०२०६७४५५.५६ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।